# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१ को

नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१ को

नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन

प्रतिलिपि अधिकार © राष्ट्रिय योजना आयोग

**प्रकाशक**
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाण्डौ, नेपाल
टेलिफोन नं. ९७७ -१- ४२११००४, ४२१११३२
www.npc.gov.np

# राष्ट्रिय योजना आयोग



**सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली**
सम्माननीय प्रधानमन्त्री एवं अध्यक्ष



**प्रा. डा. शिवराज अधिकारी**
उपाध्यक्ष



**श्री एकनारायण अर्याल**
मुख्यसचिव एवं पदेन सदस्य



**प्रा. डा. आर. पी. विच्छा**
सदस्य



**डा. रमेश प्रसाद सिंह**
सदस्य



**डा. प्रकाश कुमार श्रेष्ठ**
सदस्य



**श्री गीता कुमारी पौडयाल अधिकारी**
सदस्य



**डा. जय बहादुर टण्डन**
सदस्य



**श्री गंगादत्त अवस्थी**
सदस्य



**डा. रामप्रसाद घिमिरे**
अर्थ सचिव एवं पदेन सदस्य



**श्री मधुकुमार मरासिनी**
सदस्य सचिव

# मन्तव्य

राष्ट्रिय योजना आयोगले आफ्नो चारवटा कार्यक्षेत्रको सीमा भित्र रही आर्थिक वर्ष २०८०/८१ मा केही महत्वपूर्ण र प्रमुख कार्यहरु सम्पन्न गरेको छ । दीर्घकालीन नीति, २१००ले तय गरेको "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य हासिल गर्न आवधिक योजनाहरुको विस्तृत अध्ययन गरेर विगतमा तर्जुमा भएका क्षेत्रगत योजनाबाट तहगत योजना तर्जुमा कार्यलाई सहज गराउने उद्देश्यले सोह्रौं योजनालाई साङ्केतिकरुपमा विभिन्न १३ वटा विषयगत क्षेत्रहरु समेटी"सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच सहित तर्जुमा गरिएको छ। आ.व. २०८१/८२ को वार्षिक विकास कार्यक्रम सहित मध्यमकालीन खर्च संरचना (आ.व. २०८१/८२ - आ.व. २०८३/८४) को तर्जुमा र प्रकाशन गरिएको छ । सार्वजनिक निजी लगानीको अवधारणा अनुरुप सरकार र सार्वजनिक संस्थानबाट आयोजनामा हुने लगानीको प्रभावकारिता वृद्धि गर्न सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना(२०८१/८२-२०८५/८६) तयार पारिएको छ।

अतिकम विकसित राष्ट्रबाट हुने स्तरोन्नतीलाई दिगो र टिकाउ राख्नका लागि राष्ट्रिय आवश्यकता अनुरुपका विकासका क्षेत्रहरु समेटी अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति सम्बन्धी सहज स्थानान्तरण रणनीति, २०८० (LDC Graduation Smooth Transition Strategy, 2023 तर्जुमा गरिएको छ । विश्वव्यापी विकासको साझा एजेण्डाको रुपमा स्वीकार गरिएको दिगो विकास लक्ष्य, २०३० को कार्यान्वयनबाट नेपालले हासिल गरेको हालसम्मको प्रगति सामावेश गरी दिगो विकास लक्ष्यहरु, २०३० को स्वेच्छिक राष्ट्रिय समीक्षा (Voluntary National Review of Sustainable Development Goals, 2024) दस्तावेजतयार गरी संयुक्त राष्ट्रसंघको उच्च तहको राजनीतिक मञ्चमा पेश गरिएको छ ।

अनुगमन तथा मूल्याङ्कनलाई तथ्यपरक, विश्वसनीय, गुणस्तरीय, व्यवस्थित, नतिजामुखी, पारदर्शी रप्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन ऐन , २०८०, आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० र ठूला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८० तर्जुमा भई कार्यान्वयनमा आएको छ । यस आर्थिक वर्षमा राष्ट्रिय विकास समस्या समाधान समितिको एकाउन्नौं र बाउन्नौं बैठकहरु सम्पन्न भई विकास व्यवस्थापन प्रक्रियामा देखिएका अवरोध / समस्याहरु समाधान गर्न केही महत्वपूर्ण निर्णयहरु लिइएको छ । यस अवधिमा राष्ट्रिय गौरवका, रुपान्तरणकारी तथा ठूला आयोजनाहरुको स्थलगत अनुगमन गरिएको छ । समपूरक र विशेष अनुदान मार्फत् प्रदेश र स्थानीय तहहरुमा सञ्चालित

आयोजना/कार्यक्रमहरुको विद्यमान अवस्था, विश्लेषण तथा प्रभावकारिता सम्बन्धी अध्ययन गरिएको छ ।

विकास व्यवस्थापनको विभिन्न चरणहरुमा विभिन्न समस्याहरु देखा परेका छन् । गुरुयोजना, आवधिक योजना र दिगो विकास लक्ष्यहरुबीच तादम्यता कायम गर्न नसकिएको, जग्गा प्राप्तिमा कानूनी, प्रक्रियागत र व्यवहारिक जटिलता भएको, प्रदेश र स्थानीय तहहरुमा आयोजना बैंकलाई संस्थागत गर्न नसकिएको, आयोजनाहरु सम्पन्न नभई वर्षेनी नयाँ आयोजना थपिदा कार्यान्वयनमा रहेका आयोजनाका लागि पर्याप्त बजेट विनियोजन हुन नसकेको, प्राविधिक तथा दक्ष जनशक्तिको समुचित व्यवस्थापन हुन नसकेको, सूचकका आधारमा अनुगमन गर्ने प्रणालीको विकास हुन नसकेको प्रमुख समस्याहरु छन्। यी समस्याहरुलाई व्यवस्थापन र समाधान गर्न राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको विकासको समग्र दिशा एवम् गतिविधिलाई निर्देशन गर्ने साङ्केतिक योजनाको स्वरुपमा तर्जुमा गरिएको छ। संघीय तहको विभिन्न मन्त्रालयसँग र प्रदेशस्तरमा समन्वय, छलफल तथा अन्तर्क्रीया कार्यक्रम मार्फत अन्तर मन्त्रालय तथा अन्तर प्रदेश समन्वय कायम गर्न प्रयास गरिएको छ । अनुगमन तथा मूल्याङ्कन ऐनको तर्जुमा गरी नियमावली तर्जुमाको कार्य अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई अझ व्यवस्थित गर्ने प्रयास गरिएको छ ।

अन्त्यमा, यस वार्षिक प्रतिवेदन तयारी सहित आयोगको कार्यसम्पादनमा आ-आफ्नो तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गरी आयोगको कर्तव्य र जिम्मेवारी निष्ठापूर्वक बहन गर्न सहयोग पुर्याउनु हुने आयोगका सम्पूर्ण माननीय सदस्यहरु, सदस्य-सचिव, कर्मचारीहरु, साझेदार निकाय र सरोकारवालाहरुलाई हार्दिक धन्यवाद गर्न चाहान्छु ।

प्रा.डा. शिवराज अधिकारी
उपाध्यक्ष
असोज, २०८१

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः २०८१/८२
चलानी नं. ६५

मितिः २०८१/०६/१५

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौं ।

**विषयः आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा २३ को व्यवस्था अनुसार यस आयोगले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेको प्रमुख काम तथा हासिल गरेका उपलब्धिहरुको वार्षिक प्रतिवेदन आयोगको मिति २०८१/०६/१० गतेको निर्णयानुसार प्रस्तुत गरेको व्यहोरा सादर अनुरोध गर्दछु।

(मधुकुमार मरासीनी)
सदस्य सचिव

# विषयसूची


परिच्छेद- एक ..... १

परिचय ..... १

१.१ पृष्ठभूमि ..... १

१.२ राष्ट्रिय योजना आयोगको परिचय ..... २

१.३ राष्ट्रिय योजना आयोगको ऐतिहासिक पृष्ठभूमि ..... ३

१.४ राष्ट्रिय योजना आयोगको गठन ..... ६

१.४.२ आयोगको संगठन संरचना ..... ७

१.५ राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार ..... ७

१.६ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था ..... १५

परिच्छेद- दुई ..... १९

सम्पादित कार्यहरु ..... १९

२.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा अन्तर्गत ..... १९

२.२ अनुगमन तथा मूल्याङ्कन ..... २२

२.३. तहगत समन्वय एवं सहकार्यात्मक संघीयता सुदृढीकरण ..... २५

२.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण ..... २७

२.५ आयोगबाट सम्पादित अन्य कार्यहरु ..... २८

परिच्छेद-तीन ..... ३३

नेपालमा विकास व्यवस्थापनको वर्तमान अवस्था, प्रमुख मुद्धा र राष्ट्रिय योजना आयोगका चुनौती र सुधारहरु ..... ३३

३.१ विद्यमान अवस्था ..... ३३

३.२. विकास व्यवस्थापन सम्बन्धी समस्या ..... ३५

३.३. विकास प्रक्रियाका मूलभूत सवाल तथा चुनौतीहरु ..... ३८

३.४. विकास व्यवस्थापनको सुधारको लागि राष्ट्रिय योजना आयोगले गरेका प्रयासहरु ..... ४१

३.५ राष्ट्रिय योजना आयोगले सामना गरेका वर्तमान चुनौतीहरु ........ ४२
३.६ राष्ट्रिय योजना आयोगले आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरु .. ४४
३.७ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरु ...................... ४६
अनुसूची – १ ........ ४८
राष्ट्रिय योजना आयोगको स्वरूप ........................................ ४८
अनुसूची – २ ........ ४९
राष्ट्रिय योजना आयोगका वर्तमान पदाधिकारीज्यूहरु तथा कर्मचारीहरुको विवरण.................................................................. ४९
अनुसूची – ३ ........ ५९
राष्ट्रिय विकास समस्या समाधान समितिको स्वरूप ........................ ५९
अनुसूची – ४ ........ ६०
५० औं र ५१ औं राष्ट्रिय विकास समस्या समाधान समितिमा गरिएका निर्णयहरुको कार्यान्वयनको स्थिति ........................................ ६०
अनुसूची–५ ........ ६०
तालिका ५.१: राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठक निर्णयहरु र कार्यान्वयन स्थिति ..............................................६०
तालिका ५.२: राष्ट्रिय विकास समस्या समाधान समितिको ५२औं बैठक निर्णयहरु र कार्यान्वयन स्थिति ..............................................६५
अनुसूची – ६ ........ ७३
राष्ट्रिय योजना आयोगको बैठकका निर्णयहरु ...............................७३
अनुसूची – ७ ........ १०५
अनुसूची ८ ........ १०८
मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८१/८२-२०८३/८४)..१०८
आर्थिक वर्ष २०८१/८२ को विकास कार्यक्रम तथा बजेटको बाँडफाँट........१२५

# परिच्छेदः एक

# परिचय

## १.१ पृष्ठभूमि

संविधानले मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने परिकल्पना गरेको छ। यस परिकल्पनालाई मूर्तरुप दिन क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकास गर्न विकासको आवधिक योजना, दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरु तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने मार्गचित्र तय गरिएकोछ। यही मार्गचित्रमा अग्रसर हुन नेपालको समग्र विकासको खाका कोर्ने दीर्घकालीन सोंच सहितको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक हुन्छ।यस परिदृष्यमा राष्ट्रिय योजना आयोगको आवश्यकता र औचित्य महशुस गरी आयोगको स्थापना र कार्यसञ्चालनमा आएको हो।

राष्ट्रिय योजना आयोगको प्रमुख कार्यक्षेत्र र जिम्मेवारी तथ्यपरक योजना तथा दीर्घकालीन सोंच तर्जुमा गर्ने, अध्ययन अनुसन्धान र अन्वेषण, अनुगमन तथा मूल्याङ्कन र तहगत समन्वय गर्ने जिम्मेवारी रहेका छन्। यी जिम्मेवारीहरु भित्र तथ्यपरक क्षेत्रगत नीति एवम् रणनीतिहरू तयार गरी विकासका कार्यक्रमलाई लक्षित दिशामा निर्देशित गर्ने, यस सम्बन्धमा तहगत समन्वय गर्ने, राष्ट्रिय गौरव, रुपान्तरणकारी एवं ठूला आयोजनाहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरी तथ्यमा आधारित पृष्ठपोषण उपलब्ध गराउने, विकास प्रक्रियामा अनुभूत गरिएका वा सम्भावित समस्या एवम् व्यवधानको सहजीकरण गर्ने र नेपाल सरकारको विकास सल्लाहकारको भूमिका निर्वाह गर्ने प्रमुख जिम्मेवारी राष्ट्रिय योजना आयोगले पूरा गर्दै आएको छ। आयोगले दीर्घकालीन

सोचसहितको कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत तथा कार्यक्रम कार्यान्वयनमा देखापर्ने जटिलताको प्रभावकारी समन्वय, सरलीकरण, स्रोतको आँकलन, पहिचान र प्राथमिकीकरणका आधारमा न्यायोचित वितरण, वित्तीय संघीयताको कार्यान्वयन र मध्यमकालीन खर्च संरचनाको सुदृढीकरण, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास र तथ्याङ्क प्रणालीलाई वैज्ञानिक, भरपर्दो र पहुँच योग्य बनाउने दायित्वलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ।

## १.२ राष्ट्रिय योजना आयोगको परिचय

राष्ट्रिय योजना आयोग देशको विकास योजना तर्जुमा गर्ने तथा नीति तर्जुमामा सरकारलाई सल्लाह दिने प्रमुख निकाय हो। यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनको लागि केन्द्रीय निकायको रूपमा कार्य गर्दछ। यसैगरी यस आयोगले देशको आर्थिक विकास सम्बद्ध विषयहरूमा बहस, छलफल र नीति निर्माणको लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ ।

आयोगको वर्तमान संगठन संरचना र यसका बिभिन्न कार्यहरू आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ मा व्यवस्था गरिएको छ।प्रधानमन्त्री अध्यक्ष रहने आयोगमा नेपाल सरकारबाट नियुक्त एकजना उपाध्यक्ष सहित सात(७) जना सदस्यहरु रहने व्यवस्था रहेको छ। आयोगमा नेपाल सरकारका मुख्य सचिव र अर्थ सचिव आयोगको पदेन सदस्यको रूपमा रहने व्यवस्था छ। आयोगका सदस्य सचिवले आयोगको प्रशासकीय प्रमुखको रूपमा समेत कार्य गर्ने व्यवस्था रहेको छ।

१.३ राष्ट्रिय योजना आयोगको ऐतिहासिक पृष्ठभूमि

योजनावद्ध विकास प्रक्रियाको प्रारम्भसँगै वि.सं.२०१३ मा प्रथमपटक योजना आयोगको नामबाट प्रधानमन्त्रीको अध्यक्षतामा योजना निर्माण गर्ने निकाय गठन भएको थियो। यसलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ अनुसार त्यही वर्ष योजना मण्डलको स्थापना भएको थियो ।

योजना तर्जुमा गर्ने जिम्मेवारी बाहेक योजना मण्डललाई विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो । वि.सं.२०१७ मा बहुदलीय व्यवस्थालाई अन्त्य गरिएसँगै तत्कालीन राजा श्री ५ महेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा राष्ट्रिय योजना परिषद् (National Planning Council) को स्थापना भएको र परिषद्को निर्णय मन्त्रिपरिषद्को निर्णय बराबरको मान्यता दिई परिषद्लाई आर्थिक योजना तथा नीति निर्माणको लागि अधिकार प्राप्त निकायको रूपमा स्वीकार गरिएको थियो । प्रारम्भमा परिषद्लाई सहयोग पुऱ्याउन छुट्टै एउटा सचिवालयको स्थापना भएको थियो। यद्यपि, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भए पश्चात सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक सहायता सम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद् अन्तर्गत ल्याइयो ।

वि.सं. २०२० मा राष्ट्रिय विकास परिषद् विघटन भयो र केन्द्रीय रूपमा योजना निर्माण गर्ने निकाय मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने गरी साविककै नाम दिई अर्को परिषद गठन गरियो। मन्त्रिपरिषद्का सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुने गरी आर्थिक विकास (Economic affairs) मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो ।

वि.सं. २०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयलाई दिइयो। मन्त्रिपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्लाई प्रतिस्थापन गरी प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोग बनाई यसलाई सघाउन छुट्टै सचिवालय स्थापना गरियो। वि.सं. २०२९ मा तयार गरिएको एउटा बृहत अध्ययनको प्रतिवेदनबाट प्रस्ताव गरे अनुसार केन्द्रीय योजना निर्माण सम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी पुनर्गठन गरियो ।

वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरुपमा सामान्य परिवर्तन गरियो। वि.सं. २०४८ मा पनि राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको थियो। पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको ५ जना सदस्यहरू र एक जना सदस्य सचिव रहने व्यवस्था गरियो। मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा समावेश गरियो।वि.सं. २०६२/६३ को पश्चातको अन्तरिम संविधान जारी भएसँगै तत्कालीन सरकारले आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश,२०६७ जारी गऱ्यो । वि.सं. २०७२ असोज ३ गते नेपालको संविधान जारी भए पश्चात मिति २०७४ साल फाल्गुण २८ गतेको नेपाल सरकारको निर्णयबाट राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ लागू भई राष्ट्रिय योजना आयोगको पुनर्गठन गरिएको छ। हाल राष्ट्रिय योजना आयोग सोही गठन आदेशमार्फत कार्यसञ्चालनमा रहेको छ। यसको ऐतिहासिक विकासक्रमलाई चित्र नं १ मा प्रस्तुत गरिएको छ :-

चित्र नं १: राष्ट्रिय योजना आयोगको ऐतिहासिक विकासक्रम




वर्तमान अवस्थामा आयोगको भूमिका र कार्य जिम्मेवारीहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा समेत उल्लेख छ । राष्ट्रिय योजना आयोगको गठन तथा कार्यसञ्चालन आदेश, २०७४ मा आयोगको काम, कर्तव्य, अधिकार र जिम्मेवारी स्पष्ट रूपमा व्यवस्था गरिएको छ । आयोगको सांगठानिक संरचनामा सात(७) वटा महाशाखाहरू रहेका छन्। आर्थिक व्यवस्थापन, दिगो विकास तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा, पूर्वाधार तथा उत्पादन, अनुगमन तथा मूल्याङ्कन महाशाखा, अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा, प्रशासन महाशाखा, र सामाजिक विकास महाशाखा रहेका छन्। विभिन्न महाशाखा अन्तर्गत अनुसूची-२ मा आयोगमा कार्यरत कर्मचारीहरुको सूची समावेश गरिएको छ।

राष्ट्रिय योजना आयोगको विकासक्रम, आयोगको काम, कर्तव्य र अधिकार, संस्थागत तथा कार्यगत व्यवस्था, गत आर्थिक वर्षमा सम्पादित प्रमुख कार्य तथा उपलब्धीहरु, आयोगको काम कारवाहीमा देखापरेका समस्या तथा चुनौतीहरु र आयोगको भावी कार्यदिशा समेटेर राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा २३ (१) को व्यवस्था अनुसार प्रतिवेदन तयार गरिएको छ। आयोगको कार्यजिम्मेवारी भित्र रही गतवर्ष राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्था(अनुसूची-४ र ५), आयोगबाट भएका आन्तरिक मूल्याङ्कनका निचोड, आयोगले तर्जुमा तथा प्रकाशन गरेका विकास कार्यक्रम तथा आयोजना सम्बन्धी मापदण्ड र मार्गदर्शन, विनियोजित बजेट र खर्चको अवस्था र आयोगको पूर्ण र नियमित बैठकबाट भएका निर्णयहरु तथा आयोगबाट भएका मुख्य अध्ययनका निचोडहरुलाई प्रतिवेदनमा समावेश गरिएको छ ।

## १.४ राष्ट्रिय योजना आयोगको गठन

### १.४.१ आयोग गठनको आधार

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/११/२८ को बैठकले राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत गरे बमोजिम अनुसूची १ मा राष्ट्रिय योजना आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु सम्मिलित समितिको संरचना समावेश गरिएको छ।

आयोगका उपाध्यक्ष र सदस्यहरुले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्य गर्ने ब्यवस्था रहेको छ। आयोगका सदस्यको नियुक्ति गर्दा देहाय बमोजिमको विषय क्षेत्रको प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था रहेको छ।

(क) आर्थिक विकास,

(ख) सामाजिक विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा,

(घ) अन्य प्राकृतिक स्रोत र मानवस्रोत व्यवस्थापन र

(ङ) सुशासन तथा व्यवस्थापन ।

माथि उल्लेख गरिएको विषय/क्षेत्र आयोगको कार्यक्षेत्र पनि हुन्।

### १.४.२ आयोगको संगठन संरचना

प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय योजना आयोगको हालको संगठन संरचनामा पूर्णकालीन उपाध्यक्ष, एक जना महिला सहित बढीमा ७ जना सदस्यहरू र एक जना सदस्यसचिव तथा नेपाल सरकारका मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यको रूपमा रहने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/१/११ को बैठकले माथि उल्लिखित व्यवस्था अनुसार गठन गरेको आयोगको स्वरुप अनुसूची -१ मा संलग्न छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/२/१३ मा स्वीकृत आयोगको वर्तमान संगठन संचरना अनुसार गठन आदेशको दफा १७ को व्यवस्था अनुरुप आयोगको प्रशासनिक नेतृत्व नेपाल सरकारको निजामती सेवाको विशिष्ट श्रेणीको सचिवले गर्ने रहेको छ। आयोगका प्रशासकीय प्रमुखको रुपमा रहने सचिवले आयोगको सदस्य सचिवको समेत कार्य सम्पादन गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.५ राष्ट्रिय योजना आयोगको काम, कर्तव्य र अधिकार

### १.५.१ राष्ट्रिय योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ मा उल्लेख गरिए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्

**(क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा**

१. मुलुकको समग्र समृद्धिकालागि दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,

२. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,

३. सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा संघीयस्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी सहमति दिने,

४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,

५. राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने,

६. अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरूको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने,

७. अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरूको तर्जुमा गर्ने, गराउने,

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,

९. अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र संप्रेषण गर्ने, गराउने ।

**(ख) अनुगमन तथा मूल्याङ्कन**

१. मुलुकको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको बिश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका बिभिन्न निकायहरूमा लागू गरी संस्थागत गराउने,

२. मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधार गराउने,

३. अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदारबीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी बिशेषज्ञताको विकास गर्ने/गराउने।

**(ग) तहगत समन्वय**

संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने।

**(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण**

१. कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रियस्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने।

२. प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने ।

३. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा, प्राकृतिक स्रोत व्यवस्थापन र सुशासन तथा व्यवस्थापन लगायत विभिन्न विषयगत क्षेत्रको उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने ।

**१.५.१ अन्य कानुनमा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

**(क) आर्थिक कार्यविधी तथा वित उत्तरदायित्व ऐन, २०७६**

**ऐनको दफा ६ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने**

- राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नु पर्ने,
- राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाई लागत, आयोजना वा कार्यक्रम सचालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने ।

**ऐनको दफा ७ बमोजिम स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नु पर्ने**

- राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ पन्ध्र गतेभित्र गरिसक्नु पर्ने,

- राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने,
- स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नु पर्ने,
- स्रोतको अनुमान भएपछि चालू वर्षको मध्यकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नु पर्ने,
- स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्ने ।

**ऐनको दफा ८ बमोजिम बजेट सीमा र मार्गदर्शन पठाउने दायित्व योजना आयोगको रहेको**

- राष्ट्रिय योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका समेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालू आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाउनु पर्ने ।

**ऐनको दफा ९ बमोजिम बजेट प्रस्तावमा छलफल गरी अर्थ मन्त्रालयमा पठाउनु पर्ने**

- लेखा उत्तरदायी अधिकृतले बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनु पर्ने,

- राष्ट्रिय योजना आयोगले प्राप्त प्रस्तावित बजेट तथा कार्यक्रमको क्षेत्रगत लक्ष्य तथा उपलब्धि,सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन नर्म्स, ड्रइङ्ग तथा डिजाइन सहित आयोजना स्वीकृति सम्बन्धी कागजात, जग्गा प्राप्ति, आयोजना कार्यान्वयनको समय तालिका, खरिद गुरूयोजना तथा वार्षिक खरिद योजना तथा आयोजनाको अपेक्षित प्रतिफलको विषयमा लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा छलफल गरी सोको प्रतिवेदन अर्थ मन्त्री समक्ष पेश गर्नु पर्ने ।

**(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा २२ अनुसार राजश्व र व्ययको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

**(ग) अनुगमन तथा मूल्याङ्कन ऐन,२०८०**

- यस ऐनको दफा ८ को उपदफा १ अनुसार आयोगले योजनाको मूल्याङ्कनको लागि मापदण्ड निर्धारण गर्नेछ। यसरी आयोगबाट निर्धारण गरिएका मापदण्ड सार्वजनिक निकाय ,साझेदार लगायत सम्बन्धित सबै पक्षले पालना गर्नु पर्ने प्रावधान रहेको छ। अनुगमन तथा मूल्याङ्कनको विषयमा आयोगले सम्बन्धित निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित निकाय वा पदाधिकारीको कर्तव्य हुनेगरी आयोगलाई अधिकार दिइएको छ।

- ऐनको दफा १० मा योजना आयोगले देहायका योजनाको आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछः-
    - नेपाल सरकारका आवधिक योजना, गुरु योजना, वार्षिक योजना,
    - राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, रूपान्तरणकारी आयोजना, नेपाल सरकारले तोकेका महत्त्वपूर्ण आयोजना,
    - वैदेशिक सहायतामा सञ्चालित आयोजना, र
    - अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी प्रचलित कानून बमोजिम प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइएको अनुदानबाट सञ्चालित आयोजना।

आयोगले छ महिनामा एक पटक देहायका आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछः

- राष्ट्रिय गौरवका आयोजना,
- राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना,
- रूपान्तरणकारी आयोजना,
- नेपाल सरकारले तोकेको महत्त्वपूर्ण आयोजना र
- वैदेशिक सहायतामा सञ्चालित आयोजना।

दफा २८ मा विद्युतीय प्रणालीको प्रयोग सम्बन्धमा आयोगले अनुगमन वा मूल्याङ्कन सम्बन्धी कार्यलाई व्यवस्थित र छिटो छरितो बनाउन विद्युतीय माध्यमबाट व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्जालीकरण (नेटवर्किङ) गर्नेछ। त्यस्तो प्रणालीमा सबै सार्वजनिक निकायहरु आबद्ध हुनेछन् र सोको प्रयोग सम्बन्धी आयोगले जारी गरेका निर्देशनहरू पालना गर्ने विषय उल्लेख भएको छ।

**(घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७**

**नियमावलीको नियम ११ बमोजिम मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया र समय सीमा**

राष्ट्रिय योजना आयोगले ऐनको दफा ६ बमोजिम मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व हुनेगरी समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका समावेश गरी माघ मसान्तभित्र तयार गर्नुपर्ने।

१.केन्द्रीय निकायले उपनियम १ बमोजिमको मध्यमकालीन खर्च संरचनाको खाकाको आधारमा देहायको विवरण समावेश गरी मध्यमकालीन खर्च संरचना तयार गरी फागुन मसान्तभित्र योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्नेछः

क. आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि र अपेक्षित प्रतिफल

ख.तीन आर्थिक वर्षको आयोजना वा कार्यक्रमगत अनुमानित वार्षिक बजेट

ग.गत आर्थिक वर्षको यथार्थ खर्च र चालू आर्थिक वर्षको विनियोजन सहितको बजेट खाका

घ.तीन आर्थिक वर्षमा हासिल हुने अपेक्षित प्रतिफल, असर र प्रभावसहितको नतिजा खाका

**नियमावलीको नियम १२ बमोजिम राष्ट्रिय स्रोत अनुमान समितिको गठन**

ऐनको दफा ७ को उपदफा २ बमोजिमको राष्ट्रिय स्रोत अनुमान समितिको संरचना देहायबमोजिम हुनेः

क. उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - संयोजक

ख. सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने) - सदस्य

ग. गभर्नर, नेपाल राष्ट्र बैंक - सदस्य

घ. सचिव अर्थ मन्त्रालय - सदस्य

ङ. महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय - सदस्य

च. सदस्य-सचिव, योजना आयोग - सदस्य-सचिव

नियमावलीको नियम १३ मा राष्ट्रिय स्रोत अनुमान समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ।

## १.६ आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था

### १.६.१ राष्ट्रिय विकास परिषद

राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ७ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय विकास परिषद् रहने व्यवस्था छ। उक्त परिषद्मा नेपाल सरकारका मन्त्री, राज्यमन्त्री, संघीय संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सरकारका मुख्यमन्त्रीहरू, संघीय संसदका समितिका सभापतिहरू, नेपाल राष्ट्र बैंकका गभर्नर, प्रदेश सरकारका योजना हेर्ने मन्त्रालय वा निकायका प्रमुख सदस्यका रुपमा र जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रतिनिधिहरू, कानून बमोजिम स्थापना भएका विभिन्न संघ संस्थाका प्रतिनिधिहरू र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको विशेषज्ञ एवम् विज्ञहरूको प्रतिनिधित्व रहने गरी नेपाल सरकारबाट मनोनित पच्चीस जना सदस्य रहने व्यवस्था छ। दीर्घकालीन वा आवधिक विकास नीति वा योजना तर्जुमा गर्ने समयमा आयोगले तयार गरेको खाकामा सरोकारवाला सबै पक्षको छलफलका लागि परिषद्को बैठक बस्ने गरेको छ। यस परिषद्मा छलफल गरिसकेपछि मात्र परिषद्को

निर्देशन अनुसार दीर्घकालीन विकास नीति वा आवधिक योजना नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्तुत गर्ने व्यवस्था रहेको छ ।

### १.६.२ राष्ट्रिय विकास समस्या समाधान समिति

विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र तिनको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयको काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रुपमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०४९/०४/८ को निर्णयानुसार राष्ट्रिय विकास समस्या समाधान समिति रहने संस्थागत व्यवस्था गरिए देखि हालसम्म यस समितिले परिवर्तित संरचना अनुसार नै कार्य गर्दै आएको छ। अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० मा सम्माननीय प्रधानमन्त्री तथा आयोगका अध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति रहने कानुनी प्रावधान छ। विशेषगरी यसले विभिन्न मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन स्थितिको समीक्षा गर्ने, मन्त्रालयस्तरको विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने, कार्यक्रम/आयोजनाको कार्यान्वयन तहमा भएका अन्तर मन्त्रालय समन्वय सम्बन्धी विषय, नीतिगत एवम् कानुनी विषयवस्तुहरूका सम्बन्धमा देखिएका समस्याहरूको समाधान गर्ने, कार्यक्रम/आयोजनाको कार्यान्वयनमा देखिने गरेका एकै प्रकृतिका समस्याको स्थायी समाधानका लागि अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गराउने र प्राप्त सुझावका आधारमा नीतिगत निर्णय लिने, मन्त्रालयस्तरीय समस्या समाधान समिति र प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकी पेश हुन आएका

वा अन्तर प्रदेश प्रकृतिका समस्याको समाधानका लागि उपयुक्त निर्णय लिने वा निर्देशन दिने र संघ, प्रदेश र स्थानीय तहमा गरिने अनुगमन तथा मूल्यांकन समबन्धी कार्यको समन्वय गर्ने र सोसम्वन्धी आवश्यक निर्देशन दिने कार्य गर्दछ ।

उल्लेखित कार्यका लागि अनुगमन तथा मूल्यांकन ऐन, २०८० अनुसार राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक प्रत्येक चौमासिक अवधिमा एक पटक बस्ने व्यवस्था छ। त्यसैगरी, मन्त्रालयस्तरबाट समाधान हुन नसकी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट समाधान गर्नुपर्ने प्रकृतिका समस्याहरूको बारेमा छलफल र विश्लेषण गरी समाधानका लागि उपयुक्त सुझाव तयार गर्न, समस्याग्रस्त र विशेषरुपमा अनुगमन गर्नुपर्ने कार्यक्रम तथा आयोजनाहरुको पहिचान गरी तिनीहरुको कार्यान्वयनका लागि आवश्यक निर्देशन दिन, अनुगमन तथा मूल्यांकनसँग सम्बन्धित विषयमा आवश्यक समन्वय र निर्देशन दिन राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमिति रहने व्यवस्था छ। सो उपसमितिको बैठक राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक बस्नुपूर्व बस्ने गर्दछ। प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय विकास समस्या समाधान समितिको ५१ र ५२ औं बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था अनुसूची ४ र ५ मा उल्लेख गरिएको छ ।

### १.६.३. राष्ट्रिय स्रोत अनुमान समिति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ (२) मा राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने जसले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक वर्षको लागि सङ्घ, प्रदेश र

स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेकोछ । समितिले स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको वार्षिक र चालू आर्थिक वर्षको ६ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षहरूमा उपलब्ध हुन सक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋण लगायतका सङ्घीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नु पर्ने र स्रोतको अनुमान भएपछि चालू वर्षको मध्यकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।

केन्द्रीयस्तरमा अनुगमन एवम् अन्तर मन्त्रालय तथा निकायगत समन्वय गरी गरिबीको अवस्थाका बारेमा गरिने सर्वेक्षण, तथ्यांक संकलन र विश्लेषण तथा राष्ट्रिय स्तरको प्रतिवेदन तयारी सम्बन्धमा आवश्यक मार्गदर्शन दिन, प्रत्येक आर्थिक वर्षमा राष्ट्रिय योजना आयोग र मन्त्रालयहरुबाट प्रभाव मूल्यांकन गरिने संभाव्य नीति, कार्यक्रम तथा आयोजनाहरुको सिफारिस गर्ने व्यवस्था छ। आयोगको गठन आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकारका क्षेत्रभित्र रही माथि उल्लिखित संस्थागत तथा कार्यगत व्यवस्थाका अतिरिक्त आयोगले आफ्नो कार्य क्षेत्रभित्र पर्ने जिम्मेवारीहरू तथा नेपाल सरकारको निर्णयद्वारा आफूलाई सुम्पने कार्यजिम्मेवारी सम्पादन गर्ने क्रममा आयोगको बैठकबाट निर्णय गरी कार्य सम्पादन गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ को अवधिमा बसेको आयोगको बैठकले गरेका निर्णयहरू अनुसूची-७ मा प्रस्तुत गरिएका छन्।

# परिच्छेद- दुई
# सम्पादित कार्यहरु

आर्थिक वर्ष २०८०/८१ को अविधमा आयोगबाट सम्पादित मुख्य मुख्य कार्यहरू र सोबाट हासिल गरेका उपलब्धिलाई समावेश गरी यस परिच्छेदमा उल्लेख गरिएको छ। गठन आदेश अनुसार आयोगको कार्यक्षेत्र चारवटा विषयक्षेत्रसँग सम्बन्धित छन् : (क) दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा, (ख) अनुगमन तथा मूल्याङ्कन, (ग) तहगत समन्वय र (घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण। आर्थिक वर्ष २०८०/८१ को अवधिमा आयोगबाट सम्पादित कार्यहरू र उपलब्धीहरु निम्नानुसार छन :-

**२.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा अन्तर्गत**

**१. आर्थिक वर्ष २०८०/८१ मा स्रोत अनुमान, बजेट सीमा निर्धारण तथा मार्गदर्शन सम्बन्धमा भएका कार्यहरू**

- दीर्घकालीन नीति, २१०० ले तय गरेको "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य हासिल गर्न आवधिक योजनाहरुको विस्तृत अध्ययन गरेर विगतमा तर्जुमा भएका क्षेत्रगत योजनाबाट तहगत योजना तर्जुमा कार्यलाई सहज गराउने उद्देश्यले सोह्रौं योजनालाई साङ्केतिक (Indicative) रुपमा विभिन्न १३ वटा विषयगत क्षेत्रहरु समेटी "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच सहित तयार गरिएको। यस योजनाको दस्तावेज सम्माननीय प्रधानमन्त्री एंव आयोग अध्यक्षज्यूको अध्यक्षतामा २०८१ साल जेष्ठ १ गते बसेको मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भई प्रकाशन गरिएको,
- राष्ट्रिय स्रोत अनुमान समितिले स्रोत अनुमानका लागि आवश्यक विवरण तयारी समष्टिगत आर्थिक अवस्था तथा सो सम्बन्धी विभिन्न विषयको , विश्लेषण कार्य सम्पन्न गरी आ.व. २०८१/८२ को लागि स्रोत अनुमान गरिएको,
- आ.व. २०८१/८२ को बजेट सीमा निर्धारणको लागि सबै मन्त्रालय तथा निकायसँग पूर्व बजेट सीमा निर्धारण सम्बन्धी ३ दिनको बृहत्तर छलफल

गरिएको र माग संकल गरिएको तत् पश्चात अर्थतन्त्रको आन्तरिक तथा वाह्य क्षेत्रको विद्यमान अवस्था विश्लेषण गरी समष्टिगत आर्थिक प्रक्षेपण र सार्वजनिक वित्तको आगामी तीन वर्षको अनुमान तथा प्रक्षेपण लगायतका कार्यद्वारा बजेट सीमा निर्धारण गरिएको।

- आगामी तीन आ.व. २०८१/८२-२०८३/८४ को बजेट तर्जुमाको लागि मध्यमकालीन खर्च संरचनाको खाका तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र ढाँचा तर्जुमा तथा सीमा निर्धारण गरी सबै मन्त्रालय/निकायमा सम्प्रेषण गरिएको।

- आ. व. २०८१/८२ को नेपाल सरकारको वास्तविक वार्षिक आय व्ययको विवरण सहित त्यसपछिका दुईवर्षका आय व्ययको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम(२०८१/८२-२०८३/८४) दस्तावेज तयार गरी प्रकाशन गरिएको,
- आ.व. २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रमको सम्बन्धमा विषय/क्षेत्रगत नीतिगत छलफल/ बैठकहरु सञ्चालन गरी सोको प्रतिवेदन तयार गरिएको,
- सार्वजनिक निजी लगानीको अवधारणा अनुरुप सरकार र सार्वजनिक संस्थानबाट आयोजनामा हुने लगानीको प्रभावकारिता वृद्धि गर्न लगानी गर्दा जनउत्तरदायी रvalue for money लाई उच्च प्राथमिकतामा राखेर अधिकतम उपयोग र लाभ हासिल हुन सक्ने क्षेत्र वा आयोजनामा सार्वजनिक लगानीलाई व्यवस्थित गर्न “सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना (२०८१/८२-२०८५/८६) २०८१।०१।११ गतेको आयोगको बैठकबाट पारित गरिएको,
- नेपाल सन् २०२६ सम्म अतिकम विकसित राष्ट्रबाट विकाशसीलमा स्तरोन्नति हुँदा मानव सम्पत्ति सूचकाङ्क)Human Asset Index( र आर्थिक तथा वातावरणीय सूचकाङ्क(Economic and Environmental Index) लाई थप सुधार गर्दै प्रतिव्यक्ति कुल राष्ट्रिय आय(Gross National Per Capita(लाई स्तरोन्नतीको सीमाको लक्ष्य अनुरुप हासिल गर्दै स्तरोन्नतीलाई दिगो र टिकाउ राख्नका लागि राष्ट्रिय आवश्यकता अनुरुपका विकासका

क्षेत्रहरु समेटी LDC Graduation Smooth Transition Strategy (अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति सम्बन्धी सहज स्थानान्तरण रणनीति, २०८०) तर्जुमा गरिएको,

- विश्वव्यापी विकासको साझा एजेण्डाको रुपमा स्वीकार गरिएको दिगो विकास लक्ष्य २०३० को कार्यान्वयनबाट नेपालले हासिल गरेको हालसम्मको प्रगति सामावेश गरी Voluntary National Review of Sustainable Development Goals, 2024 तयार गरी High Level Political Forum मा पेश गरिएको,
- विकास नीति तथा योजनाको कार्यान्वयनमा उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न लागत प्रभावकारिता अभिवृद्धि , गर्न विकास नीति तथा , योजनाको अनुगमन तथा मूल्याङ्कनलाई तथ्यपरक, विश्वसनीय, गुणस्तरीय, व्यवस्थित, नतिजामुखी, पारदर्शी र प्रभावकारी बनाउन "अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०" स्वीकृत भई कार्यान्वयनमा आएको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २४(आयोजनाको वर्गीकरण) अनुसार संघ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने आयोजना वर्गीकरणमा स्पष्टता र एक रुपता कायम गराउन "आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०" तयार गरिएको,
- ठूला आयोजनाको नियमित अनुगमन गरी त्यस्ता आयोजनाको कार्यान्वयनमा आइपरेको समस्या पहिचान तथा समस्याको तत्काल समाधान गरी आयोजनाको सफल कार्यान्वयन गराउन "ठूला आयोजना कार्यान्वयन अनुगमन तथा सहजीकरण निर्देशिका, २०८०" तयार गरिएको,

- राष्ट्रिय गौरवका आयोजनाहरु २४ वटा रहेकोमा आ.व. २०८०/८१ मा गिरीजाप्रसाद कोईराला क्रिकेट रङ्गशाला ,विराटनगर र मुलपानी क्रिकेट रङ्गशाला तथा एकेडेमी, काठमाण्डौ थप भई २७ वटा पुगेको छ।तर आ.व. २०८१/८२ मा २६ वटा राष्ट्रिय गौरवका आयोजनाहरु मात्र कार्यान्वयनमा लगिएको छ।

- रोजगारी र सामाजिक संरक्षण सम्बन्धी दिगो विकास लक्ष्य अन्तर्गतका परिलक्ष्यहरूमा तुलनात्मक रूपमा कमजोर रहेको नेपालको अवस्थामा सुधार ल्याउन संयुक्त राष्ट्रसंघको आह्वान अनुसार Global Accelerator on Jobs and Social Protection for Just Transition मा Pathfinder Country को रुपमा सहभागी हुने सम्बन्धमा सरोकारवालासँगको परामर्श सहितको अन्तिम प्रतिवेदन तयार गरी सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०८०/११/०८ मा निर्णय भएको। विभिन्न मन्त्रालय र सरोकारपक्षहरुको सहभागितामा राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय/क्षेत्र हेर्ने माननीय सदस्यको संयोजकत्वमा रहने अन्तरनिकाय निर्देशक समितिको संयन्त्र अन्तर्गतका विभिन्न Funding Mechanism बाट प्राप्त हुने वित्तीय सहयोगका लागि नेपालस्थित संयुक्त राष्ट्र संघीय निकाय र विश्व बैङ्क समेतको सहकार्यमा परियोजना प्रस्ताव तयार गरी सम्बन्धित निकायहरुमा पठाएको,
- एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० तर्जुमा गरी नेपाल सरकार(मन्त्रिपरिषद) २०८०।०८।२१ मा स्वीकृत भएको,
- Convention on the Elimination of All Forms of Discrimination against Women(CEDAW) Committee ले नेपालको सातौं आवधिक प्रतिवेदनका सम्बन्धमा उठाएका सवाल तथा प्रश्नहरूमध्ये राष्ट्रिय योजना आयोगसँग सम्बन्धित सवालहरुको बारेमा विवरण उल्लेख गरी पठाइएको,
- खाद्य प्रणाली रुपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८५/८६) मस्यौदा आयोगबाट स्वीकृत भई मन्त्रिपरिषदमा पेश गर्ने प्रक्रियामा रहेको। साथै, खाद्य प्रणाली रुपान्तरण सम्बन्धी कार्यान्वयन कार्ययोजना तयार भएको।

## २.२ अनुगमन तथा मूल्याङ्कन

### १. आन्तरिक मूल्याङ्कनतर्फ

विभिन्न विषयगत क्षेत्र समेटी निम्न पाँचवटा आयोजना / कार्यक्रमको आन्तरिक मूल्याङ्कनका सम्पन्न भएको छः

(क) साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत सञ्चालित पशुपालन कर्जा तथा पशुधन कार्यक्रम (मासुजन्य तथा दुग्धजन्य)

(ख) गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना

(ग) नयाँ शहर आयोजना (नयाँ शहर आयोजना कार्यालय सिन्धुली जिल्लाको खुर्कोट ,धादिङ जिल्लाको वैरेनी गल्छी र तनहुँ जिल्लाको डुम्रे भन्सारमा )

(घ) एकद्वार संकट व्यवस्थापन केन्द्र कार्यक्रम

(ङ) औद्योगिक पूर्वाधार प्रवर्द्धन कार्यक्रम

**२. राष्ट्रिय गौरवका आयोजनातर्फ**

- आयोगका तत्कालीन माननीय उपाध्यक्ष डा. मीन बहादुर श्रेष्ठ लगायतको टोलीद्धारा कालिगण्डकी कोरिडोर आयोजना अन्तर्गत सञ्चालित म्याग्दी, बाग्लुङ्ग र मुस्ताङ्ग जिल्लाको खण्डमा पर्ने स्थानको स्थलगत अनुगमन गरिएको,
- आयोगका तत्कालीन माननीय सदस्य डा. अरनिको कुमार पाण्डे लगायतको टोलीद्धारा लुम्बिनी प्रदेशको गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको स्थलगत अनुगमन तथा मूल्याङ्कन कार्य सम्पन्न गरिएको,

**३. ठूला आयोजनातर्फ**

- आयोगका तत्कालीन माननीय सदस्य डा. संगिता सिंह लगायतको टोलीद्धारा आन्तरिक मूल्याङ्कन कार्यको लागि सिन्धुली, खुर्कोट, वैरेनी गल्छी, धादिङ्ग, डेम्रे भन्सार, तनहुँमा नयाँ शहर आयोजना सम्बन्धि स्थलगत कार्य सम्पन्न गरिएको,
- आयोगका तत्कालीन माननीय सदस्य डा. कुसेन्द्र बहादुर महत लगायतको टोलीद्धारा कोशी, मधेश र वागमती प्रदेशको जिल्लाहरुमा साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत सञ्चालित पशुपालन कर्जा तथा पशुधन कार्यक्रम (मासुजन्य तथा दुग्धजन्य) को स्थलगत अनुगमन तथा मूल्याङ्कन कार्य सम्पन्न गरिएको,

**४. संघीय समपूरक र विशेष अनुदानबाट सञ्चालित आयोजना तथा अन्य कार्यक्रमहरूतर्फ**

- आयोगका तत्कालीन माननीय सदस्य प्रा.डा. आर.पि.विच्छा, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुगमन निरिक्षण तथा अन्य प्रादेशिक कार्यक्रममा सहभागिता र वि.पि. कोईराला मेमोरियल क्यान्सर अस्पतालद्धारा आयोजित अन्तर्क्रिया तथा छलफल कार्यक्रममा सहभागिता,
- आयोगका तत्कालीन माननीय सदस्य डा. रमेशचन्द्र पौडेल र सम्बन्धित प्रदेशको पदाधिकारी समेतको टोलीद्धारा लुम्बिनी विश्वविद्यालयको अनुगमन, निरीक्षण, सुपरिवेक्षण गरिएको, कर्णाली प्रदेशको जाजरकोट जिल्लाको भुकम्प प्रभावित क्षेत्रमा स्थलगत अनुगमन गरिएको,
- लुम्बिनी प्रदेशका तपसिल वमोजिमका स्थानीय तहहरूमा समपूरक र विशेष अनुदानतर्फका आयोजना/कार्यक्रमहरुको अनुगमन गरिएको:
  - बर्दघाट नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को वडा नं. १३ को जयन्ती विद्यालयको पश्चिमको बाटो हुदै जमुनिया बजार सयहिया हुँदै जोगावानी चोकसम्म सडकमा कालोपत्रे आयोजना र वडा नं. १,१५,१६ मा वडा कार्यालय भवन निर्माण आयोजना/कार्यक्रम,
  - माण्डवी गाउँपालिका, प्यूठानको चकचके एकचोट कालिखोला जोड्ने मोटरबाटो नयाँ सडक आयोजना र भेडावारी उदयपुरकोट वृहत लिफ्ट खानेपानी आयोजना,
  - सरूमारानी गाँउपालिका, प्यूठानको ऐरावती बङ्गाडा पुठाखोला दाङ्ग सडक स्तरोन्नती योजना र सरूमारानी गाँउपालिकाको ६ वटै वडामा विभेद तथा बञ्चितीकरणमा परेका समुदाय उत्थान कार्यक्रम,

  - सीयारी गाउँपालिका रुपन्देहीको तिलोत्तमा सियारी शुद्धोधन पहुँच मार्ग र सीयारी गाउँपालिका वडा नं.४ हर्नैया रुपन्देहीको पब्लिक मा.वि.प्राविधिक तर्फको भवन निर्माण योजना,
  - झापा जिल्लाको शिवसताक्षी नगरपालिकाको वडा नं २ को शिबगञ्ज बजारस्थित ढल निर्माण आयोजना, सोही नगरपालिकाको रिङ्गरोड र फोहोरमैला व्यवस्थापन आयोजना,

- सर्लाही जिल्लाको वागमती नगरपालिकामा सञ्चालित माछापोखरी निर्माण आयोजनाको स्थलगत अनुगमन कार्य सम्पन्न गरी अख्तियार दुरुपयोग आयोगबाट माग भए बमोजिम विवरण उपलब्ध गरिएको,
- मनाङ्ग र लमजुङ्ग जिल्लाका समपुरक तथा विशेष अनुदान आयोजनाहरु
- तिलोत्तमा नगरपालिकाको समपुरक तथा विशेष अनुदान आयोजनाहरु,

➢ एकीकृत अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढीकरण तथा सुधारको लागि पृष्ठपोषण उपलब्ध गराएको,

➢ विकाससँग सम्बन्धित समस्याहरूको समाधान तथा तहगत र अन्तरप्रदेश समन्वय गर्नुपर्ने विषयमा समयमै उचित निकास दिन र लक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं र ५२औं बैठक सम्पन्न भएको छ। उक्त बैठकको निर्णय कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा परिपत्र गर्नुका साथै राष्ट्रिय योजना आयोगको वेबसाईटमा राखी सार्वजनिक समेत गरिएको,

➢ राष्ट्रिय योजना आयोगको तर्फबाट राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको संयक्त अनुगमनमा प्रतिनिधित्व गरिएको,

➢ माइलस्टोनमा आधारित प्रगति प्रतिवेदन मासिकरुपमा अनलाइन अनुगमन प्रतिवेदन मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको।

## २.३. तहगत समन्वय एवं सहकार्यात्मक संघीयता सुदृढीकरण

- आयोगका उपाध्यक्ष तथा सदस्यहरुबाट आ-आफ्नो तोकिएको प्रदेशको प्रदेश समन्वय परिषद्को बैठकमा सहभागी भई राष्ट्रिय योजना आयोग सँग सम्बन्धित विषयक्षेत्रका बारेमा समन्वय तथा सहजीकरण भएको,
- समपुरक तथा विशेष अनुदान सम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा एकीकरण गर्ने कार्य शुरु गरिएको,

- समपूरक र विशेष अनुदानबाट प्रदेश र स्थानीय तहमा सञ्चालन हुने आयोजना/ कार्यक्रमहरुको प्रस्ताव माग, भण्डारण तथा मुल्याङ्कन कार्य अनलाईन प्रणालीमा आधारित बनाउन तयार गरिएको। समपूरक तथा विशेष अनुदान व्यवस्थापन सूचना प्रणाली लाई अध्यावधिक गर्ने कार्य गरिएको,
- संघीय समपूरक तथा विशेष अनुदानबाट कार्यन्वयन भएका तर बजेट अभावका कारण अधुरा भएका आयोजना/कार्यक्रमका लागि सम्बन्धित स्थानीय तहबाट माग भए अनुरुपनिकासाको लागि अर्थ मन्त्रालय सिफारिस गरिएको,
- समपूरक तथा विशेष अनुदानसँग सम्बनधित आधिकारिक इमेल ठेगाना (www.csgrants.gov.np) मा प्राप्त हुन आएका आयोजना/कार्यक्रम सम्बन्धी प्रस्ताव तथा संलग्न कागजातहरुको अध्ययन गरी राष्ट्रिय श्रोत समितिबाट प्राप्त बजेट सीमा भित्र रही आयोजना/कार्यक्रम छनौट समितिले तोकिएको छनौटको आधार एवं मापदण्ड अनुसार मूल्याङ्कन गरी छनौट तथा बजेट रकम सिफारिस गर्न समन्वय सहजीकरण गरेको,
- आर्थिक वर्ष २०८१/८२ मा संघीय बजेट मार्फत प्रदेश र स्थानीय तहमा समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाहरूको छनौट गरी विनियोजनका लागि अर्थ मन्त्रालयमा सिफारिस गरिएको,
- मन्त्रालयस्तरीय मध्यमकालीन खर्च संरचना र आयोजना बैंक सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको,
- सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ५१ र ५२ औं बैठकमा सम्पन्न भएको,
- तीन तहका सरकारवीच विकास आयोजनामा रहेको दोहोरोपन हटाउने सम्बन्धी अध्ययन गरी सो को प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको,

- कपिलवस्तु जिल्लाको शुद्धोधन गाउँपालिकाक माग बमोजिम योजना तर्जुमा, मध्यमकालीन खर्च संरचना र दीगो विकासको स्थानीयकरण सम्बन्धी क्षमता विकास कार्यक्रम गर्न सहजीकरण गरीएको।

## २.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण

- यस आयोगबाट प्रकाशन हुने विकास पत्रिकाको दुई अंक(असोज र माघ) प्रकाशन गरिएको,
- राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकको निर्णयानुसार आयोगका तत्कालीन माननीय सदस्य डा. रमेशचन्द्र पौडेलज्यूको संयोजकत्वमा गठित समितिले तयार गरेको जनशक्ति व्यवस्थापन , वैदेशिक अध्ययन र रोजगारीलाई व्यवस्थापन गर्न मानव संसाधन विकास योजनासम्बन्धी अध्ययन अन्तिम प्रतिवेदन आयोगको बैठकबाट स्वीकृत भएको,
- आ.व. २०७९/८० सम्म प्रदेश तथा स्थानीय तहमा संघीय सरकारबाट समपूरक तथा विशेष अनुदानबाट गएका अनुदानको कार्यन्वयनको हालसम्म के-कस्ता उपलब्धीहरु भए भन्ने लेखाजोखा गर्न  आयोजना वा कार्यक्रहरुमा अनुदानको समग्र उपयोग सम्बन्धी विषयमा " विद्यमान अवस्था विश्लेषण तथा प्रभावकारिता सम्बन्धी अध्ययनका संघीय समपूरक र विशेष अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन" सम्बन्धमा प्रदेश तथा स्थानीयस्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रम  गर्न समन्वय सहजीकरण गरिएको । सो अध्ययनमा ७७ जिल्लाको ७५३ आयोजना तथा कार्यक्रमहरुको अनलाईन तथा ६८ वटा आयोजनाहरुको प्रत्यक्ष अध्ययन गरिएको,
- नेपाल सरकारबाट स्वीकृत UNICEF Nepal Country Office को 2024 Yearly Program of Operation मा समावेश रहेको नेपाल सरकारबाट सञ्चालित सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभाव मूल्याङ्कन (Impact Evaluation of Social Security Allowances) गर्ने सम्बन्धमा आयोगका सामाजिक सुरक्षा क्षेत्र हेर्ने सदस्यज्यूको संयोजकत्वमा गठित निर्देशक

समितिको बैठक बसी आवश्यक छलफल तथा निर्णय भएबमोजिम अध्ययन कार्य अगाडि बढाउन प्रक्रिया थालिएको।

- ILO/UN Women सँगको सहकार्यमा Care Economy सम्बन्धी गरिएका अध्ययनहरुमा आवश्यक सुझाव प्रदान गरिएको,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा तेश्रो पक्षबाट गरिएको राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको मूल्यांकन प्रतिवेदन उपर निर्देशक समितिमा रही सुझाव/पृष्ठपोषणप्रदान गरिएको।

## २.५ आयोगबाट सम्पादित अन्य कार्यहरु

- आयोगका तत्कालीन माननीय उपाध्यक्ष र सदस्यज्यूहरु लगायत योजना आयोगको कर्मचारीहरु सहित सातै प्रदेशमा अनुगमन तथा सोह्रौ योजना (२०८१/८२-२०८५/८६) तर्जुमा सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा सहभागिता,
- आ.व.२०८१/८२ को नीति तथा कार्यक्रममा महत्वपूर्ण बुँदाहरू तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,
- आ.व.२०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेट छलफल सम्बन्धी प्रतिवेदन, २०८० तयारी गरिएको,
- सञ्चार तथा सूचना प्रविधिसंग सम्बन्धित Conference on Sustainable Telecommunication Sector in Nepal कार्यक्रममा सहभागी ता जनाइएको,
- विषयगत मन्त्रालयहरुबाट विभिन्न विषयहरुमा गठन भएका समितिहरुमा महाशाखा शाखाबाट प्रतिनिधित्व गरी सहभागिता जनाइएको/,
- समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधिको व्यवस्था बमोजिम प्रदेश सरकार र स्थानीय तहबाट प्रत्येक आर्थिक वर्षमा संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि आवश्यक विवरण तयार गरी माघ

मसान्तभित्र विद्युतीय (अनलाइन) प्रणालीमार्फत प्रस्ताव पेश गर्न मंसीर मसान्तमा सूचना प्रकाशन गरिएको,

- आ.व. २०८१/८२ का लागि प्रदेशतर्फ समपूरक अनुदानमा ५९, विशेष अनुदानमा ५२ आयोजना कार्यक्रम तथा स्थानीयतर्फ समपूरक अनुदानमा ५८७, विशेष अनुदानमा ५३८ आयोजना कार्यक्रम सहित कूल १२३६ आयोजना/कार्यक्रमका लागि रु २६ अर्ब १० करोड विनियोजन सिफारिस गरिएको,
- CS(Complementary and Special) grants IT Portal सुधार, अपग्रेड, LMBIS/API सुधारमा समन्वय तथा सहजीकरण गरिएको,
- विभिन्न मन्त्रालय तथा निकायबाट त्रैमासिक रुपमा संचालन हुने मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति(Ministerial Development Action Committee-MDAC)को बैठकमा महाशाखागत सहभागिता जनाइएको,
- राष्ट्रिय विकास समस्या समाधान उप-समितिहरुको बैठकहरु २०८० साल श्रावण २८, २९ र ३० गते तथा २०८० साल फाल्गुन २७,२९ र ३० गते गरी जम्मा दुई पटक सम्पन्न भएको,
- राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठक २०८० साल भाद्र ११ गते तथा ५२औं बैठक २०८० साल चैत्र १५ गरी जम्मा दुई पटक सम्पन्न भएको,
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले तयार गर्दै गरेको मानव बेचविखन विरुद्धको राष्ट्रिय नीति तर्जुमा गोष्ठी/कार्यक्रममा राष्ट्रिय योजना आयोगको तर्फबाट सहभागिता जनाइएको।

## २.५.१ मध्यमकालीन खर्च संरचना

आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता, विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापन गर्ने महत्त्वपूर्ण औजारको रूपमा मध्यमकालीन खर्च संरचना रहेको छ। पन्ध्रौं

योजना तथा अर्थतन्त्रका आन्तरिक तथा वाह्य क्षेत्रको विद्यमान अवस्थाको आधारमा मध्यमकालीन खर्च संरचना (आ.व.२०८०/८१-२०८३/८४) तर्जुमा भएको छ। सोको तयारी गर्नका लागि सम्पन्न भएका मुख्य कार्यहरु निम्नानुसार रहेका छन्।

- मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी तालिम संचालन।
- वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि मन्त्रालय एवं महाशाखा तथा शाखामा समन्वय।
- अर्थ मन्त्रालयसँग सम्बन्धित विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको विविध विषयमा छलफल ,बैठक तथा समन्वय।
- मध्यमकालीन खर्च संरचनाको पुस्तिका तयारीको लागि प्राप्त विषय क्षेत्रगत मस्यौदा एकीकरण र समष्टिगत विवरणसँग तादम्यता सम्बन्धी कार्य ।

**२.५.२ दिगो विकासका लक्ष्य प्राप्त गर्ने सम्बन्धमा निम्नानुसारका कार्यहरू भएकाः**

- दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय समीक्षा, २०२४(Voluntary National Review -VNR of Sustainable Development Goals, 2024) तयारीका क्रममा लुम्बिनी प्रदेशको लमही, दाङ्गमा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको,
- दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय समीक्षा, २०२४(Voluntary National Review -VNR of Sustainable Development Goals, 2024) उपर सबै सरोकारवालाहरुको राय/सुझाब लिन राष्ट्रियस्तरमा अन्तर्क्रिया कार्याशाला (VNR National Consultation Workshop) आयोजना गरिएको,
- कोलोम्बो प्लान सदस्य राष्ट्रहरुलाई स्नातकोत्तर तहमा अध्ययनका लागि प्रदान गरिने Korean Development Institute(KDI) Scholarship र Chulabhorn Graduate Institute Scholarship का लागि संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक सहजीकरण गरिएको,

- थाईल्याण्डको बैंककमा यस आयोगका माननीय उपाध्यक्षज्यूको नेतृत्वमा ११औं Asia-Pacific Forum on Sustainable Development मा नेपाली प्रतिनिधिमण्डलद्वारा सहभागिता जनाइएको,
- दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय समीक्षा, २०२४(Voluntary National Review -VNR of Sustainable Development Goals, 2024) को प्रतिवेदन तयार भएको,
- संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा संयुक्त राष्ट्रसंघको उच्चस्तरीय राजनीतिक दिगो विकास लक्ष्यको स्वेच्छिक राष्ट्रिय समीक्षा, २०२४(Voluntary National Review-VNR of Sustainable Development Goals, 2024) को प्रतिवेदन प्रस्तुत गरिएको।

### २.५.३ राय/सुझाव तथा सहमति प्रदान गरिएको:

- लघु, घरेलु तथा साना उद्योग प्रवद्धन नीति, २०८० मा राय दिइएको,
- व्यापार घाटा न्यूनीकरण सम्बन्धि राष्ट्रिय कार्ययोजना ,२०७९ मा राय दिइएको,
- नेपाल सरकार र अन्य मुलुकबीच गरिने द्धिपक्षीय लगानी सम्झौता सम्बन्धमा राय दिइएको,
- वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाको पूर्व तयारी सम्बन्धी मापदण्ड, २०८० मा राय/सुझाव दिइएको,
- राष्ट्रिय विज्ञापन नीति, २०८० मा राय/सुझाव माग भई आएकोमा आयोगको तर्फबाट रायउपलब्ध गरा इएको,
- उच्च शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा सहमति प्रदान गरिएको,
- परराष्ट्र मन्त्रालयबाट अनुरोध भई आए बमोजिम Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation(BIMSTEC) Human Resource Development Plan मा राय सहमति दिइएको,

- सिंचाइ नीति, २०८० सम्बन्धमा राय सुझाव प्रदान गरी ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई पठाईएको,
- नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन नीति, २०८० सम्बन्धमा राय सुझाव प्रदान गरी ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई पठाईएको,
- जल तथा मौसम विज्ञान नीति, २०८० सम्बन्धमा राय सुझाव प्रदान गरी ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई पठाईएको,
- ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८० सम्बन्धमा राय सुझाव प्रदान गरी ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई पठाईएको।

### २.५.४ बहुबर्षीय ठेक्का सहमति प्रदान गरिएको आयोजना/कार्यक्रमहरुः

- विशेष भवन निर्माण आयोजना अन्तर्गत श्रीमहल भवनको पूननिर्माण,
- विशेष भवन निर्माण आयोजना अन्तर्गत सिंहदरवारको ग्यालरी बैठक भवनको रेट्रोफिटिङ्ग,
- भवन निर्माण संहिता सरकारी भवन निर्माणको नवलपुर नमूना सदरमुकाम सरकारी भवन निर्माण,
- कालिगण्डकी कोरिडोर अन्तर्गत राम्दी-रानीमहल सडक खण्ड (१६.८ कि.मि.) को कालोपत्रे तथा निर्माण स्तरोन्नती,
- कोशी कोरिडोर वरुण-च्याम्ताङ (चेनेज ८०+०० देखि १३४+००) ५४ कि.मि सडक खण्डको निर्माण तथा स्तरोन्नती,
- डुम्रे वेशीशहर चामे सडक खण्डको तनहुँ जिल्लाको चाम्बास बजार देखि तनहुँ र लमजुङ जिल्लाको सिमाना पाउदी खोला पुलसम्म (८००+१८ देखि ३००+८ जेनेज) सडक खण्डको निर्माण तथा स्तरोन्नती,
- भक्तपुर-नगरकोट-सिपाघाट-त्रिशुली-छ्हरे-विदुर सडक योजनाको तिनपिप्ले-रानीपौवा (चेनेज ९+०८५ देखि २१+६००) सडक खण्डको निर्माण तथा स्तरोन्नती,
- वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम अन्तर्गत धनगढी-खुटीया-चैनपुर उरैभञ्याङ सडक खण्डको निर्माण तथा स्तरोन्नती-दिपायल,

- पुष्पलाल मध्यपहाडी राजमार्गको निर्देशनालय अन्तर्गतः खुर्कोट राकाथुम - सडक, राकाथुमदोलालघाट सडक-, कटुञ्जे-खहरेबजार-जलजले-आरुघाट सडक-सल्यानटार, मालुढुङ्गा बाग्लुङ्ग बजार सडक खण्डको निर्माण तथा स्तरोन्नती,
- मदन भण्डारी राजमार्गको बडीचौर-गुटु-कर्णाली (चेनेज १३+००० देखि २३+३४० र ४५+३४० देखि ६०+०००) सडक खण्डको स्तरोन्नती।
- मदन भण्डारी राजमार्गको लिवांग बागचौर-पातीहाल्ने-घर्तीगाउँ-माडीचौर-सल्यान सडक/रोल्पाखण्डको निर्माण तथा स्तरोन्नती,
- कालीगण्डकी कोरिडोरको राम्दी रानीमहल सडक खण्ड-(१६ ८०. .किमि.) को कालोपत्रे तथा निर्माण स्तरोन्नती,
- राप्ती राजमार्ग नं २ अमेलिया सितलपाटी सडक-कुपरकोट-तुलसीपुर-सितलपाटी-अन्तर्गत चोरखोलासडक खण्डको निर्माण तथा स्तरोन्नती,
- राजमार्ग स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रमको चन्द्रपुर गौर सडकलाई चारलेनस्तरमा स्तरोन्नती ,
- राष्ट्रिय गौरवका आयोजनाहरु बबई सिंचाइ आयोजना, रानीजमरा कुलरीया सिंचाई आयोजना, सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना, सिक्टा सिंचाई आयोजनाको बहुबर्षीय ठेक्काको स्रोत सहमतिका लागि अर्थ मन्त्रालय पठाईएको।

# परिच्छेद-तीन

# नेपालमा विकास व्यवस्थापनको वर्तमान अवस्था, प्रमुख मुद्धा र राष्ट्रिय योजना आयोगका चुनौती र सुधारहरु

## ३.१ विद्यमान अवस्था

विकास व्यवस्थापनका लागि व्यवस्थित योजना, बजेट तर्जुमा र कार्यान्वयन गर्न शुरु गरेको करिब सात दशक नाघी सकेको छ। हालसम्म १५ वटा आवधिक योजना तर्जुमा भई कार्यान्वयन आई सकेका छन्। आ.व.

२०८१/८२ बाट कार्यान्वयनमा आउने गरी सोह्रौं आवधिक योजना तर्जुमा गरिएको छ। विकास व्यवस्थापनका लागि अन्य विभिन्न नीतिगत, कानुनी र संस्थागत प्रयास भएका छन् । विकास योजनाका लक्ष्य, उद्देश्य र रणनीतिलाई वार्षिक बजेटमार्फत कार्यान्वयन सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने गरिएको छ। मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तर्जुमा एवं कार्यान्वयनलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तर्जुमा गरी कार्यान्वयन गरिएको छ। सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्यहरुलाई योजना तथा वार्षिक बजेटमार्फत आन्तरिकीकरण गर्न नीतिगत, कानुनी र संरचनागत प्रयासहरु गरिएको छ। संघीयता कार्यान्वयनको लागि स्रोत र साधनको संघ, प्रदेश र स्थानीय तहमा गर्नुपर्ने प्रवाह र परिचालनको लागि आवश्यक कानुनी व्यवस्थाहरु मिलाईएको छ। राष्ट्रिय योजना आयोगबाट जारी गरिएका आवधिक योजनाको नियमित अनुगमन, मूल्याङ्कन, अध्ययन र विश्लेषण गर्ने कार्य निरन्तर गरिरहेको छ। संविधानमा व्यवस्था गरिएको क्षेत्राधिकारको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोत साधनका साथै कानुनी व्यवस्थाहरु क्रमशः मिलाइएको छ।

विकास प्रयासका फलस्वरुप मुलुकमा सुचना प्रविधि, सडक, सिंचाई जस्ता पूर्वाधारहरुको विकास एवं विस्तार, आर्थिक तथा सामाजिक परिसूचकहरुमा उल्लेख्य सुधार, साधन र स्रोतको बाडफाँट तुलनात्मक रुपमा न्यायोचित हुदै गएको र सेवा प्रवाहमा नागरिकको पहुँच बढ्दै गएको देखिन्छ। तथापी विकास व्यवस्थापनमा नागरिकले अपेक्षा गरेअनुरुप सफलता हासिल हुन सकेको छैन। मुलुकको अर्थतन्त्रको आकार, सामाजिक-आर्थिक अवस्था, पूर्वाधारहरुको अवस्थामा अपेक्षित सुधार ल्याउन आगामी दिनमा थप क्रियाशिल हुनुपर्ने देखिन्छ।

### ३.२. विकास व्यवस्थापन सम्बन्धी समस्या

विकास व्यवस्थापन सम्बन्धी प्रमुख मुद्धाहरुलाई विकास/आयोजना व्यवस्थापनका विभिन्न चरणहरुमा रहेको भिन्नाभिन्नै मुद्धाहरुमा वर्गीकरण गरेर हेर्न सकिन्छ:

**योजना तर्जुमा चरणमा देखिएका प्रमुख मुद्धाहरु**

- गुरुयोजना, आवधिक योजना र दिगो विकास लक्ष्यहरुबीच तादम्यता कायम गर्न नसक्नु,
- आवधिक योजना तर्जुमा गर्दा योजनाको ढाँचामा फेरबदल हुनु,
- योजनाहरु तर्जुमा गर्दा लक्ष्य हासिल गर्न नसक्ने गरी अपेक्षित उपलब्धीहरु राखिने तर कार्यान्वयनमा तदरुकता नदेखाउने प्रवृत्ति हुनु,
- संघ, प्रदेश तथा स्थानीय तहका योजना तर्जुमा प्रक्रियामा पर्याप्त समन्वय हुन नसक्नु,
- राष्ट्रिय योजना आयोग र प्रादेशिक योजना आयोगहरु बीचमा प्रभावकारी समन्वय नहुनु।

**आयोजना तयारी चरणमा देखिएका प्रमुख मुद्धाहरु**

- पूर्व/सम्भाव्यता अध्ययन (Pre/ Feasibility Study) गर्दा आर्थिक, सामाजिक, भौतिक पक्षहरुको राम्रो अध्ययन नहुनु,
- विस्तृत सम्भाव्यता अध्ययन(Detailed Project Report) दस्तावेजमा अति महत्वपूर्ण विषयमा समावेश हुन नसक्नु र तयारीमा ढिलाई हुनु,
- जग्गा प्राप्तिमा कानूनी, प्रक्रियागत र व्यवहारिक जटिलता हुनु,
- मुआब्जाको दर रेट फरक फरक हुँदा कानूनी समस्यामा जटिलता उत्पन्न हुनु,
- अव्यवस्थित रुपमा भू-उपयोग हुनु,

**आयोजना छनौट चरणमा देखिएका प्रमुख मुद्धाहरु**

- मध्यमकालीन खर्च संरचना र आयोजना बैंकको अवधारणा बमोजिम अनिवार्य रुपमा कार्यान्वयन गर्न नसक्नु,
- प्रदेश र स्थानीय तहहरुमा आयोजना बैंकलाई संस्थागत गर्न नसक्नु,
- आयोजनाको प्राथमिकीकरणलाई यथार्थपरक बनाउन नसक्नु,
- आयोजनाको पूर्व तयारीको कागजातहरु बिना नै आयोजनाको नाम मात्र राखेर सिस्टममा प्रविष्टि गर्ने प्रवृति रहनु,
- आयोजना बैंकमा अनगिन्ती आयोजनाहरु प्रविष्टि गर्नु,
- रुग्ण आयोजनाहरुको कार्यान्वयनको खाका बनाई कार्यान्वयन गर्न नसक्नु,
- निर्णय प्रक्रियामा ढिलाई हुनु,
- संघ, प्रदेश र स्थानीय तहमा योजनाहरु छनौट गर्दा दोहोरोपना हुनु ।

**श्रोत जुटाउने चरणमा देखिएका प्रमुख मुद्धाहरु**

- आयोजनाहरुमा पर्याप्त बजेटको व्यवस्था नहुनु,
- आयोजनाहरु सम्पन्न नभई वर्षेनी नयाँ आयोजना थपिदा कार्यान्वयनमा रहेका आयोजनाका लागि पर्याप्त बजेट विनियोजन हुन नसक्नु,
- श्रोत व्यवस्थापनको बैकल्पिक तरिकाहरु र मोडलहरुको कुशल रुपमा प्रयोगमा ल्याउन नसक्नु, जस्तैः प्रत्यक्ष वैदेशिक लगानी (Foreign Direct Investment-FDI ), सार्वजनिक निजी साझेदारी (Public Private Partnership- PPP), मिश्रित वित्त (Blended Finance), जलवायु वित्त (Climate Finance), Zero Carbon Budget, Green Bonds, तथा Engineering, Procurement, Constructing and Financing Contract (EPCF) model आदि ।
- आयोजनामा स्रोत विनियोजन हुँदा दोहोरोपना, तेहेरोपना हुनु र सहभागिताको अवधारणाको पालना नहुनु,

- आयोजना/परियोजना छनौट गर्दा आकष्मिक कोष (contingency reserve)को व्यवस्था गर्न नसक्नु।

**कार्यान्वयन चरणमा देखिएका प्रमुख मुद्धाहरु**

- प्राविधिक तथा दक्ष जनशक्तिको समुचित व्यवस्थापन हुन नसक्नु,
- राष्ट्रिय राजमार्गहरुको रेखांकन र सडक सीमा निर्धारणमा अन्यौलता भई निर्माण कार्यमा अवरोध पुग्नु,
- निर्माण सामाग्रीको अपर्याप्तता हुनु,
- सार्वजनिक खरिद सम्बन्धी प्रावधानहरु जटिल हुनु। विशेष प्रकृतिका आयोजना निर्माण सम्बन्धमा यी कानूनहरुमा अस्पष्टता रहनु,
- कतिपय आयोजनाहरुको चरणबद्ध सम्बन्ध (logical relationship), जरुरी तथा समानान्तर(Critical and Parallel) क्रियाकलापहरु छुटयाई व्यवस्थापन गर्न नसकेको कारण आयोजना सम्पन्न हुने मितिमा ढिलाई हुनु। जस्तैः कुनै राजमार्ग/सडक आयोजना सम्पन्न गर्न पहिला त्यस राजमार्गभित्र पर्ने कुनै पुलको निर्माण सम्पन्न गर्नुपर्ने हुन्छ।
- राज्यका निकायहरुबीच प्रभावकारी समन्वयको कमि हुनु,
- कार्यान्वयन कार्ययोजना समयशारिणी अनुरुप कार्य सम्पन्न गर्न नसक्नु,

**अनुगमन तथा मूल्याङ्कन चरणमा देखिएका प्रमुख मुद्धाहरु**

- अनुगमन पूर्व डेस्क समीक्षा नहुने/ विना कुनै तयारी स्थलगत अनुगमन हुनु,
- सुचकका आधारमा अनुगमन गर्ने प्रणालीको विकास हुन नसक्नु,
- अनुगमनमा विषय वस्तु बुझेको प्राविधिक जनशक्तिको परिचालन नहुनु/नगरिनु,
- अनुगमन प्रतिवेदनमा सुझाइएको विषय कार्यान्वयन नहुनु/नगर्नु,

- आयोजना कार्यान्वयन/कार्यसम्पादनको अनुगमनमा सहभागी संयुक्त अनुगमन समितिलाई पनि उत्तरदायी हुनुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन नहुनु,
- राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिबाट विकास निर्माणको क्रममा आइपरेका बाधा व्यवधानहरु/अवरोधहरु हटाउन दिइएका निर्देशनको कार्यान्वयन नै नहुने प्रवृत्ति रहनु,
- निर्णय हुने तर कार्यान्वयन नहुने र निर्णय कार्यान्वयनको निरन्तर follow up नहुने,
- तथ्याङ्क तथा प्राप्त सूचना विश्लेषणमा आधारित प्रतिवेदनको तयारी नहुनु,
- आयोजना प्रगतिलाई त्यहाँ खास कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग जोड्ने प्रणाली नहुनु,
- आयोजना सम्पन्न मूल्याङ्कन (Post-project evaluation) हरु नहुने/भएपनि गुणस्तरीय नहुने ।

## ३.३. विकास प्रक्रियाका मूलभूत सवाल तथा चुनौतीहरु

माथि संलग्न विकास व्यवस्थापनका विभिन्न चरणमा देखा परेका समस्याका साथै सम्पूर्ण विकास प्रक्रियामा नै देखिएका मूलभूत सवाल तथा चुनौतीहरुलाई सोह्रौं योजनाको दस्तावेजले देहाय बमोजिम पहिचान गरेको छः

- निरन्तरको न्यून आर्थिक वृद्धि, अर्थतन्त्रमा संरचनागत समस्या, उत्पादनमूलक उद्योग क्षेत्रको सङ्कुचन र द्वितीय क्षेत्रको घट्दो योगदान; प्राथमिक र द्वितीय क्षेत्रको दरिलो आधार बिनाको तृतीय क्षेत्रको विस्तार,

- न्यून उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत तथा कमजोर प्रतिस्पर्धी क्षमता; कृषि प्रतिको बढ्दो विकर्षण र आधारभूत खाद्य पदार्थमा समेत परनिर्भरता,
- उपभोगमुखी आयात तथा न्यून निर्यात क्षमता र उच्च व्यापार घाटा,
- आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन,
- सामाजिक सुरक्षाका छरिएका कार्यक्रम, बढ्दो दायित्व, कमजोर व्यवस्थापन र न्यून सुरक्षा अनुभूति,
- उत्पादन प्रणालीसँग नजोडिएको शिक्षा प्रणाली; उच्च शिक्षामा गुणस्तर तथा समयनिष्ठताको समस्या; कमजोर मानव स्रोत व्यवस्थापन,
- आधारभूत स्वास्थ्य सेवामा समेत आम नागरिकको न्यून पहुँच भएको कमजोर सार्वजनिक स्वास्थ्य प्रणाली,
- पूर्वाधारहरूको आवश्यकता र आपूर्ति बीचको बेमेल, दिगो पूर्वाधार विकासका आयामहरूको कमजोर व्यवस्थापन एवम् निर्मित भौतिक पूर्वाधारको न्यून गुणस्तर,
- भरपर्दो एवम् सुरक्षित र धान्न सकिने आधुनिक सूचना प्रविधिको प्रयोगमा न्यूनता र बढ्दो सुरक्षा चुनौती,
- शहरी पूर्वाधार तथा सेवा सुविधाको माग र आपूर्ति बीचमा फराकिलो खाडल एवम् अव्यवस्थित शहरीकरण, प्रभावकारी हुन नसकेको एकीकृत वस्ति विकास तथा स्थानान्तरण कार्यक्रम,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायमा हिंसाको स्वरूप परिवर्तन, आर्थिक-सामाजिक-सांस्कृतिक विभेद र परम्परागत सोचको निरन्तरता,

- विकासको प्रक्रियामा विभिन्न क्षेत्र, समुदाय र वर्गको समावेशीकरण गराउन यससँग सम्बन्धित नीति, अभ्यास र नतिजा बीचको खाडल,
- कमजोर तहगत अन्तरसम्बन्ध, सबल सङ्घीय शासन प्रणालीमार्फत समावेशी, समन्यायिक एवम् सन्तुलित प्रादेशिक विकास हासिल गर्ने दिशामा न्यून प्रगति,
- सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमता बीचको खाडल; आयातमा आधारित राजस्वको ठूलो हिस्सा; अनिश्चयपूर्ण सार्वजनिक वित्त प्रणालीसँगै वित्तीय सङ्घीयता कार्यान्वयनमा चुनौती,
- न्यून पुँजीगत विनियोजन तथा न्यून खर्च क्षमता; पूर्वाधारजन्य परियोजना निर्माणको अनियन्त्रित लागत तथा विलम्ब; लागतको तुलनामा न्यून प्रतिफल,
- सीमित व्यक्ति र उद्यमीबीच वित्तीय स्रोतसाधनको परिचालन; परिचालित वित्तीय स्रोतसाधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसकेको,
- बजार प्रतिस्पर्धाको कमजोर अवस्था; अनौपचारिक कारोबार र राजस्व एवम् पुँजी चुहावटमा वृद्धि; तरलता, मूल्य र आपूर्तिमा अस्वभाविक उतार-चढाव;
- सार्वजनिक सेवा प्रवाहको गुणस्तर र सुरक्षा व्यवस्थाप्रति नागरिकको गुनासो; भ्रष्टाचार नियन्त्रण, सामाजिक न्यायको प्रत्याभूति र शीघ्र न्याय निरूपण गर्ने चुनौती,
- वातावरणमाथि उच्च दवाव; जलवायु परिवर्तनका असर न्यूनीकरण एवम् उत्थानशील विकास र हरीत अर्थतन्त्र अवलम्बन गर्ने चुनौती,

- विकासशील मुलुकमा स्तरोन्नतिबाट सिर्जना हुने उपलब्धिसँगै आइपर्ने चुनौतीको व्यवस्थापन; दिगो विकास लक्ष्यका लागि आवश्यक स्रोत व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयन।

## ३.४. विकास व्यवस्थापनको सुधारको लागि राष्ट्रिय योजना आयोगले गरेका प्रयासहरु

विकास व्यवस्थापनमा लामो समयदेखि विभिन्न अवरोधहरु देखा परेका छन्। यी अवरोधहरु हटाएर विकास व्यवस्थापनलाई सरलीकृत गर्न राष्ट्रिय योजना आयोगबाट गरिएका प्रयासहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छः

- संघ, प्रदेश र स्थानीय तहका सरकारहरुको विकास प्रतिको उच्च प्रतिबद्धता रहेकोले राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको विकासको समग्र दिशा एवम् गतिविधिलाई निर्देशन गर्ने साङ्केतिक योजना (Indicative Plan) को स्वरुपमा गरिएको,
- सोह्रौं योजनालाई कार्यान्वयनयोग्य, यथार्थपरक र नतिजामुलक बनाउने प्रयास गरिनुको साथै आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गरिएको छ जसले गर्दा स्रोत साधनको सुनिश्चितता भएको,
- सोह्रौं योजना तयार भई कार्यान्वयनमा आइसकेको हुँदा क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनको आधार तयार भएको,
- संघबाट सञ्चालन हुने राष्ट्रिय गौरवका आयोजना सहित रुपान्तरणकारी आयोजना र प्राथमिकताप्राप्त आयोजनाहरुको विवरण, लागत, समय सहितको वार्षिक विकास कार्यक्रम तयार गरिएको,
- चालु आर्थिक वर्षको यथार्थ विनियोजन तथा बाँकी दुई वर्षको खर्च प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना तयार भएको हुँदा आगामी

बजेट विनियोजन र स्रोतको सुनिश्चितता गर्नुपर्ने क्षेत्रमा आधार तयार भएको,

- विभिन्न मन्त्रालयसँग र प्रदेशस्तरमा समन्वय छलफल तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने क्रम निरन्तर रहेकोले अन्तर मन्त्रालय तथा अन्तर प्रदेश समन्वय कायम गर्नमा योगदान पुगेको,
- विभिन्न विषयगत मन्त्रालय तथा निकायका क्षेत्रगत नीतिहरुमा आयोगको महाशाखा प्रमुख, आयोगका सदस्य तथा साप्ताहिक वैठक जस्ता विभिन्न तहमा छलफल भई राय सुझाव उपलब्ध गराएबाट कार्यान्वयनयोग्य नीति तर्जुमामा सहयोग पुगेको,
- अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० तर्जुमा भई कार्यान्वयनमा आएको सन्दर्भमा अनुगमन तथा मूल्याङ्कन विधिलाई थप व्यवस्थित बनाउन यस ऐनको नियमावली तर्जुमा भई स्वीकृतिको क्रममा रहेको,
- आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० र ठूला आयोजना सञ्चालन तथा सहजीकरण निर्देशिका, २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याएको,
- राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको स्थापना भई आयोजनाहरुको प्रविष्टि भैरहेको हुँदा आयोजनाहरुको वर्तमान अवस्थाको विश्लेषण गर्न सहज हुने तथा भविष्यमा आवश्यक पर्ने आयोजनाहरुको पहिचान र छनौट गर्न सहयोग पुग्ने अपेक्षा गरिएको ।

## ३.५ राष्ट्रिय योजना आयोगले सामना गरेका वर्तमान चुनौतीहरु

विकास व्यवस्थापनको विभिन्न चरणमा देखिएका समस्याहरु समाधान गर्न राष्ट्रिय योजना आयोगले सामाना गरेको चुनौतीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- आयोगको काम, कर्तव्य र अधिकार ऐनबाट व्यवस्थित हुन नसक्दा आफ्नो कार्यक्षेत्र भित्रका कतिपय समस्या समाधानका विषयहरूमा पहिचान गरेका उपायहरू आयोगबाट प्रभावकारी ढङ्गमा समयमै कार्यान्वयनमा ल्याउनु कठिन हुनु,
- आयोगले संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्नु पर्ने दायित्व अनुरुप कार्य गर्दै आइरहेको परिप्रेक्ष्यमा आयोगको क्षेत्राधिकार भित्रको जिम्मेवारी प्रभावकारी सम्पादन गर्न आयोगको समयानुकूल र उपयुक्त सांगठनिक एवम् व्यवस्थापकीय पुनःसंरचना गरी आयोगलाई स्थायी, दक्ष र विशिष्टीकृत संस्था बनाउनु,
- आयोगको संरचनालाई निश्चित पदावधिको लागि स्थायी बनाउनु,
- आयोगको कार्य नीति, योजना तथा कार्यक्रमको विश्लेषण तथा तर्जुमा र अनुगमन, मूल्याङ्कन एवम् अध्ययन लगायतका प्रशासनिक भन्दा बढी बौद्धिक र अनुसन्धानात्मक प्रकृतिको भएको हुँदा कर्मचारीको बारम्बार हुने फेरबदलले कर्मचारीको विषय विशेषज्ञता विकास हुन सकिरहेको छैन। विषय विज्ञता विकासका लागी आर्थिक योजना तथा तथ्याङ्क सेवा समूह अन्तर्गत राष्ट्रसेवक कर्मचारीहरुलाई ल्याई आयोगको क्षमता अभिवृद्धि गर्नु र विशिष्टीकृत संस्थाको रुपमा विकास गर्नु,
- आयोगको आफ्नै कार्यालय भवन नभएकोले स्थान अभावको कारण प्रभावकारी कार्यसञ्चालनको लागि समस्या परेको।साथै आयोगका महत्वपूर्ण दस्तावेजहरुको स्थायी रुपले व्यवस्थापन गर्न गाह्रो परेको हुँदा कार्यलयको आफ्नै भवनको व्यवस्था गर्नु,

- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई आयोजना कार्यान्वयनमा देखिएका कमजोरीहरुलाई समयमा नै सुधार गर्नु,
- अनुगमन र मूल्याङ्कन क्षेत्रमा सबै मन्त्रालय एवं निकायहरुको यस आयोगलाई एक विशिष्ट संस्थाका रुपमा लिई निरन्तर समन्वय गर्नु।

## ३.६ राष्ट्रिय योजना आयोगले आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरु

राष्ट्रिय योजना आयोगले आफ्नो कार्य सञ्चालनका समयमा विभिन्न चुनौतीहरु सामाना गर्दै आएकोले आगामी दिनमा देहाय बमोजिमका विषय/क्षेत्रमा क्रियाशिल हुनुपर्ने देखिन्छः

- राष्ट्रिय योजना आयोग गठन आदेशको मर्म अनुसार प्रादेशिक योजना आयोगहरूका बीचमा समन्वय र सहजीकरण गर्ने र तीनै तहका योजना तथा कार्यक्रमहरूका बीचमा सामञ्जस्यता कायम राख्दै बृहत्तर राष्ट्रिय हितमा एकीकृत गरी विकासका प्रयासहरुलाई समन्वय गर्न,
- वार्षिक कार्यक्रमको छनौट गर्दा आवधिक योजनासँग सामान्जस्यता कायम राख्दै त्यस्ता कार्यक्रमको छनौटको आवश्यकता र औचित्यताको विश्लेषण गरेर मात्र बजेटमा समावेश गरी वित्तीय अनुशासन कायम गर्न/ गराउन,
- सन् २०३० सम्ममा उच्च मध्यम आय भएको मुलुकको स्तरमा पुग्न दीर्घकालीन सोच, नीति, योजना र कार्यक्रमलाई सबै तह र क्षेत्रमा सामञ्जस्यता र एकरुपता ल्याई कार्यान्वयनमा केन्द्रित गर्न,
- सन् २०१६ देखि अंगीकार गरिएको दिगो विकासका लक्ष्यहरुलाई राष्ट्रिय नीति, योजना तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्न प्रयास गरिएको भएता पनि दिगो विकासको लक्ष्य (SDGs)का सूचकहरूलाई प्रदेश तथा स्थानीय तहसम्म स्थानीयकरण गर्नुका साथै तिनको प्रगति स्थितिको प्रतिवेदन तथा समीक्षा गर्नुका

साथै दिगो विकास लक्ष्यको पूर्ण कार्यान्वयनका लागि आवश्यक पर्ने थप लगानी जुटाउन र परिचालन गर्न,

- देशको सामाजिक आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने आयोजना र परियोजनाहरू छनौट गरी लगानीको सुनिश्चितता प्रदान गर्नु पर्ने आवश्यक्ता छ भने सार्वजनिक निजी साझेदारी, प्रत्यक्ष वैदेशिक लगानी, विकास सहायता लगायतका आन्तरिक र बाह्य श्रोतहरूको समेत पहिचान गरी आर्थिक बृद्धि र रोजगारी सिर्जना गर्ने लगानीयोग्य परियोजना सहितको लगानी ढाँचा तयार गर्न,
- आयोजना बैंकको माध्यमबाट आयोजना व्यवस्थापन, सञ्चालन र अनुगमन तथा मूल्याङ्कनको संस्थागत प्रणाली विकास गर्नु र आयोजना तथा कार्यक्रमको वस्तुनिष्ठ सूचकहरूको आधारमा नियमित र समयसारिणी सहितको अनुगमन तथा निरीक्षण प्रणालीको विकास गरी हरेक निकायद्वारा गरिने अनुगमनबीच एकरूपता कायम गर्न,
- संघ - प्रदेश र संघ - प्रदेश - स्थानीय तहको योजनागत समन्वयलाई प्रभावकारी बनाउनुका साथै संघ, प्रदेश र स्थानीय तहहरूलाई योजना तथा कार्यक्रम तर्जुमाको साथै कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यमा दक्षता अभिवृद्धि गरी सशक्तीकरण गर्न,
- अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकतामा राखी नीति पृष्ठपोषणको रुपमा अघि बढाउन,
- प्रदेश र स्थानीय तहमा विकास सहायता परिचालनको सहजीकरण तथा नियमन गर्न संवाद, समन्वय र सहकार्य वृद्धि गर्न,
- राष्ट्रिय योजना आयोगको संयोजकत्वमा प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने गरी छनौट भई विशेष तथा समपुरक अनुदान

विनियोजन भएका आयोजना/कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि पर्याप्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली विकास गर्न,

- सबै स्थानीय तहहरुमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने/गराउने कार्य तथा संघ, प्रदेश र स्थानीय तहको परियोजना बाँडफाँट व्यवस्थित गर्न,
- बहुबर्षीय र ठूला प्रकृतिका आयोजनाहरुको निश्चित अवधिपश्चात् आन्तरिक मूल्याङ्कन एवं प्रभाव मूल्याङ्कनका माध्यमबाट पृष्ठपोषण लिने संस्कृति विकास गर्न।

## ३.७ योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरु

विकास व्यवस्थापनलाई व्यवस्थित बनाउन महत्वपूर्ण चरणको रुपमा रहेको योजना तथा बजेट प्रणालीमा गर्नुपर्ने सुधारहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छः

- आवधिक योजनालाई छरितो र कार्यान्वयनयोग्य बनाउने,
- आवधिक योजना अनुरुप प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमको छनौट गर्ने प्रणाली विकास गर्ने,
- सोह्रौं योजनाको आयोजना कार्यान्वयको लागि संवैधानिक, विषयगत मन्त्रालयहरु र अन्य निकासहरु, विकासका अन्य सरोकारपक्षहरुको स्पष्ट जिम्मेवारी सहित कार्ययोजना बनाउने,
- मध्यमकालिन खर्च संरचनामा स्वचालित प्रणाली विकास गरी आवधिक योजना र बजेट बीचको आधार सम्बन्ध बलियो पार्ने,
- मध्यमकालीन खर्च संरचना र आयोजना बैंकलाई कडाईका साथ कार्यान्वय गर्ने साथै यिनीहरुको स्थानीयकरण समेत गर्ने र तीन तहबीचको आयोजना वर्गीकरणको मापदण्डलाई पूर्णरुपमा कार्यान्वयन गर्ने,

- आयोजना छनौट र बजेट विनियोजन गर्दा प्रादेशिक सन्तुलन मिलाउने। बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्डलाई समयानुकुल परिमार्जन गर्दै लैजाने,
- ठेक्का व्यवस्थापनमा सुधार गर्ने र निर्माण व्यवसायीको नियमनलाई प्रभावकारी बनाउने,
- प्राविधिक जनशक्तिको प्रर्याप्त व्यवस्था गर्ने र प्राविधिक जनशक्तिलाई स्रोत साधनको कमी हुन नदिन आयोजनामा खटिने कर्मचारीको स्थायित्वमा ध्यान दिने,
- राष्ट्रिय गौरवका आयोजना संचालन तथा व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड बनाई लागू गर्ने,
- आर्थिक-सामाजिक रुपान्तरण गर्ने प्रकृतिका वृहत आयोजनाको लागि पर्याप्त स्रोत साधनको व्यवस्था गर्ने,
- पूर्व मूल्याङ्कन नभएका, सम्भाव्यता नभएका तथा पूर्ण तयारी नभएका आयोजना/परियोजनाहरुलाई कार्यान्वयनमा नलाने र सम्भव भएसम्म आयोजना/परियोजनाको संख्या घटाउने,
- पूर्व तयारी सम्पन्न भई आयोजना बैंकमा समावेश आयोजनालाई मात्र बजेट विनियोजन गर्ने,
- रुग्ण आयोजनाहरुको व्यवस्थापन गर्ने,
- आयोजनाको संख्या वर्षेनी थप नगरी कार्यान्वयनका क्रममा रहेका आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गरी छिटो प्रतिफल प्राप्त हुनेगरी लगानी सुनिश्चित गर्ने,
- राष्ट्रिय विकास समस्या समाधान समितिका निर्णयहरु तत्काल कार्यान्वयनमा लैजाने,
- आयोजनामा गरिने प्राविधिक परीक्षणलाई थप सुदृढ बनाउने,

- नतिजा सूचकलाई नियमित समीक्षा गर्दै लैजाने। स्रोत र साधनको प्राथमिकीरणका आधारहरु स्पष्ट गर्ने,
- संघीय तथा प्रदेशका विकास योजना कार्यान्वयनको समस्या समाधानको लागि नियमित बैठक गरी समाधानका उपाय खोज्ने,
- नीति तथा कार्यक्रमहरुको नियमित मूल्याङ्कन गर्ने र परिणाम/असर मूल्याङ्कन गरेर मात्र उक्त कार्यक्रमलाई निरन्तरता दिने। आन्तरिक मूल्याङ्कन र तेस्रो पक्ष मूल्याङ्कनमार्फत आयोजना/ कार्यक्रमको औचित्यता जाँच गर्ने,

# अनुसूचीहरु

## अनुसूची – १

## राष्ट्रिय योजना आयोगको स्वरूप

**राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८० को दफा ३ बमोजिम आयोगको स्वरूप**

| | | |
|---|---|---|
| (क) | सम्माननीय प्रधानमन्त्री | - अध्यक्ष |
| (ख) | नेपाल सरकारबाट नियुक्त एक जना | - उपाध्यक्ष |
| (ग) | नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा ७ जना | - सदस्य |
| (घ) | मुख्य सचिव, नेपाल सरकार | - सदस्य |
| (ङ) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (च) | सचिव, राष्ट्रिय योजना आयोग | - सदस्य-सचिव |

## अनुसूची – २

## राष्ट्रिय योजना आयोगका वर्तमान पदाधिकारीज्यूहरु तथा कर्मचारीहरुको विवरण

### तालिका २.१: आयोगका वर्तमान पदाधिकारीज्यूहरुको विवरण

| पद | नाम थर |
|---|---|
| उपाध्यक्ष | प्रा.डा.शिवराज अधिकारी |
| सदस्य | प्रा.डा.आर.पि. बिच्छा |
| सदस्य | डा. रमेश प्रसाद सिह |
| सदस्य | डा.प्रकाश कुमार श्रेष्ठ |
| सदस्य | श्री गिता पौड्याल अधिकारी |
| सदस्य | डा. जयबहादुर टण्डन |
| सदस्य | श्री गंगादत्त अवस्थी |
| सदस्य सचिव | मधु कुमार मरासिनी |

### तालिका २.२: आ.व.२०८०/८१ मा आयोगमा रहनु भएका पदाधिकारीज्यूहरुको विवरण

| पद | नाम थर |
|---|---|
| उपाध्यक्ष | डा.मीन बहादुर श्रेष्ठ |
| सदस्य | डा.रामकुमार फुयाँल |
| सदस्य | डा.जयकान्त राउत |
| सदस्य | प्रा.डा.आर.पि. बिच्छा |
| सदस्य | डा.प्रभु बुढाथोकी |
| सदस्य | डा.रमेशचन्द्र पौडेल |
| सदस्य | डा. अनिता शाह ढुङ्गाना |
| सदस्य | प्रा.डा.शिवराज अधिकारी |
| सदस्य | डा.संगिता सिंह |
| सदस्य | डा.कुसेन्द्र बहादुर महत |
| सदस्य | डा.उमा शंकर प्रसाद |

| | |
|---|---|
| सदस्य | डा.अरनिको कुमार पाँडे |
| सदस्य सचिव | डा. तोयनारायण ज्ञवाली |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| **सह सचिव** | **श्री खोम राज कोइराला** | **आर्थिक व्यवस्थापन महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | श्री लक्ष्मी घिमिरे | योजना, कार्यक्रम तथा आर्थिक क्षेत्र |
| योजना अधिकृत | श्री बबिता भट्टराई | समष्टिगत आर्थिक क्षेत्र तथा आर्थिक नीति, योजना |
| योजना अधिकृत | श्री भेषराज शर्मा | समष्टिगत आर्थिक क्षेत्र तथा आर्थिक नीति, योजना |
| निर्देशक | श्री यदुनाथ आचार्य | आर्थिक विश्लेषण तथा तथ्याङ्क |
| योजना अधिकृत | श्री पुष्पा घिमिरे | आर्थिक विश्लेषण तथा तथ्याङ्क |
| कार्यक्रम निर्देशक | श्री अनिता पौडेल | अन्तर्राष्ट्रिय सम्बन्ध |
| योजना अधिकृत | श्री सुरज अर्याल | परराष्ट्र,अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक सहायता, दिगो विकास लक्ष्यको समग्र समन्वय र लक्ष्य १० र १७ को समन्वय |
| योजना अधिकृत | श्री कार्तिका यादव | परराष्ट्र,अन्तर्राष्ट्रिय सम्बन्ध, वैदेशिक सहायता, दिगो विकास लक्ष्यको समग्र समन्वय र लक्ष्य १० र १७ को समन्वय |
| कार्यक्रम निर्देशक | श्री अशोक कोइराला | आयोजना बैंक तथा विपद् व्यवस्थापन |
| योजना अधिकृत | श्री कुलचन्द्र पराजुली | नयाँ आयोजना/आयोजना बैंक, गृह विपद व्यवस्थापन |
| योजना अधिकृत | श्री नवराज पराजुली | नयाँ आयोजना/आयोजना बैंक, गृह विपद व्यवस्थापन |
| **सह सचिव** | **श्री अर्जुन भण्डारी** | **पूर्वाधार महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | श्री राजेश बाबु घिमिरे | सहरी विकास र सार्वजनिक निजी साझेदारी |
| योजना अधिकृत | श्री शम्शेर बहादुर राई | शहरी विकास र सार्वजनिक निजी साझेदारी |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| कार्यक्रम निर्देशक | श्री शिवरञ्जन पौड्याल | संचार तथा सूचना प्रविधी/समपुरक अनुदान |
| कार्यक्रम निर्देशक | श्री विष्णुहरी उपाध्याय | भूमि व्यवस्था तथा सहकारी |
| योजना अधिकृत | श्री दिपेन्द्र दाहाल | संवैधानिक निकायहरु |
| योजना अधिकृत | श्री रमेश विश्वकर्मा | विशेष अनुदान |
| योजना अधिकृत | श्री पर्वत गिरी | भूमि व्यवस्था तथा सहकारी |
| योजना अधिकृत | श्री शर्मिला बन्जाडे | भूमि व्यवस्था तथा सहकारी |
| योजना अधिकृत | श्री रमेश पराजुली | संचार तथा सूचना प्रविधी/समपुरक अनुदान |
| कार्यक्रम निर्देशक | श्री हरिनारायण बेल्बासे | वन तथा वातावरण र युवा तथा खेलकुद |
| योजना अधिकृत | श्री लक्ष्मी कुमार बि.क | वन तथा वातावरण र युवा तथा खेलकुद, दिगो विकास लक्ष्य १३ र १५ |
| योजना अधिकृत | श्री रजनी ठाकुर | वन तथा वातावरण र युवा तथा खेलकुद, दिगो विकास लक्ष्य १३ र १६ |
| कार्यक्रम निर्देशक | श्री शिवरञ्जन पौड्याल | समपुरक/विशेष अनुदान |
| योजना अधिकृत | श्री रमेश विश्वकर्मा | विशेष अनुदान |
| योजना अधिकृत | श्री रमेश पराजुली | समपुरक तथा विशेष अनुदान |
| कार्यक्रम निर्देशक | श्री विष्णुहरि उपाध्याय | कृषि, भूमि व्यवस्था, गरिबी निवारण |
| **सह सचिव** | **श्री राजेश्वर ज्ञवाली** | **उत्पादन तथा श्रम सम्बन्ध महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | डा. लोकनाथ भुसाल | शिक्षा, श्रम तथा रोजगार |
| योजना अधिकृत | श्री निरञ्जन पाखिन | शिक्षा, विज्ञान तथा प्रविधि, श्रम तथा रोजगार मन्त्रालय ,दिगो विकास लक्ष्य ४ र ८ को समन्वय |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| योजना अधिकृत | श्री रञ्जना न्यौपाने | शिक्षा, विज्ञान तथा प्रविधि, श्रम तथा रोजगार मन्त्रालय ,दिगो विकास लक्ष्य ४ र ८ को समन्वय |
| कार्यक्रम निर्देशक | श्री गोकुल खड्का | उद्योग वाणिज्य तथा आपूर्ति |
| योजना अधिकृत | श्री देव राज भण्डारी | उद्योग वाणिज्य तथा आपूर्ति |
| **सह सचिव** | **राजेश गौतम** | **अनुसन्धान तथा अन्वेषण महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | श्री विष्णुहरि उपाध्याय | कृषि, भूमि व्यवस्था, गरिबी निवारण |
| योजना अधिकृत | श्री पर्वत गिरी | कृषि तथा पशुपंक्षी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, दिगो विकास लक्ष्य १ र ३ |
| योजना अधिकृत | श्री सर्मिला बञ्जाडे | कृषि तथा पशुपंक्षी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, दिगो विकास लक्ष्य १ र ४ |
| कार्यक्रम निर्देशक | श्री लक्ष्मी पाण्डे(गौतम) | संवैधानिक निकाय, अनुसन्धान तथा अन्वेषण |
| निर्देशक | श्री सरिता अधिकारी | अध्ययन, अनुसन्धान तथा अन्वेषण, संवैधानिक अंगहरु, प्र.म. तथा मं.प.को कार्यालय, रक्षा, दिगो विकास लक्ष्य १६ को समन्वय |
| कार्यक्रम निर्देशक | श्री अनुनय बाँस्तोला | तहगत तथा अन्तर सरकार समन्वय |
| योजना अधिकृत | श्री सुरेन श्रेष्ठ | खानेपानी कानून,न्याय तथा संसदीय मामिला,अन्तर सरकार समन्वय,दिगो विकास लक्ष्य ६ |
| कार्यक्रम निर्देशक | श्री हरिनारायण बेल्बासे | वन तथा वातावरण र युवा तथा खेलकुद |
| योजना अधिकृत | श्री लक्ष्मी कुमार बि.क | वन तथा वातावरण |
| योजना अधिकृत | श्री रजनी ठाकुर | युवा तथा खेलकुद |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| **सह सचिव** | **श्री रुद्र प्रसाद पण्डित** | **अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | श्री गोकुल खड्का | सूचना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन |
| योजना अधिकृत | श्री देवराज भण्डारी | उद्योग,वाणिज्य तथा आपूर्ति, दिगो लक्ष्य १२ |
| कार्यक्रम निर्देशक | श्री तिर्थराज राई | नतिजा व्यवस्थापन तथा प्रतिवेदन |
| योजना अधिकृत | श्री विकास विक्रम शाह | नतिजा व्यवस्थापन तथा प्रतिवेदन |
| तथ्याङ्क अधिकृत | श्री रमा भण्डारी | नतिजा व्यवस्थापन तथा प्रतिवेदन, राष्ट्रिय गौरव/रुपान्तरणकारी योजना |
| कार्यक्रम निर्देशक | श्री कृष्ण व्यान्जु | राष्ट्रिय विकास समस्या समाधान समन्वय शाखा/मन्त्रालयस्तरिय विकास समस्या समाधान समिति समन्वय |
| योजना अधिकृत | श्री शेखर रत्न शाक्य | राष्ट्रिय विकास समस्या समाधान समन्वय शाखा/मन्त्रालयस्तरिय विकास समस्या समाधान समिति समन्वय |
| कार्यक्रम निर्देशक | श्री गंगाधर पौडेल | संस्कृति,पर्यटन तथा नागरिक उड्डयन, अनुगमन |
| योजना अधिकृत | श्री उत्तम खतिवडा | संस्कृति,पर्यटन तथा नागरिक उड्डयन, अनुगमन |
| योजना अधिकृत | श्री प्रतिमा न्यौपाने | संस्कृति,पर्यटन तथा नागरिक उड्डयन, अनुगमन |
| **सह सचिव** | **श्री हेमराज सुवेदी** | **सामाजिक विकास महाशाखा प्रमुख** |
| कार्यक्रम निर्देशक | श्री शिवरञ्जन पौड्याल | स्वास्थ्य महिला बालबालिका तथा जेष्ठ नागरिक |
| कार्यक्रम निर्देशक | श्री अनुनय बाँस्तोला | तहगत तथा अन्तर सरकार समन्वय |
| कार्यक्रम निर्देशक | डा. लोकनाथ भुसाल | शिक्षा, श्रम तथा रोजगार शाखा |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| योजना अधिकृत | श्री चन्द्र प्रकाश बस्नेत | स्वास्थ्य तथा जनसंख्या,बालबालिका तथा ज्येष्ठ नागरिक, सञ्चार तथा सूचना प्रविधि दिगो विकास लक्ष्य ३ र ५ को समन्वय |
| योजना अधिकृत | श्री शारदा ज्ञवाली | स्वास्थ्य तथा जनसंख्या,बालबालिका तथा ज्येष्ठ नागरिक, सञ्चार तथा सूचना प्रविधि दिगो विकास लक्ष्य ३ र ५ को समन्वय |
| योजना अधिकृत | श्री भरत कँडेल | स्वास्थ्य तथा जनसंख्या,बालबालिका तथा ज्येष्ठ नागरिक, दिगो विकास लक्ष्य ३ र ५ को समन्वय |
| योजना अधिकृत | श्री निरञ्जन पाखिन | शिक्षा, विज्ञान तथा प्रविधि, श्रम तथा रोजगार मन्त्रालय ,दिगो विकास लक्ष्य ४ र ८ को समन्वय |
| योजना अधिकृत | श्री कृष्णानन्द सिंह | शिक्षा, विज्ञान तथा प्रविधि, श्रम तथा रोजगार मन्त्रालय ,दिगो विकास लक्ष्य ४ र ८ को समन्वय |
| योजना अधिकृत | श्री सुरेन श्रेष्ठ | खानेपानी कानून,न्याय तथा संसदीय मामिला,अन्तर सरकार समन्वय,दिगो विकास लक्ष्य ६ |
| योजना अधिकृत | श्री रमेश विश्वकर्मा सुनार | सञ्चार तथा सूचना प्रविधि, विशेष |
| **सह सचिव** | **श्री मनमायाँ भट्टराई पँगेनी** | **प्रशासन महाशाखा प्रमुख** |
| उपसचिव (लेखा) | श्री उदय राज भट्टराई | आर्थिक प्रशासन |
| लेखा अधिकृत | श्री सर्वोदय उपाध्याय | आर्थिक प्रशासन |
| लेखापाल | श्री माया देवी खुलाल निरौला | आर्थिक प्रशासन |
| कम्प्युटर अपरेटर | श्री रमेश तिमिल्सिना | आर्थिक प्रशासन |
| कार्यक्रम निर्देशक | डा.दिवाकर लुईटेल | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| योजना अधिकृत | श्री अरुण तिमल्सिना | मा. उपाध्यक्षज्यूको कार्यकक्षमा |
| योजना अधिकृत | श्री रोशनी कार्की | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |
| योजना अधिकृत | श्री मेघराज सोनी | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |
| योजना अधिकृत | श्री सुवाष लिम्बु | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |
| कानुन अधिकृत | श्री कुमार रिजाल | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |
| कम्प्युटर अधिकृत | श्री मन्दिरा नापित गुरुङ्ग | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(आइटि युनिट) |
| पुस्तकालय अधिकृत | श्री सम्झना घिमिरे | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(पुस्तकालय) |
| कार्यक्रम निर्देशक | श्री निशा थापा राउत | उर्जा, जलस्रोत तथा सिंचाई |
| योजना अधिकृत | श्री निशा लौडारी | उर्जा, जलस्रोत तथा सिंचाई |
| कार्यक्रम निर्देशक | श्री रामहरि पाण्डे | |
| नायब सुब्बा | श्री भुवन न्यौपाने | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |
| कम्प्युटर अपरेटर | श्री उमा सिग्देल | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |
| नायब सुब्बा | श्री प्रिति सापकोटा | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन |
| कम्प्युटर अपरेटर | श्री योगेश थापा | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(आइटि युनिट) |
| कम्प्युटर अपरेटर | श्री बिजय सिंह थापा | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा(आइटि युनिट) |
| नायव सुब्बा | श्री कमला अर्याल | दर्ता चलानी |
| ना. सु. (टा.) | श्री केदार तण्डुकार | दर्ता चलानी |
| नायव सुब्बा | श्री ठाकुर प्रसाद वाग्ले | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन, स्टोर |
| नायब सुब्बा | श्री नवराज पराजुली | आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा, स्टोर |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| कम्प्युटर अपरेटर | श्री संझना पुडासैनी | श्रीमान् सचिवज्यूको सचिवालयमा |
| कम्प्युटर अपरेटर | श्री अन्जना अधिकारी | मा सदस्य श्री गिता पौड्याल अधिकारीज्यूको सचिवालयमा |
| नायव सुब्बा | श्री डिल्लीराज खड्का | मा सदस्य रमेश प्रसाद सिंहज्यूको सचिवालयमा |
| नायव सुब्बा | श्री प्रियंका राई | मा.सदस्य प्रकाश कुमार श्रेष्ठज्यूको सचिवालय |
| नायव सुव्वा | श्री सम्झना लुईटेल | सहसचिव श्री महेश भट्टराईज्यूको सचिवालयमा |
| नायव सुव्वा | श्री शिशिर कुमार राई | सहसचिव श्री यमलाल भूषालज्यूको सचिवालयमा |
| नायव सुव्वा | श्री कृष्ण प्रसाद पोखरेल | |
| नायव सुव्वा | श्री मोहन प्रसाद ढकाल | मा.सदस्य प्रा.डा.आर पि बिछाज्यूको सचिवालय |
| नायव सुव्वा | श्री सुस्मा लुईटेल | सहसचिव श्री रुद्र प्रसाद पण्डितज्यूको सचिवालय |
| नायव सुव्वा | श्री पर्शुराम घिमिरे | सहसचिव श्री मनमायाँ भटराई पँगेनीज्यूको सचिवालय |
| नायव सुब्बा | श्री सविना गुरागाई | सहसचिव श्री राजेश गौतमज्यूको सचिवालय |
| नायब सुब्बा | श्री तेजनाथ ढकाल | माननीय उपाध्यक्षज्यूको सचिवालय |
| नायब सुब्बा | श्री बबिता महतो | सहसचिव श्री हेमराज सुवेदीज्यूको सचिवालय |
| नायब सुब्बा | श्री मदन बिमली | मा सदस्य श्री गंगादत्त अवस्थीज्यूको सचिवालयमा |
| नायब सुब्बा | श्री बिमला घिमिरे पौडेल | माननीय डा. जयबहादुर टण्डनज्यूको सचिवालयमा |
| ह.स.चा. | श्री दिपक कार्की | |
| ह.स.चा. | श्री सुरज महर्जन | |
| ह.स.चा. | श्री अनिल चित्रकार | |
| ह.स.चा. | श्री राजु स्याङतान | |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| ह.स.चा. | श्री राम कुमार रायमाझी | |
| ह.स.चा. | श्री रामेश्वर महर्जन | |
| ह.स.चा. | श्री डम्बर भुल | |
| ह.स.चा. | श्री सुरेश श्रेष्ठ | |
| ह.स.चा. | श्री सजन लामा स्याङतान | |
| ह.स.चा. | श्री दिलकृष्ण खड्गी | |
| ह.स.चा. | श्री रामहरी गिरी | |
| ह.स.चा. | श्री भीम बहादुर पौडेल | |
| ह.स.चा. | श्री सुरेन्द्र घटुवा | |
| ह.स.चा. | श्री हेराकाजी महर्जन | |
| ह.स.चा. | श्री गोविन्द खड्का | |
| ह.स.चा. | श्री बलराम गोसाई | |
| ह.स.चा. | श्री श्याम कार्की | |
| ह.स.चा. | श्री श्रीराम कोजु | |
| ह.स.चा. | श्री बलराम सिंखडा | |
| का.स. | श्री हेमरत्न महर्जन | |
| का.स. | श्री सेते तामाङ | |
| का.स. | श्री दिपक कार्की | |
| का.स. | श्री शान्ता महर्जन | |
| का.स. | श्री च्याङ्वारानी तामाङ | |
| का.स. | श्री डोर बहादुर कार्की | |
| का.स. | श्री गोपाल अर्याल | |

| पद | नाम थर | महाशाखा/शाखाको नाम |
|---|---|---|
| का.स. | श्री कमल बहादुर दराई | |
| का.स. | श्री बिमला जि सि | |
| का.स. | श्री शर्मिला चित्रकार | |
| का.स. | श्री रमा पाण्डे | |
| का.स. | श्री अञ्जु खड्का | |
| का.स. | श्री गोपाल धिमाल | |
| का.स. | श्री सानु नारायण मानन्धर | |
| का.स. | श्री रिम्की तामाङ्ग | |
| का.स. | श्री प्रकाश थापा | |
| का.स. | श्री शान्ता रिजाल | |
| का.स. | श्री राधिका कोइराला | |
| का.स. | श्री सीता भट्टराई | |
| का.स. | श्री गौरी तामाङ्ग | |
| का.स. | श्री कविता महर्जन | |
| का.स. | श्री बिन्दु श्रेष्ठ | |
| झाडु बडारु | श्री भरत पोडे | |
| इलेक्ट्रिसियन | श्री जितेन्द्र महर्जन | |
| झाडु बडारु | श्री भर्सा पोडे | |
| झाडु बडारु | श्री प्रमिला पोडे | |

## अनुसूची – ३
## राष्ट्रिय विकास समस्या समाधान समितिको स्वरूप
## (अनुगमन तथा मूल्यांकन ऐन, २०८० अनुसार)

| | | |
|---|---|---|
| (क) | सम्माननीय प्रधानमन्त्री | अध्यक्ष |
| (ख) | नेपाल सरकारका मन्त्रीहरू | सदस्य |
| (ग) | प्रदेशका मुख्य मन्त्रीहरु | सदस्य |
| (घ) | आयोगको उपाध्यक्ष | सदस्य |
| (ङ) | आयोगका सदस्यहरु | सदस्य |
| (च) | नेपाल सरकारको मुख्य सचिव | सदस्य |
| (छ) | सचिव, नेपाल सरकारअर्थ मन्त्रालय, | सदस्य |
| (ज) | आयोगको सचिव | सदस्य-सचिव |

समितिको बैठकमा प्रत्येक चौमासिक अवधिमा कम्तिमा एक पटक बस्नेछ। समितिको बैठकमा आवश्यकता अनुसार सङ्घ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिने। समितिको बैठक तथा निर्णय सम्बन्धि कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुने।

## अनुसूची – ४

## ५० औं र ५१ औं राष्ट्रिय विकास समस्या समाधान समितिमा गरिएका निर्णयहरुको कार्यान्वयनको स्थिति




## अनुसूची – ५

### तालिका ५.१: राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठक निर्णयहरु र कार्यान्वयन स्थिति

| सि.नं. | ५१ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १. | नागरिकका संवेदनशील व्यक्तिगत विवरणहरू पटक-पटक विभिन्न निकायमा पेश गर्नुपर्ने तथा सरकारी निकायका विभिन्न प्रणालीहरूमा एकै प्रकारका विवरणहरू अलग-अलग प्रविष्टि गर्नुपर्ने समस्या समाधान गर्न गृह मन्त्रालयले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सहितका अन्य सरोकारवाला निकायहरूसँग समन्वय | • अन्तरआवद्धताको भैसकेको (घटना दर्ता प्रणालीसँग )<br>• अन्तरआवद्धताको परीक्षण भइरहेको (सामाजिक सुरक्षा, आन्तरिक राजस्व)। |

| सि.नं. | ५१ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | गरी एकीकृत विवरण प्रविष्टि र प्रयोग प्रणालीको विकास गर्ने सम्बन्धी प्रस्ताब दुई महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्ने । | • अन्तरआवद्धता सम्बन्धी प्रणाली बिकास भई रहेको (राहदानी बिभाग)<br>अन्तरआवद्धताको लागि छलफल भईरहेको (CMIS,नागरिक स्वास्थ्य बिमा कार्यक्रम ,नेपाल राष्ट्र बैंक)<br>**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**<br>आवश्यकता अनुसार सहकार्य भएको। |
| २ | कृषि योग्य जग्गाको खण्डीकरण हुन र बाँझो हुनबाट जोगाउन एवम् कृषि भूमि लोप हुन नदिने उपायका सम्वन्धमा तीन महिनाभित्र सुझाब दिनेगरी राष्ट्रिय योजना आयोगका सम्बन्धित विषयक्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयका प्रतिनिधि समावेश भएको समिति गठन गर्ने। | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय**<br>राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यूको संयोजकत्वमा गठित समितिमा मन्त्रालयका सहसचिव श्री भोजराज सापकोटालाई सदस्य तोकिएको। सो समितिबाट प्रतिवेदन तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गरिएको।<br>**भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**<br>भूमि व्यवस्थापन महाशाखा प्रमुखको प्रतिनिधित्व रहेको |
| ३ | लेखा परीक्षण ऐन, २०७५ को दफा ८ बमोजिम महालेखा परीक्षकलाई सम्परीक्षण गर्ने अधिकार रहेको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७५ को दफा ४० र ४१ मा बेरूजु संपरीक्षणसम्बन्धी व्यवस्था रहेको, तर बिगत केही समयदेखि बेरूजु फर्स्यौट कार्य अवरूद्ध हुन पुगेको र बेरूजुको परिमाण वर्षेनी थपिने तर फर्स्यौट | अर्थ मन्त्रालयले सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको कार्यालयसंग समन्वय गरिरहेको। |

| सि.नं. | ५१ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | नहुने स्थिति उत्पन्न भएकोले विद्यमान कानुनी व्यवस्थाअनुसार सम्परीक्षण गर्ने कार्यलाई निरन्तरता दिन एवम् कानुनमा परिमार्जन गर्नुपर्ने भए सो समेत अध्ययन गरी अर्थ मन्त्रालयले सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको कार्यालयसँग आवश्यक समन्वय गरी सुझाव सहितको प्रतिवेदन एक महिनाभित्र पेश गर्ने। | |
| ४ | अर्थतन्त्रमा विगत देखि देखापरेका समस्या र अर्थतन्त्रका समसामयिक चुनौतीलाई निराकरण गर्दै दीगो आर्थिक स्थायित्व तथा अर्थतन्त्रको समग्र सुधार गर्ने विषयमा अर्थ मन्त्रालयले अध्ययन गरी उपयुक्त सुझावसहितको प्रस्ताव तीन महिनाभित्र पेश गर्ने। | अर्थतन्त्रको विद्यमान स्थितिबारे नियमित समीक्षा गर्ने गरिएको। |
| ५ | बढ्दो र अव्यवस्थित बसाइसराइ, जोखिममा रहेका बस्तीहरू, छरिएर रहेका बस्तीहरूमा विकासका पूर्वाधार र सेवा प्रवाहको पहुँचजन्य समस्या लगायतका विषय अध्ययन गरी शहरी विकास मन्त्रालयले सरोकारवाला मन्त्रालय तथा निकायसँग समन्वय गरी व्यवस्थित एवं दीगो बस्ती विकासको स्पष्ट खाका तीन महिनाभित्र पेश गर्ने। | • राष्ट्रिय शहरी नीति स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०८०/११/२३ मा पठाइएको<br>• राष्ट्रिय बस्ती विकास नीति तर्जुमा सम्वन्धी अवधारणा पत्र तयार भएको<br>National Democratic Institute for International Affairs (NDI) बाट मानव बस्ती सम्वन्धी खाका (Framework on Human Settlement) तयार गर्न कार्य क्षेत्रगत शर्त (Terms of Reference) तयार भएको |

| सि.नं. | ५१ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| ६ | समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान हस्तान्तरण सम्बन्धमा प्रदेश तथा स्थानीय तहको उपयुक्त माग सम्बोधन हुने गरी आगामी वर्षको बजेट तर्जुमा अगावै अर्थ मन्त्रालयले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी आवश्यक प्रकृया र बिधि तर्जुमा गरी कार्यान्वयन गर्ने। | आगामी बजेट तर्जुमाको कार्य शुरू गर्नु अघि यस विषयमा टुँगो लगाउने। |
| ७ | नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पेश गर्ने समयावधि पर्याप्त कायम गर्न नीति तथा कानुनमा गर्नुपर्ने आवश्यक परिमार्जनको सुझावका लागि राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालय समेतको प्रतिनिधित्व रहेको समितिले तीस दिनभित्र प्रतिवेदन पेश गर्ने। | "नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पेश गर्ने समयावधि पर्याप्त कायम गर्न नीति तथा कानुनमा गर्नुपर्ने आवश्यक परिमार्जनको सुझावका लागि गठित समितिको प्रतिवेदन" तर्जुमा गरेको। उक्त प्रतिवेदन आयोग आयोगबाट स्वीकृत भई कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको।<br>प्रतिवेदनको सुझाव कार्यान्वयनार्थ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा आवश्यक संशोधन (अध्यादेश मार्फत) गरिएको छ । |

| सि.नं. | ५१ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| ८. | स्वास्थ्य जनशक्तिको पर्याप्त उपलब्धता नभएका कारण केन्द्रदेखि वडातहसम्म स्वास्थ्य सेवा प्रवाहमा देखा परेको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका सम्बन्धित विषयक्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सहितको प्रतिनिधित्व रहेको कार्यदलले तीन महिना भित्रमा प्रतिवेदन पेश गर्ने। | अन्तिम प्रतिवेदन तयार भई आयोगमा पेश गर्न मा. सदस्यबाट निर्णय भई आयोगमा पेश गर्ने क्रममा रहेको। |
| ९. | भविष्यमा लम्पीस्किन, अफ्रिकन स्वाईन फिवर र अन्य महामारी देखा परेमा त्यसबाट पशुपन्छीलाई जोगाउने र महामारीबाट हुनसक्ने आर्थिक क्षतिलाई न्यून गर्ने उपायहरूको बारेमा कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले पूर्व-अध्ययन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने। | ▪ संक्रामक पशु रोग नियन्त्रण सम्बन्धी विद्येयेक तर्जुमा भई कानुन मन्त्रालयमा सहमतिका लागि पेश भएको र लम्पी स्कीन रोगका कारण पशुधन क्षति भएका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, २०८० को मस्यौदा तयार भई सहमतिका लागि अर्थ मन्त्रालयमा पेश गरिएको।<br>लम्पी स्कीन रोग नियन्त्रणको कार्ययोजना २०८023/४/ मा (सचिवस्तर) स्वीकृत भएको। |
| १० | मुलुकमा वर्षेनी उपलब्ध हुने जनशक्तिको व्यवस्थापन गर्न, वैदेशिक रोजगारीमा जाने जनशक्तिलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न, वैदेशिक अध्ययनमा जाने विद्यार्थीहरूको सङ्ख्या बढ्दै गएकोले देशभित्रै अध्ययन एवम् रोजगारीका अवसर उपलब्ध गराउन कार्यान्वयन योग्य मानव संशाधन | माननीय सदस्य डा. रमेशचन्द्र पौडेलज्यूको संयोजकत्वमा समिति गठन गरी ३ (तीन) वटा बैठक बसेको। सम्बन्धित मन्त्रालय/ निकायहरूबाट प्राप्त विवरणका आधारमा तयार भएको समग्र मानव संसाधन विकास योजनाको |

| सि.नं. | ५१ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन यसअघि यस सम्बन्धमा भएका अध्ययन प्रतिवेदनसमेतका आधारमा थप अध्ययन गर्नु पर्ने भए सो समेत गरी समग्र मानव संशाधन विकास योजना तयार गरी तीन महिना भित्र पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषयक्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने। | मस्यौदा प्रस्तुत गरी छलफलमा आएका सुझावहरू र मिति २०८०।१२।११ गते सम्म समितिका सदस्यहरूबाट प्राप्त हुने सुझावहरूसमेत समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप प्रदान गर्ने र अन्तिम प्रतिवेदन राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरिएको। |

**तालिका ५.२ः राष्ट्रिय विकास समस्या समाधान समितिको ५२औं बैठक निर्णयहरु र कार्यान्वयन स्थिति**

| सि.नं. | ५२ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १. | सबै प्रदेशमा सवारी करका दरहरुमा एकरुपता कायम गर्न प्रदेशहरु बीच समन्वय गरी संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिमा छलफल गरी समस्या समाधान गर्न **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**ले एक महिनाभित्र सहजीकरण गर्ने । | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।** प्रदेशमा सवारी करका दरहरुमा एकरुपता कायम गर्ने सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिमा छलफल गरी समस्या समाधान गर्नका लागि बैठकको आयोजना गर्ने तयारी भइरहेको। |
| २ | सहकारी संस्थाबाट प्रवाह भएका ऋृण असुली सम्बन्धी मुद्दाको कारबाही किनारा गर्न कर्जा असूली न्यायाधीकरण, सहकारी | **भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय** |

| सि.नं. | ५२ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | संस्थामा बचत गर्ने बचतकर्ताको बचत रकमको एवं प्रवाह भएको कर्जाको समेत सुरक्षाको लागि वचत तथा कर्जा सुरक्षण कोष, कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाहमा सूचना प्राप्त गर्नको लागि सहकारी ऐन, २०७४ को दफा ८१ बमोजिम कर्जा सूचना केन्द्र र सहकारी संस्थाको नियमन एवं सुपरीवेक्षण गर्नको लागि स्वायत्त र स्वतन्त्र नियामक निकायको स्थापना र सञ्चालन गर्नको लागि **भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र अर्थ मन्त्रालय**ले सहजीकरण गर्ने । | सहकारी कर्जा सूचना केन्द्र स्थापना सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतको कर्जा सूचना केन्द्रमा नै सहकारी संघ संस्थालाई समेत आवद्ध गर्ने विषयमा उक्त केन्द्रसँग छलफल अन्तर्क्रिया गरिएको । छलफलबाट सकेसम्म एउटै निकायबाट यस सम्बन्धी कार्य हुन उपयुक्त हुने राय सुझाव पेश भएको । यसको लागि सहकारी ऐन, २०७४ को दफा ८१ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ मा आवश्यक संशोधन हुनुपर्ने देखिएको । सूचना केन्द्र स्थापनाको लागि बजेट प्रस्ताव गरिएको ।<br>**अर्थ मन्त्रालय**<br>१. कर्जा असुली न्यायाधिकरण सम्बन्धमाः<br>सहकारी ऐन, २०७४ को दफा ८२ र सहकारी नियमावली, २०७५ को परिच्छेद १० बमोजिम सहकारी कर्जा असुली न्यायाधिकरण गठनको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पठाउने प्रयोजनका लागि न्यायाधिकरणको कार्यक्षेत्रगत शर्त र पदाधिकारीहरुको सेवा शर्त सम्बन्धमा सहमतिका लागि अनुरोध भई आएको विषयको सम्बन्धमा मिति २०८०।१२।२८ (माननीय मन्त्रीस्तर) को निर्णयानुसार देहायका विकल्पहरुको अध्ययन/विश्लेषण समेतका |

| सि.नं. | ५२ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | आधारमा प्रचलित कानून, विधि, प्रकृया र स्वीकृत मापदण्ड बमोजिम प्रस्तावित सहकारी कर्जा असुली न्यायाधिकरण गठनको लागि सहमति प्रदान गरिएको।<br>देहायः<br>विकल्प १. कानूनमा संशोधन गरी हाल कार्यान्वयनमा रहेका संरचना जस्तैः ऋण असुली न्यायाधिकरण, सहकारी विभाग, सहकारी विकास बोर्ड लगायतका संस्थाबाट कार्य गर्न उपयुक्त हुने,<br>विकल्प २. सहकारी कर्जा असुली न्यायाधिकरणको गठन विद्यमान सहकारी ऐन/नियममा व्यवस्था भए बमोजिम नै गर्न उपयुक्त हुने,<br>विकल्प ३. न्यायाधिकरणको गठन सम्बन्धमा आवश्यक बजेट आगामी आर्थिक वर्ष २०८१/८२ को लागि विषयगत मन्त्रालयलाई प्राप्त सिलिङ्गभित्रबाट नै व्यवस्था गर्न उपयुक्त हुने ।<br>२. कर्जा सुरक्षण कोष सम्बन्धमाः<br>कर्जा सुरक्षण कोष स्थापना गर्नको लागि यस मन्त्रालयको सहमति तथा नेपाल सरकारको तर्फबाट गर्नुपर्ने योगदान रकमको व्यवस्थाको लागि अनुरोध भई आएको विषयको सम्बन्धमा मिति २०८०।०९।१२ (मा. मन्त्रीस्तर) को निर्णय अनुसार सहकारी बचत तथा कर्जा सुरक्षण कोषको आवश्यकता एवं सान्दर्भिकता अनुरुप आगामी |

| सि.नं. | ५२ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | आर्थिक वर्ष २०८१/८२ को लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई प्राप्त हुने बजेट सीमाभित्र प्रस्ताव गर्नेगरी लेखि पठाईएको। |
| ३ | आयोजना निर्माणमा सरकारी वन क्षेत्र प्रयोग गरे वापत आयोजनाहरूले उपलब्ध गराउने जग्गाको क्षेत्रफल हदबन्दीभन्दा बढी हुने भएमा वन नियमावली, २०७९ को नियम ९१ बमोजिम नेपाल सरकारको नाममा जग्गा पास गरी राष्ट्रिय वन कायम गर्ने प्रयोजनार्थ वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरी **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**ले आवश्यक सहजीकरण गर्ने। | **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**<br>वन तथा वातावरण मन्त्रालयसँग समन्वय र आवश्यक सहजीकरण गर्ने कार्य भईरहेको अवस्था छ। |
| ४ | "एक स्थानीय तहमा एक आधारभूत अस्पताल" नीति अनुरूप स्थानीय तहहरूमा निर्माणाधीन ५, १०, १५ शैय्याका आधारभूत अस्पतालहरूको श्रोत सुनिश्चितता नभएका २५९ अस्पतालहरूको आवश्यकता र औचित्य हेरी अर्थ मन्त्रालयसँगको समन्वयमा **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**ले नियमानुसार श्रोत सुनिश्चितता प्राप्त गरी निर्माण सम्पन्न गर्ने। | **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**<br>श्रोत सुनिश्चितता गरी ५, १०, १५ शैय्याका २५९ आधारभूत अस्पतालहरू निर्माण गर्ने निर्णय कार्यान्वयनको लागि पुनः अर्थ मन्त्रालयमा पत्रचार भएको। |
| ५ | राष्ट्रिय निर्देशन ऐन, २०१८, समाज कल्याण ऐन, २०४९ र संस्था दर्ता ऐन, २०३४ बमोजिम भई रहेका काम कारबाहीलाई एकद्वारबाट सञ्चालन गर्न **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**ले गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयहरु बीच | **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**<br>१) मिति २०८१/०२/१६ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री नारायणप्रसाद शर्मा दुवाडीको संयोजकत्वमा गृह मन्त्रालय, कानून न्याय तथा संसदीय |

| सि.नं. | ५२ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | आवश्यक समन्वय गरी एकीकृत कानुन तर्जुमा गर्ने कार्यलाई अगाडि बढाउने। | मामिला मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रतिनिधि सम्मिलित बैठक बसी समाज कल्याण ऐन, २०४९, राष्ट्रिय निर्देशन ऐन, २०१८ र संस्था दर्ता ऐन, २०३४ लाई एकीकृत गर्ने गरी कानुन तर्जुमा गर्ने सम्बन्धमा सैद्धान्तिक तथा व्यवहारिक रुपमा रहेको आवश्यक्ताको बारेमा छलफल भएको।<br>२) यससंग सम्बन्धित उपलब्ध हुने विभिन्न सन्दर्भ सामग्रीहरुको अध्ययन गरी धारणा सहित अर्को बैठकमा उपस्थित हुने निर्णय भएको। |
| ६ | बाली तथा पशुधन बीमा कार्यक्रमका सम्बन्धमा **कृषि तथा पशुपन्छी विकास मन्त्रालयले** अर्थ मन्त्रालय र नेपाल बीमा प्राधिकरणसँग समन्वय गरी नीतिगत र प्रकृयागत सुधारसहित बाली तथा पशुधन बीमा कार्यक्रम पूर्णरुपमा कार्यान्वयन हुने सुनिश्चित गर्ने । यस्तो प्रबन्ध आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटदेखि नै हुने व्यवस्था गर्ने। | **कृषि तथा पशुपन्त्री विकास मन्त्रालय**<br>१) नीतिगत तथा प्रक्रियागत सुधारका लागि सुझाब दिन मन्त्रालयका श्रीमान् सहसचिव सवनम शिवाकोटीज्यूको संयोजकत्वमा अर्थ मन्त्रालय, नेपाल बीमा प्राधिकरण, कृषि विभाग, पशुसेवा विभाग लगायतका प्रतिनिधि सदस्य रहेको समिति गठन भई प्रतिवेदन तयार भइरहेको।<br>२) आगामी आ.व. २०८१/८२ को बजेटमा कृषि तथा पशुधन बीमाका लागि रु. २ अर्ब १० करोड प्रस्ताव गरिएको। |

| सि.नं. | ५२ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| ७ | कृषि क्षेत्रमा बाँदरबाट हुने क्षति न्यूनीकरण गर्न **वन तथा वातावरण मन्त्रालय**को संयोजकत्वमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधि रहेको समितिले दुई महिनाभित्र अध्ययन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रतिवेदन पेश गर्ने। | **वन तथा वातावरण मन्त्रालय**<br>मिति २०८१/०१/२६ को वन तथा वातावरण मन्त्रालय (मन्त्रीस्तर)को निर्णय बमोजिम समिति गठन भई निर्णय कार्यान्वयनको क्रममा रहेको। |
| ८. | विद्युत प्रशारण लाइन निर्माणका लागि जग्गा प्राप्ति, क्षतिपूर्ति व्यवस्था एवम प्रशारण लाइनले चर्चेको जमिनको छुट्टै कित्ता कायम गरी बाँकी जमिन उत्पादन र बैंक धितो प्रयोजनमा प्रयोग गर्न पाउने व्यवस्था र विद्युत उत्पादन तथा प्रशारण लाइन आयोजनामा जग्गाधनीले प्राथमिकतामा शेयर पाउने लगायतको व्यवस्था गर्ने गरी **उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**को संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, अर्थ, गृह, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि रहेको समितिले दुई महिनाभित्र सुझाव सहितको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने। | **उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**<br>उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयका सह-सचिवको संयोजकत्वमा समिति गठन भएको। |
| ९. | विकास निर्माणको लागि आवश्यक पर्ने विष्फोटक पदार्थलाई सहज एवम् सुरक्षित रुपमा प्रयोग गर्ने सम्बन्धमा **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**को संयोजकत्वमा रक्षा मन्त्रालय र नेपाली सेनाका प्रतिनिधि रहेको समितिले अध्ययन गरी ३० दिन भित्र समाधान गर्ने। | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**<br>कार्यान्वयनका लागि यस मन्त्रालयको पूर्वाधार निर्माण तथा यातायात महाशाखाका प्रमुखलाई मिति २०८१/०२/२३ गतेको निर्णयानुसार समितिको संयोजक तोकिएको र उक्त समितिलाई पूर्णता |

| सि.नं. | ५२ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | दिन अन्य निकायबाट प्रतिनिधि माग गरिएको। |
| १० | विनियोजित बजेट खर्च गर्न अख्तियारी दिन सकिने निकाय, समिति, बोर्ड लगायतका निकायले हाल प्रयोगमा ल्याएका छुट्टै कोषहरु खारेज गर्ने, त्यस किसिमका निकायले गर्ने आम्दानी सञ्चित कोषमा जम्मा गर्ने र आवश्यक बजेट विनियोजन गरेर खर्च गर्ने व्यवस्था दुई महिनाभित्रमा अर्थ मन्त्रालयले गर्ने। | **अर्थ मन्त्रालय**<br>विनियोजित बजेटको अख्तियारी प्राप्त गर्ने निकाय, समिति, बोर्ड लगायतका निकायले हाल प्रयोगमा ल्याएका छुट्टै कोषहरु खारेज गर्ने, त्यस किसिमका निकायले गर्ने आम्दानी सञ्चित कोषमा जम्मा गर्ने विषयहरु कार्यान्वयन हुन बाँकी रहेको। साथै ती निकायहरुमा आवश्यक पर्ने बजेट एकमुष्ट रुपमा विनियोजन भई खर्च हुने गरेको। |
| ११ | सुदुरपश्चिम प्रदेश राजधानी निर्माणको लागि आवश्यक पर्ने जमिन उपलब्ध गराउन **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**ले सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी प्रक्रिया अघि बढाउने। | **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।**<br>सुदुर पश्चिम प्रदेश राजधानी निर्माणका लागि आवश्यक पर्ने जमिन उपलब्ध गराउने सम्बन्धमा सरोकारवाला निकायहरुसँग समन्वय र सहजीकरण भई कारवाही भईरहेको अवस्था छ। |
| १२ | प्रदेशलाई आवश्यक कर्मचारी प्राप्त नहुने र आवश्यक नभएको कर्मचारी पठाउँदा कर्मचारी व्यवस्थापनमा कठिनाइ भएको हुँदा **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**ले आवश्यक व्यवस्था मिलाउने। | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**<br>मन्त्रालयबाट कर्मचारी खटाउँदा प्रदेशको माग बमोजिम मात्र खटाउन शुरु गरिएको। |
| १३ | प्रदेशमा नेपाल प्रहरी समायोजन हुन नसकेकोले शान्ति सुरक्षा कायम राख्न, विपद व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन र समन्वय गर्न समस्या भएको हुँदा प्रहरी समायोजनसम्बन्धी कार्य **गृह मन्त्रालय**ले अघि बढाउने। | **गृह मन्त्रालय।**<br>• प्रहरी समायोजन कार्यलाई व्यवस्थि गर्नसचिवज्यूको संयोजकत्वमा समिति गठन भएको। |

| सि.नं. | ५२ औं बैठकका निर्णयहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| | | • प्रहरी ऐन, २०१२ लाई प्रतिस्थापन गरी परिवर्तित सन्दर्भमा नयाँ प्रहरी ऐनको मस्यौदा तयार भई छलफलको क्रममा रहेको।<br>• प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ को विद्यमान व्यवस्थामा समसामयिक संसोधनका लागि परिमार्जन सहित प्रक्रिय अगाडी बढाउन अर्थ मन्त्रालयबाट सहमति प्राप्त भई कार्य प्रारम्भ भएको। |

## अनुसूची – ६
## राष्ट्रिय योजना आयोगको बैठकका निर्णयहरु

(राष्ट्रिय योजना आयोगको निर्णय नभएको बैठकको विवरण तपशीलमा छैन।)

बैठक मितिः २०८०/०४/१०

बैठक सङ्ख्याः १

छलफल तथा निर्णयः

१. सोह्रौ योजनाको अवधारणापत्रको मस्यौदामा आयोगको छलफलमा उठेका विषयहरू समेत समावेश गरी निर्देशक समितिमा प्रस्तुत गर्ने।

२. सोह्रौ योजना तर्जुमा कार्यविधिः२०७९ मा देहायको संशोधन गर्ने ,

| दफा | हालको व्यवस्था | संशोधन | कारण |
|---|---|---|---|
| कार्यविधिको दफा ३ उपदफा (७) | दफा ३ को उपदाफा (६) बमोजिम सिफारिस भई आएको अवधारणापत्र आयोगबाट स्वीकृति हुने र ..... | दफा ३ को उपदाफा (६) बमोजिम सिफारिस भई आएको अवधारणापत्र आयोगको **पूर्ण बैठकबाट** स्वीकृति हुने र ........... | पूर्ण बैठकबाट स्वीकृत गर्न आवश्यक देखिएको। |
| समयतालिकाको क्र.सं.५ | क्रियाकलापः सोह्रौं योजनाको अवधारणापत्र निर्देशक समितिबाट सुझाव सहित स्वीकृति। | क्रियाकलापः • सोह्रौं योजनाको अवधारणापत्र निर्देशक समितिबाट सुझाव सहित | निर्देशक समितिले सिफारिस गर्न र आयोगको पूर्ण बैठकले स्वीकृत गर्न उपयुक्त हुने देखिएको; साथै |

| | | | |
|---|---|---|---|
| | समय सीमाः साउन पहिलो हप्ता | आयोगको पूर्ण बैठकमा पेश गर्न सिफारिस ।<br>• आयोगको पूर्ण बैठकबाट अवधारणापत्र स्वीकृत ।<br><br>समय सीमाः साउन दोस्रो हप्ता | सोही अनुरूप समयतालिका मिलान गर्न आवश्यक रहेको । |

३. संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिश भई आएको पाल्पा जिल्लास्थित भुसाल डाँडा ढल तथा फोहोर पानी प्रशोधन तथा व्यवस्थापन आयोजनालाई राष्ट्रिय प्राथमिताप्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड २०७९ को दफा ४ अनुसार ,राष्ट्रिय प्राथमिताप्राप्त आयोजना निर्धारण गर्ने।

बैठक मितिः २०८०/०४/१६

बैठक सङ्ख्याः २

छलफल तथा निर्णयः

१. सोह्रौ योजनाको अवधारणा पत्र स्वीकृत भए पछिका कार्यहरू अघि बढाउने सम्बन्धमा छलफल भयो।

२. चालु आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा राष्ट्रिय योजना आयोगको कार्यक्षेत्रभित्र पर्ने नीति र कार्यक्रमको सन्दर्भमा छलफल भयो।

३. मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान समितिको उपसमिति बैठकको तयारीका सम्बन्धमा छलफल भयो।

४. सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०८०/३/१६ मा बसेको राष्ट्रिय समन्वय परिषद्को निर्णय अनुसार तीनै तहका सरकारबीच विकास आयोजनामा दोहोरोपन हटाउने र तादात्म्यता कायम गर्न राष्ट्रिय योजना आयोगले समन्वयकारी भूमिका निर्वाह गर्ने सम्बन्धमा छलफल हुँदा राष्ट्रिय समन्वय परिषद्को निर्णयानुसार प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिमको समिति गठन गर्नेः-

   क. माननीय सदस्य डा.रमेश चन्द्र पौडेल, राष्ट्रिय योजना आयोग संयोजक
   ख. सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सदस्य
   ग. सहसचिव, अर्थ मन्त्रालय सदस्य
   घ. सहसचिव, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय सदस्य
   ङ. सहसचिव,अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा राष्ट्रिय योजना आयोग सदस्य-सचिव

बैठक मितिः २०८०/०४/२३

बैठक सङ्ख्याः ३

छलफल तथा निर्णयः

१. राष्ट्रिय योजना आयोगको तर्फबाट मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान उपसमितिका बैठकहरुमा हुने प्रतिनिधित्व र सहभागितालाई थप प्रभावकारी र नतिजामुखी बनाउन सम्बन्धित सबैले भूमिका निर्वाह गर्ने।

२. सोह्रौ योजनाको स्वीकृत अवधारणा-पत्रमा उल्लिखित समय तालिका बमोजिम हालसम्म सम्पादित क्रियाकलाप उपर समीक्षा गरी आगामी दिनमा सम्पादन गर्नु पर्ने क्रियाकलापहरू तदारूकताका साथ अघि बढाउने।

३. राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औं बैठक र सो भन्दा अघिका बैठकबाट भएका निर्णयहरुको हालसम्मको कार्यान्वयन अवस्था समीक्षा गरी कार्यान्वयन हुन बाँकी देखिएका निर्णयहरुका सम्बन्धमा आयोगका माननीय

सदस्यहरुले आ-आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित निर्णयहरु यथासमयमा कार्यान्वयनमा ल्याउन आवश्यक समन्वय र सहजीकरण गर्ने।

बैठक मितिः २०८०/०५/५

बैठक सङ्ख्याः ४

छलफल तथा निर्णयः

१. सोह्रौ योजना तर्जूमाका लागि स्वीकृत कार्यतालिका बमोजिम योजनाको विषय क्षेत्रगत मस्यौदा तयारीका लागि आयोगका माननीय सदस्यहरूको जिम्मेवारी तोक्ने।
२. मिति २०८०/०५/११ गते हुन लागेको राष्ट्रिय विकास समस्या समाधान समितिको ५१ औं बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने विषयहरूका सम्बन्धमा आयोगका माननीय सदस्यहरूले आ-आफ्नो विषयक्षेत्रसँग सम्बन्धित विषयहरूलाई अन्तिम रूप प्रदान गर्ने।
३. राष्ट्रिय विकास समस्या समाधान समितिको ४५ औं बैठकको निर्णयानुसार सम्बन्धित निकायहरूको सहभागितामा तयार गरिएको “राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० ”को मस्यौदामा आयोगको बैठकबाट प्राप्त भएका सुझावहरू समेत समावेश गरी स्वीकृतिका लागि नेपाल सरकार) मन्त्रिपरिषद् (समक्ष पेश गर्ने।

बैठक मितिः २०८०/०५/१२

बैठक सङ्ख्याः ५

छलफल तथा निर्णयः

१. अर्थ मन्त्रालयबाट बहुवर्षीय आयोजनाको ठेक्का एवम् स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८० को मस्यौदामा राष्ट्रिय योजना आयोगको राय/सहमती माग भई आएकोमा आयोगको बैठकबाट प्राप्त सुझावहरू समेत समावेश गरी अर्थ मन्त्रालयमा राय पठाउने।

बैठक मितिः २०८०/०६/०२

बैठक सङ्ख्याः ८

छलफल तथा निर्णयः

१. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवं नेपालको तर्फबाट बोर्ड अफ गभर्नर सहभागी हुनु भएको  अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रको सन् २०२० फेब्रुअरी ६ मा काठमाण्डौमा बसेको बैठकले स्वीकृत गरेको Regional Member Country  Funding Strategy 2021-2030 for ICIMOD लाई अनुमोदन गर्ने।

बैठक मितिः २०८०/०६/२४

बैठक सङ्ख्याः ११

छलफल तथा निर्णयः

१. राष्ट्रिय योजना आयोग (गठन तथा सञ्चालन) आदेश, (संशोधन सहित) २०७४ को समसामयिक सुधारको लागि आयोगका माननीय सदस्यज्यूको संयोजकत्वमा गठित कार्यदलले वुझाएको प्रतिवेदनलाई आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गर्ने र उक्त मस्यौदामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा सहमतिको लागि पठाउने।
२. राष्ट्रिय योजना आयोगलाई प्रभावकारी एवम् स्थायी समन्वयकारी निकायको रूपमा विकास गर्न ऐन द्वारा व्यवस्थित गर्नु पर्ने भएकोले राष्ट्रिय योजना आयोग विधेयक तर्जुमाको अवधारणा पत्रको  सैदान्तिक स्वीकृतिको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।
३. ठुला विकास आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्न उक्त आयोजनाहरूको कार्यान्वयनमा समन्वय र सहजीकरणलाई प्रभावकारी वनाउने उद्देश्यले आयोगले तयार पारेको “ठुला आयोजना कार्यान्वयन सहजीकरण कार्यविधि, २०८०” स्वीकृत गरी उक्त कार्यविधिमा सहमति उपलब्ध गराउन प्रधानमन्त्री

तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयमा लेखी पठाउने।

४. विभिन्न चरण पछि तयार भएको सोह्रौ योजनाको प्रारम्भिक मस्यौदाको सम्पादन गर्न आयोगका माननीय सदस्य डा. राम कुमार फुयाल र माननीय सदस्य डा. रमेश चन्द्र पौडेललाई जिम्मेवारी दिने र सम्पादन पश्चात छपाई गरी सरोकारवालासँग छलफल गर्ने।

बैठक मितिः २०८०/०८/१२

बैठक सङ्ख्याः १५

छलफल तथा निर्णयः

१. राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ७ को उपदफा (२) को खण्ड (ञ) मा नेपाल सरकारबाट मनोनित हुने राष्ट्रिय विकास परिषद्का पच्चीस जना सदस्यको सम्बन्धमा जिल्ला समन्वय समितिका प्रमुखहरू, स्थानीय तहका प्रतिनिधिहरू, प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट कम्तिमा एक तिहाई महिलासहित पच्चीस जना सदस्य रहने व्यवस्था भएअनुसार संलग्न अनुसूचीमा उल्लेख गरिएका पच्चीस जना महानुभावहरूलाई परिषद्को सदस्यको रूपमा मनोनयन गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिश गर्ने।

२. बहुक्षेत्रीय पोषण योजना - तेस्रो (आ.व.२०८०/८१-२०८७/८८) का सम्बन्धमा आयोगको बैठकमा प्राप्त सुझावहरुलाई समावेश गर्ने गरी अनुमोदन गर्ने। साथै उक्त दस्तावेजलाई स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद) समक्ष पेश गर्न सिफारिश गर्ने।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिश भई आए अनुसार देहायका आयोजनाहरूलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्नेः

(क) सूर्यगढी गाऊँपालिका, नुवाकोटको प्रशासकीय भवन निर्माण आयोजना,

(ख) मनहरी गाऊँपालिका, मकवानपुरको प्रशासकीय भवन निर्माण आयोजना,

(ग) विनयी त्रिवेणी गाऊँपालिका, दुम्कीवास, नवलपरासीको प्रशासकीय भवन निर्माण आयोजना

(घ) चौरी देउराली गाऊँपालिका, काभ्रेपलान्चोकको प्रशासकीय भवन निर्माण आयोजना

(ङ) भुम्लु गाऊँपालिका, काभ्रेपलान्चोकको प्रशासकीय भवन निर्माण आयोजना

(च) नारायण नगरपालिका, दैलेखको ल्याण्डफिल्ड साइट निर्माण आयोजना।दैलेखको ल्याण्डफिल्ड साइट निर्माण आयोजना।

बैठक मितिः २०८०/०८/२५

बैठक सङ्ख्याः १७

छलफल तथा निर्णयः

१. समपुरक अनुदान सम्बन्धी (तेस्रो) संशोधन कार्यविधि, २०७७ को दफा ३ मा रहेको समपुरक अनुदान प्रदान गरिने क्षेत्र र विशेष अनुदान सम्बन्धी (तेस्रो) संशोधन कार्यविधि, २०७७ को दफा ३ मा रहेको विशेष अनुदान प्रदान गरिने क्षेत्र सम्बन्धमा समसामयिक संशोधन गर्न अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।

२. नेपाल सरकार, राष्ट्रिय योजना आयोग र भारत सरकार, नीति आयोगबीच हुने समझदारी पत्रको प्रारम्भिक मस्यौदा स्वीकृत गरी प्रकृया अघि बढाउन परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने।

३. राष्ट्रिय विकास समस्या समाधान समितिको ५१ औं बैठकको निर्णय अनुसार नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने समय सीमाको व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलले तयार पारेको प्रतिवेदन आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी स्वीकृत गर्ने

र आवश्यक कारवाहीको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. दिगो विकास लक्ष्य सम्बन्धी तेस्रो राष्ट्रिय स्वेच्छिक समीक्षा (Voluntary National Review-VNR) प्रतिवेदन तयार गर्ने सम्बन्धमा पेश भएको कार्ययोजना स्वीकृत गर्ने।

५. दिगो विकास लक्ष्य सम्बन्धी तेस्रो राष्ट्रिय स्वेच्छिक समीक्षा तयार गर्नका लागि माननीय उपाध्यक्षज्यूको संयोजकत्वमा रहेको दिगो विकास कार्यान्वयन तथा अनुगमन समितिले समग्र समन्वयको काम गर्ने र आर्थिक व्यवस्थापन महाशाखाले सचिवालयको रूपमा काम गर्ने गरी तोक्ने।

बैठक मितिः २०८०/९/३

बैठक सङ्ख्याः १८

छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र रक्षा मन्त्रालयबाट प्राप्त देहायका आयोजनाको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० अनुसार अर्थ मन्त्रालयबाट प्राप्त पत्रमा उल्लेखित शर्तको अधिनमा रही बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।

क) काभ्रे जिल्ला, बनेपा नगरपालिका, वडा नं १३ र १४ को पेरुङ्गे डाँडामा निर्माण हुने राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय।

ख) कोशी कोरिडोर वरुण-च्याम्ताङ (चेनेज ८०+०० देखि १३४+००) ५४ कि.मि सडक खण्डको निर्माण तथा स्तरोन्नती।

ग) गंगटे-लब्धु-समुन्द्रटार-गोल्फुभञ्ज्याङ सडक खण्डको निर्माण तथा स्तरोन्नती।

घ) डुम्रे वेशीशहर चामे सडक खण्डको तनहुँ जिल्लाको चाम्बास बजार देखि तनहुँ र लमजुङ जिल्लाको सिमाना पाउदी खोला पुलसम्म (चेनेज ८+३०० देखि १८+८००) सडक खण्डको निर्माण तथा स्तरोन्नती।

ङ) भक्तपुर-नगरकोट-सिपाघाट-त्रिशुली-छहरे-विदुर सडक योजनाको तिनपिप्ले-रानीपौवा (चेनेज ९+०८५ देखि २१+६००) सडक खण्डको निर्माण तथा स्तरोन्नती।

च) वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम अन्तर्गत धनगढी-खुटीया-दिपायल-चैनपुर उरैभञ्ज्याङ सडक खण्डको निर्माण तथा स्तरोन्नती।

छ) सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक योजनाको गुल्मी-सिर्सेनी-अर्खावाङ-गंगरे (चेनेज११९+३०० देखि १३४+१००) सडक खण्डको निर्माण तथा स्तरोन्नती

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त देहायका आयोजनाको लागि आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० अनुसार अर्थ मन्त्रालयमा स्रोत सुनिश्चिताको लागि सहमति माग गर्ने।

क. राप्ती राजमार्ग नं.२ को अमेलिया-तुलसीपुर-कुपरकोट-सितलपाटी सडक अन्तर्गत चोरखोला-सितलपाटी सडक खण्डको निर्माण तथा स्तरोन्नती।

ख. मदन भण्डारी राजमार्गको बडीचौर-गुटु-कर्णाली (चेनेज १३+००० देखि २३+३४० र ४५+३४० देखि ६०+०००) सडक खण्डको स्तरोन्नती।

बैठक मितिः २०८०/९/११

बैठक सङ्ख्याः १९

छलफल तथा निर्णयः

१. प्रस्तावित "ठुला आयोजना कार्यान्वयन सहजीकरण कार्यविधि, २०८०" स्वीकृतिका लागि सक्कल फाइल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

बैठक मितिः २०८०/९/२४

बैठक सङ्ख्याः २०

छलफल तथा निर्णयः

१. अर्थ मन्त्रालयको मिति २०८०/०९/१६ को पत्रसाथ प्राप्त अर्थ मन्त्रालय र विकास साझेदारको समन्वयमा तयार भएको Nepal's GRID Strategic Action Plan 2024-2034 को मस्यौदामा आयोगको बैठकमा आएका सुझावहरू समेत समावेश गरी राय पठाउने।

बैठक मितिः २०८०/१०/३

बैठक सङ्ख्याः २१

छलफल तथा निर्णयः

१. अर्थ मन्त्रालयको मिति २०८०/०९/१६ को पत्रबाट मदन भण्डारी राजमार्गको बडीचौर-गुटु-कर्णाली (चेनेज १३+००० देखि २३+३४० र ४५+३४० देखि ६०+०००) सडक खण्डको निर्माण तथा स्तरोन्नतीको लागि रु. २ अर्ब ६० करोड रकम बराबरको स्रोत सुनिश्चितता प्राप्त भएकोले बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० को दफा (३) को उपदफा (४) एवं प्रचलित कानून, स्वीकृत नीति र मापदण्ड बमोजिम प्रकृया अघि बढाउन सहमति दिने।
२. अर्थ मन्त्रालयको मिति २०८०/०९/१६ को पत्रबाट पुष्पलाल मध्यपहाडी राजमार्ग अन्तर्गतको (१) खुर्कोट- राकाथुम सडक (२) राकाथुम-दोलालघाट सडक (३) कटुञ्जे-जलजले-खहरेबजार-सल्यानटार-आरुघाट सडक (४) मालुढुङ्गा बाग्लुङ्ग बजार सडक खण्डको निर्माण तथा स्तरोन्नतीको लागि रु. ६ अर्ब १५ करोड रकम बराबरको स्रोत सुनिश्चितता प्राप्त भएकोले बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० को दफा (३) को उपदफा (४) एवं प्रचलित कानून, स्वीकृत नीति र मापदण्ड बमोजिम प्रकृया अघि बढाउन सहमति दिने।
३. अर्थ मन्त्रालयको मिति २०८०/०९/१२ को पत्रबाट विशेष भवन निर्माण आयोजनाको सिंहदरवारको ग्यालरी वैठक भवनको रेट्रोफिटिङ्ग गर्ने कार्यको लागि रु. ६० करोड रकम बराबरको स्रोत सहमति प्राप्त भएकोले बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० को दफा (३) को

उपदफा (४) एवं प्रचलित कानून, स्वीकृत नीति र मापदण्ड बमोजिम प्रकृया अघि बढाउन सहमति दिने।

४. अर्थ मन्त्रालयको मिति २०८०/०९/१२ को पत्रबाट विशेष भवन निर्माण आयोजनाको श्रीमहल भवनको पुननिर्माण गर्ने कार्यको लागि रु. २० करोड रकम बराबरको स्रोत सहमति प्राप्त भएकोले बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० को दफा (३) को उपदफा (४) एवं प्रचलित कानून, स्वीकृत नीति र मापदण्ड बमोजिम प्रकृया अघि बढाउन सहमति दिने।

५. अर्थ मन्त्रालयको मिति २०८०/०९/१६ को पत्रबाट मदन भण्डारी राजमार्गको लिवांग-माडीचौर-घर्तीगाउँ-पातीहाल्ने-बागचौर-रोल्पा/सल्यान सडक खण्डको निर्माण तथा स्तरोन्नती कार्यको लागि रु. ४ अर्व ५० करोड रकम बराबरको स्रोत सहमति प्राप्त भएकोले बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० को दफा (३) को उपदफा (४) एवं प्रचलित कानून, स्वीकृत नीति र मापदण्ड बमोजिम प्रकृया अघि बढाउन सहमति दिने।

बैठक मितिः २०८०/१०/२३

बैठक सङ्ख्याः २३

छलफल तथा निर्णयः

१. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको पत्रबाट रानी जमरा कुलरिया सिंचाइ आयोजनाको Lamki Extension Canal को मूल नहर निर्माण तथा सिंचित क्षेत्र विस्तारका लागि चालु आ मा रू २ अर्ब ५७ करोड ७० .व. लाख विनियोजना भएकोमारु ४ अर्ब २८ करोड २४ लाख बराबरको बहुवर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

२. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट सिक्टा सिंचाइ आयोजना अन्तर्गत सिधनीया शाखा नहर विस्तार, सिंचित क्षेत्र बचाउ, सामाजिक सरोकार

आयोजना र गुरुवा गाउँ शाखा नहर निर्माण कार्यका लागि चालु आ.व.मा रु .७५ करोड बजेट विनियोजन भएको। सिधनीया शाखा नहर विस्तार, सिंचित क्षेत्र बचाउ, सामाजिक सरोकार आयोजनाको लागि रू .१ अर्ब तथा गुरुवा गाउँ शाखा नहर निर्माणको लागि रु ६३ करोड २१ लाख २७ हजार वराबरको बहुवर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

३. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट बबई सिंचाइ आयोजनाको पश्चिमी मूल नहर तथा शाखा/ उपशाखा/ प्रशाखा नहर निर्माण-नहर संरचना निर्माण तथा सिंचित क्षेत्र बचावट कार्यको लागि चालु आ.व.मा रु. ६३ करोड १ लाख बजेट विनियोजन भएको छ ।आयोजनाको लागि रू. १ अर्ब ३६ करोड ५२ लाख ६७ हजार वराबरको बहुवर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

४. उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, सिन्धुलीको लागि रू ४ अर्ब १४ करोड ६२ लाख विनियोजन भएकोमा रू. ९ अर्ब २९ करोड ८० लाख ५७ हजार वराबरको बहुवर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट पुष्पलाल (मध्यपहाडी) राजमार्ग निर्देशनालय अन्तर्गत ठेक्का व्यवस्थापन हुन बाँकी रहेको सडक खण्ड तथा सडक पुलहरूको निर्माण कार्य गर्न रू १ अर्ब २२ करोड ७२ लाख रकम बराबरको बहुबर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत

सुनिश्चितत‍ताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मदनभण्डारी राजमार्ग सितलपाटी-खलङ्गा-बालुवासङग्रही सडक खण्डको ४३.४३९ कि.मि. स्तरोन्नतिको लागि पहिलेको माग गरेको रकममा संशोधन गरी रू. २ अर्ब ७६ करोडको सट्टा रू. १ अर्ब ८० करोड रकम बराबरको बहुबर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितत‍ताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट राजमार्ग स्तरोन्नति तथा पुनस्थापना कार्यक्रमको चन्द्रपुर-गौर सडकलाई चार लेनमा स्तरोन्नति गर्न चालु आ.व. मा रू ७५ करोड विनियोजन भएकोमा रू. ३ अर्ब रकम बराबरको बहुबर्षीय ठेक्का सहमति प्रदान तथा स्रोत सुनिश्चितत‍ताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

८. गृह मन्त्रालयबाट सशस्त्र प्रहरी बल नेपालको प्रधान कार्यालय परिसरमा निर्माण हुने कार्यालय सञ्चालन र कर्मचारी आवास प्रयोजनको नयाँ भवन निर्माण कार्यका लागि चालु आ.व. मा रू १९ करोड विनियोजन भएकोमा रु.७५,८९,९७,३२०।- रहेको बहुतले बहुउद्देश्यीय भवन निर्माणका लागि बहुबर्षीय ठेक्का कार्यान्वयन स्वीकृति/सहमतिका लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

९. खानेपानी मन्त्रालयबाट अजिरकोट (१-५) बृहत् पम्पिङ् खानेपानी तथा सरसफाई आयोजना, गोरखाको लागि रू. ४ करोड विनियोजन रहेको एवं संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, लमजुङ्बाट कार्यान्वयन हुने सो आयोजनाको कुल लागत अनुमान रू. ८६,८६,८०,४७८/१७ रहेको उक्त आयोजनाको लागि खानेपानी मन्त्रालयको सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

१०. खानेपानी मन्त्रालयबाट खानेपानी तथा ढल व्यवस्थापन आयोजना कैलालीबाट कार्यान्वयन हुने जलवायु अनुकुलित बृहत खानेपानी आयोजना तर्फको आदर्श साईलीगाड बृहत खानेपानी आयोजना, डोटीको लागि चालु आ.व. मा रू १ करोड ५१ लाख २३ हजार विनियोजन भएकोमा रू ६१ करोड ८ लाख १६ हजार बराबरको बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने स्रोत सहमतिको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

११. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवस्तरीय निर्णयबाट डडेल्धुरा जिल्लाको अमरगढी डकले वसपार्क निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न सिफारिश भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिमराष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

बैठक मितिः २०८०/१०/२५

बैठक सङ्ख्याः २४

छलफल तथा निर्णयः

१. संयुक्त राष्ट्रसंघीय Global Accelerator on Jobs and Social Protection for Just Transition कार्यक्रममा नेपाल अग्रणी देश (Pathfinder Country) को रुपमा सहभागी हुने विषयमा निर्देशक समितिले मिति २०८०।५।५ पेश गरेको प्रतिवेदनबाट सिफारिश भए बमोजिम संयुक्त राष्ट्रसघंमा प्रतिवद्धता पत्र पठाउने सम्बन्धमा प्रकृया अघि बढाउने निर्णय गरियो।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.सि.नं. ३३७०११०४ कान्ति राजमार्गको बुद्वचौक हेटौडादेखि ललितपुरको टिकाभैरव (०+००० देखि ७९+०००) सडक योजना अन्तर्गत बगुवा-टिकाभैरव सडक खण्ड १५ कि.मि. को निर्माण तथा स्तरोन्नति गर्ने, साथै कालोपत्रे स्तरोन्नति भइसकेको खण्डमा फुटपाथ समेतको कार्यको लागि रू. ६६ करोड ६४ लाख ५२ हजार ९ सय तीन रकम बराबरको स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.सि.नं. ३३७०११७२ मिर्चैया-कटारी-घुर्मी (चेनेज ३२+६८० देखि ४०+१९०) ७.५ कि.मि. स्तरोन्नति गर्ने कार्यको लागि रू. ७८ करोड रकम बराबरको स्रोत सुनिश्चितताको स्रोत सुनिश्चिततताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.शि.नं. ३३७०१११८ अन्तरगत कर्णाली कोरिडोर,दक्षिण खण्ड खुलालु-सलिसल्ला सडक योजना अन्तरगत चेनेज ६०+०००(पिलीचौर) देखि ११०+०००(तुम्चा) सडक ५० कि.मि. खण्डको निर्माण तथा स्तरोन्नति कार्यको लागि रू. ४ अर्ब ५३ करोड रकम बराबरको स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.सि.नं. ३३७०११०३ को महाकाली कोरिडोर अन्तरगत ब्रह्मदेव-झुलाघाट-दार्चुला-टिंकर सडक योजना अन्तरगतको चेनेज १५३+५०० देखि १७३+५०० सम्म २० कि.मी. र कञ्चनपुरको १० कि.मी. गरी ३० किमी. सडकको स्तरोन्नति कार्यको लागि रू. १ अर्ब १८ करोड रकम बराबरको स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.सि.नं. ३३७०११७७ राप्ति राजमार्ग अन्तरगत कम्पोनेन्ट ३ मा शितलपाटी-सल्यान जिल्ला सिमाना (खौलापास) सडक खण्डको निर्माण तथा स्तरोन्नति कार्यको लागि रू. १ अर्ब २० करोड रकम बराबरको स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.सि.नं. ३३७०११२२(स्थानीय सडक पुल निर्माण) अन्तरगत विभिन्न कम्पोनेन्टहरूमा समावेश रहेका पुलहरू मध्ये ९० वटा पुलहरूको ठेक्का व्यवस्थापन गर्नको लागि रू २३ अर्ब ७१ करोड ४१ लाख ८६ हजार

एकसय वयानव्वे रकम बराबरको स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.सि.नं. ३३७०११३२ अन्तरगत रणनैतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण अन्तर्गत विभिन्न कम्पोनेन्टहरुमा समावेश रहेका पुलहरु मध्ये ६६ वटा पुलहरुको निर्माण गर्नको लागि रू.११ अर्ब ९ करोड १७ लाख २ हजार चारसय चौविस रकम बराबर स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.शि.नं. ३३७०१११५ को सुर्खेत-दैलेख बजार-महाबुलेक-गाल्जे-भात्तडी-रतडा-नाग्मा-गमगढी-नाक्चेलाग्ना सडक योजनाको स्तरोन्नति कार्यको लागि रु. १ अर्ब ४० करोड रकम बराबर स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

१०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ब.उ.शि.नं. ३३७०११७४ को तमोर करिडोर अन्तर्गत चतरामु-लघाटसुभाङ्गखोला- सडक योजनाको चतरामुलघाट सडक खण्डको स्तरोन्नति-को लागि रु. २ अर्ब २४ करोड रकम बराबर स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

११. शहरी विकास मन्त्रालयबाट ब.उ.शि.नं. ३४७०११०५ अन्तरगत भवन निर्माण संहिता सरकारी भवन निर्माण अन्तर्गत नवलपुर नमुना सदरमुकाम सरकारी भवन निर्माणको लागि रू. ८० करोड रकम वराबरको स्रोत सुनिश्चितताको लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

१२. खानेपानी मन्त्रालयबाट केन्द्रीय खानेपानी आयोजना (ब.उ.सि.नं. ३१३०१११३) अन्तर्गत तोपगाछी खानेपानी तथा सरसफाई आयोजना को लागि रू हजारको ९८ लाख १० करोड ५२ .स्रोत सहमतिका लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुंदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

१३. खानेपानी मन्त्रालयबाट जलवायु अनुकूलित वृहत खानेपानी आयोजना (ब.उ.सि.नं. ३१३०१११३) अन्तर्गत निजगढ बृहत खानेपानी आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने रकम रु .५५ करोड 2९ हजारको २७ लाख स्रोत सहमतिका लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

१४. खानेपानी मन्त्रालयबाट जलवायु अनुकूलित वृहत खानेपानी आयोजना (ब.उ.सि.नं. ३१३०१११३) अन्तर्गत पथरी खानेपानी आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने रकम रु. ७५ करोड ६ लाख ९८ हजारको स्रोत सहमतिका लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

१५. खानेपानी मन्त्रालयबाट जलवायु अनुकूलित वृहत खानेपानी आयोजना (ब.उ.सि.नं. ३१३०१११३) अन्तर्गत सुरुङ्गा खानेपानी तथा सरसफाई

आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने रकम रू. ५१ करोड ७१ लाख ९६ हजारको स्रोत सहमतिका लागि सचिवस्तरीय निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

१६. "खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना" नेपाल सरकार मा पेश गर्न (मन्त्रिपरिषद्)प्रकृया अघि बढाउने निर्णय गरियो।

बैठक मितिः २०८०/१०/२९

बैठक सङ्ख्याः २५

छलफल तथा निर्णयः

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कर्णाली प्रदेशको सुर्खेतमा निर्माण हुने कर्णाली प्रादेशिक सरूवा रोग अस्पताल भवन निर्माण आयोजनाका लागि ब.उ.सि.नं. ३७०००११६ अन्तर्गत रू. ४९ करोड ९९ लाख ९९ हजार चार सय चौविस बराबरको स्रोत सुनिश्चितताको लागि मा. मन्त्रीस्तरीय (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) निर्णयानुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो।

२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त "उच्च शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" को मस्यौदामा छलफल हुँदा आयोगको बैठकमा प्राप्त सुझावहरूलाई समावेश गरी सुझाव पठाउने निर्णय गरियो।

३. परराष्ट्र मन्त्रालयबाट प्राप्त बिम्स्टेक सचिवालयको मानव संशाधन विकास सम्बन्धी बिम्स्टेक मस्यौदा कार्ययोजना (२०२४-२०२७) उपर राय/प्रतिक्रिया/सहमति उपलब्ध गराउन अनुरोध भई आएकोमा छलफल हुँदा आयोगको बैठकमा प्राप्त सुझावहरूलाई समावेश गरी सुझाव पठाउने र सहमति प्रदान गर्ने निर्णय गरियो।

४. राष्ट्रिय योजना आयोगको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदनको प्रस्तुतीकरण र छलफल गरी उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

बैठक मितिः २०८०/११/०६

बैठक सङ्ख्याः २६

छलफल तथा निर्णयः

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट देवचुली नगरपालिका, नवलपरासी, बर्दघाट, सुस्तापूर्वमा निर्माण हुने ट्रमा सेन्टर निर्माण आयोजनालाई आयोजनाको वर्गिकरण, आधार तथा मापदण्ड, २०८० अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न सचिवस्तरीय निर्णय अनुसार अनुरोध भई आएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून कार्यविधि एवं मापदण्ड अनुसार प्रकृया अघि बढाउने गरी राष्ट्रिय , प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

बैठक मितिः २०८०/११/१५

बैठक सङ्ख्याः २७

छलफल तथा निर्णयः

१. सोह्रौं योजना (२०८०/८१-२०८५/८६) तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८० मा देहायको संशोधन गर्ने निर्णय गरियो।

**सोह्रौं योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०**

| **विद्यमान व्यवस्था** | **संशोधन हुनुपर्ने व्यहोरा** |
|---|---|
| **दफा ३ उपदफा (३)-** समितिको बैठक योजना तर्जुमा अवधि भर कम्तिमा दुई पटक बस्ने छ। | दफा ३ (३)- समितिको बैठक योजना तर्जुमा अवधि भर कम्तिमा एक पटक बस्ने छ। |

| | |
|---|---|
| **दफा ३ उपदफा (६) को (घ)-** आयोगबाट तयार गरिएको योजनाको मस्यौदा उपर छलफल गरी राय/सुझाव सहित राष्ट्रिय विकास परिषद्‌मा पेश गर्न सिफारिस गर्ने। | दफा ३ उपदफा (६) को (घ) को व्यवस्था हटाउने |
| **सोह्रौं योजना (२०८१/८२ — २०८५/८६) तयारीको समयतालिकाको बुँदा नम्बर १६ को व्यवस्था :** परिमार्जित मस्यौदा राष्ट्रिय विकास परिषद् मा पेश गर्न निर्देशक समितिबाट सिफारिस। | **समयतालिकाको बुँदा नम्बर १६ को व्यवस्था :** परिमार्जित मस्यौदा राष्ट्रिय योजना आयोगको बैठकबाट सिफारिस। |

२. गृह मन्त्रालयको प.सं. योजना-०८०/८१, च.नं. १२१ मिति २०८०/०६/२१ को पत्रबाट लेखी आएको विषयमा आयोगको मिति २०८०/१०/२३ को बैठकबाट स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालय समक्ष सिफारिश गरिएकोमा अर्थ मन्त्रालयको पत्र संख्या ३१४-५-११-३, च.नं. २०८०/८१-५०६, मिति २०८०/११/०६ को पत्रबाट यस आ.व. मा विनियोजन भएको रकम समेत समावेश हुने गरी चालु आ.व. को बजेट तथा कार्यक्रममा रहेको गैर आवासीय भवन निर्माण गर्न रु. ५० करोड मात्रको स्रोत सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० को दफा ३ (१) बमोजिम चालु आर्थिक वर्षमा ब.उ.सि.नं. ३७०००११६ अन्तर्गत कर्णाली प्रादेशिक सरुवारोग अस्पताल भवन निर्माण आयोजनाको लागि रू. ४९,९९,९९,४२४.९१ (अक्षरेपी उन्नपचास करोड उनान्सय लाख उनान्सय हजार चारसय चौबिस र पैसा एकानब्बे) मात्रको बहुवर्षिय ठेक्का तथा स्रोत सहमतिको लागि अनुरोध भई आएकोमा आयोगको मिति २०८०/१०/२९को बैठकबाट स्रोत सुनिश्चितताको लागि अनुरोध गरी पठाइएको र अर्थ मन्त्रालयको

प.सं. ३७०-०४-१४ च.नं. ९७३ मिति २०८०/११/११ को पत्रमा उल्लिखित शर्तहरुको पूर्ण पालना हुने गरी आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० दफा ३ (३) बमोजिम शुरु विनियोजन समेत गरी रु. ५० करोड मात्रको स्रोत सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

४. शहरी विकास मन्त्रालयको चालु आ.ब. मा ब.उ.सि.नं. ३४७०११०५ अन्तर्गत भवन निर्माण संहिता सरकारी भवन निर्माण अन्तर्गत नवलपुर नमुना सदरमुकाम सरकारी भवन निर्माण गर्ने कार्य सम्बन्धमा रू. ८० करोड रकम अर्थ मन्त्रालय समक्ष स्रोत सुनिश्चितता एवं सहमतिको लागि सिफारिश गरिएकोमा अर्थ मन्त्रालयको प.सं. ३३७-२(क) च.नं. ५६१ मिति २०८०/०९/१२ को पत्रानुसार रु. ५० करोड रकम बराबर मा. मन्त्रीस्तर (अर्थ मन्त्रालय) को निर्णयानुसार स्रोतसुनिश्चितता एवं सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको चालु आ.ब. मा ब.उ.सि.नं. ३३७०१११८ अन्तरगत कालिगण्डकी कोरिडोर अन्तर्गत राम्दी-रानीमहल सडक खण्ड (१६.८ कि.मि.) को कालोपत्रे तथा निर्माण स्तरोन्नतिको लागि रू. १ अर्ब ६८ करोड २६ लाख ८७ हजार रकम अर्थ मन्त्रालय समक्ष स्रोत सहमतिको लागि सिफारिश गरिएकोमा अर्थ मन्त्रालयको प.सं. ०८०/८१ च.नं. ७२२ मिति २०८०/१०/०५ को पत्रानुसार रु. १ अर्व ४८ करोड रकम बराबर मा. मन्त्रीस्तर (अर्थ मन्त्रालय) मिति २०८०।१०।०४ को निर्णयानुसार स्रोत सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा

प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

६. नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने सन्दर्भमा तयार भएको “Nepal: LDC Graduation- Smooth Transition Strategy (STS)” लाई आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो।

बैठक मितिः २०८०/११/२१

बैठक सङ्ख्याः २८

छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको चालु आ.ब. मा ब.उ.सि.नं. ३३७०११७७ अन्तर्गत राप्ती राजमार्ग कम्पोनेन्ट नं.२ को अमेलिया-तुलसीपुर-कपुरकोट-सितलपाटी सडक खण्ड अन्तर्गत चोरखोला-शितलपाटी सडक खण्डको निर्माण तथा स्तरोन्नतिका लागि रू. १ अर्ब ६५ करोड रकम बराबरको अर्थ मन्त्रालय समक्ष स्रोत सहमतिको लागि सिफारिश गरिएको र सो सम्बन्धमा अर्थ मन्त्रालयको प.सं. ०८०/८१ च.नं. १००९ मिति २०८०/१०/२९ को पत्रानुसार आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण पालना गर्ने र आगामी आ.व.को लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही मापदण्डको दफा ६(३) बमोजिम तत् तत् आ.व. मा प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा बजेट प्रस्ताव गर्ने गरी प्रचलित ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी कानून र मापदण्डको पूर्ण परिपालनाको जवाफदेहिता सम्बन्धित लेखा उत्तरदायी अधिकारी र सम्वद्ध पदाधिकारीमा रहने गरी मा. मन्त्रीस्तर (अर्थ मन्त्रालय) मिति २०८०/१०/२९ को निर्णयानुसार रु. १ अर्ब १० करोड रकम बराबरको स्रोत सहमति प्रदान गरिएको पत्र प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड

बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको चालु आ.ब. मा ब.उ.सि.नं. ३३७०११३८ अन्तर्गत राजमार्ग स्तरोन्नती तथा पुनस्थापना कार्यक्रमको चन्द्रपुर-गौर सडकलाई चार लेन स्तरमा स्तरोन्नतिका लागि रू. ३ अर्ब रकम बराबरको अर्थ मन्त्रालय समक्ष स्रोत सहमतिको लागि सिफारिश गरिएको र सो सम्बन्धमा अर्थ मन्त्रालयको प.सं. ०८०/८१ च.नं. १०२८ मिति २०८०/१०/२९ को पत्रानुसार आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण पालना गर्ने र आगामी आ.व.को लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही मापदण्डको दफा ६(३) बमोजिम तत् तत् आ.व. मा प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा बजेट प्रस्ताव गर्ने गरी प्रचलित ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी कानून र मापदण्डको पूर्ण परिपालनाको जवाफदेहिता सम्बन्धित लेखा उत्तरादायी अधिकारी र सम्वद्ध पदाधिकारीमा रहने गरी मा. मन्त्रीस्तर (अर्थ मन्त्रालय) मिति २०८०/१०/२९ को निर्णयानुसार रु. ३ अर्ब रकम बराबरको स्रोत सहमति प्रदान गरिएको पत्र प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

बैठक मितिः २०८०/१२/६

बैठक सङ्ख्याः २९

छलफल तथा निर्णयः

१. खानेपानी मन्त्रालयको चालु आ.ब. २०८०/८१ को ब.उ.सि.नं. ३१३०११०५ अन्तर्गत अजिरकोट (१-५) बृहत् पम्पिङ् खानेपानी तथा सरसफाई आयोजना, गोरखाको बहुवर्षीय ठेक्का सहमतिको लागि आयोजना प्रस्ताव प्राप्त भएकोमा अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा)

प.सं. २०८०/८१ च.नं. १०६७ मिति २०८०/११/२१ को पत्रबाट चालू आ.ब.को विनियोजन समेत गरी रू. ३५ करोडको स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण पालना गर्ने र आगामी आ.व.को लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही मापदण्डको दफा ६(३) बमोजिम तत् तत् आ.व. मा प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा बजेट प्रस्ताव गर्ने गरी प्रचलित ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

२. खानेपानी मन्त्रालयको चालु आ.ब. २०८०/८१ को ब.उ.सि.नं. १३०११०५ अन्तर्गत आदर्श साईलीगाड बृहत् खानेपानी आयोजना, डोटीको बहुवर्षीय ठेक्का सहमतिको लागि आयोजना प्रस्ताव प्राप्त भएकोमा अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा) प.सं. २०८०/८१ च.नं. १०६७ मिति २०८०/११/२१ को पत्रबाट चालू आ.ब.को विनियोजन समेत गरी रू. ३० करोडको स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८० को पूर्ण पालना गर्ने र आगामी आ.व.को लागि सिर्जना हुने दायित्व बराबरको रकम सोही मापदण्डको दफा ६(३) बमोजिम तत् तत् आ.व. मा प्राप्त बजेट सीमाबाटै अनिवार्य रूपमा बजेट प्रस्ताव गर्ने गरी प्रचलित ऐन, कानून र स्वीकृत मापदण्ड बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० मा व्यवस्था गरिएका सम्पूर्ण आधारहरू समेत खुलाई सिफारिस साथ प्राप्त भएको सेती लोकमार्ग, टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट सडक आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

मध्यमकालीन खर्च संरचना (आ.व. २०८१/८२-२०८३/८४) को प्रस्तावित ढाँचामाथि छलफल हुँदा आयोगको बैठकमा उठेका विषय समेत समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो।

बैठक मितिः २०८०/१२/२०

बैठक सङ्ख्याः ३१

छलफल तथा निर्णयः

१. मदन भण्डारी राजमार्ग निर्देशनालयको बजेट उपशिर्षक नं ३३७०११०८ मदन भण्डारी राजमार्ग (बाहुनडाँगी देखि रूपाल सम्म) अन्तर्गतका देहायका सडक खण्डहरूलाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

   १. शान्तिनगर-प्रतापपुर सडक खण्ड ( १३.८७६ कि.मि.)

   २. धरान-केराबारी-लेटाङ्ग-मधुमल्ला सडक खण्ड (४६.४९ कि.मि)

   ३. बारफालंगफेदि (झटारे)-शान्तिनगर सडक खण्ड ( १३ कि.मि.)

   ४. मधुमल्ला-कमलखोला सडक खण्ड ( १३ कि.मि.)

   ५. गेरुवा-सुखानी स्थल -बारफलंफेदि सडक खण्ड ( ३.९२६ कि.मि.)

२. तमोर कोरिडोर (चतरा -मुलघाट-सुभांगखोला) सडक योजनाको बजेट उपशिर्षक नं. ३३७०१०१८ अन्तर्गत अरूण कोरिडोर (चतरा- लेगुवाघाट) सडक आयोजनालाई राष्ट्रिय प्राथमिकता आयोजनाको वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

बैठक मितिः २०८०/१२/२७

बैठक सङ्ख्याः ३२

छलफल तथा निर्णयः

१. आयोगको स्वीकृत वार्षिक कार्यक्रम मध्येको आन्तरिक मूल्याङ्कनको कार्यक्रम, चालू आ.व. २०८०/८१ को आषाढ मसान्तभित्र सम्पन्न गर्ने गरी तपसिल

बमोजिमका विकास कार्यक्रम तथा आयोजनाहरुलाई छनोट गर्ने निर्णय गरियो।

| क्र. सं | कार्यक्रम/आयोजना | सम्बन्धित मन्त्राल |
|---|---|---|
| १. | एकल विन्दु सेवा केन्द्र | स्वास्थ्य तथा जनसँख्या मन्त्रालय |
| २. | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३. | पर्यटन पूर्वाधार विकास कार्यक्रम | सँस्कृति, पर्यटन तथा उड्डयन मन्त्रालय |
| ४. | साना किसान लघुवित्त सँस्थाको पशुपालन (मासुजन्य तथा दुग्धजन्य) कर्जा तथा पशुधन कार्यक्रम | अर्थ मन्त्रालय |
| ५. | नयाँ शहर आयोजना | शहरी विकास मन्त्रालय |

१. विशेष अनुदान सम्बन्धी कार्यविधि (संशोधन सहित), २०७७ को दफा ५ उपदफा १ अनुसार गठित समितिको सिफारिश बमोजिम छनौट भएका आयोजना/कार्यक्रमहरूको विवरण सहितको जानकारी सोही समितिका संयोजक/सदस्यले नियमानुसार अर्थ मन्त्रालयमा पठाउने गरी अधिकार प्रत्यायोजन निर्णय गरियो।

२. समपुरक अनुदान सम्बन्धी कार्यविधि (संशोधन सहित), २०७७ को दफा ५ उपदफा १ अनुसार गठित समितिको सिफारिश बमोजिम छनौट भएका आयोजना/कार्यक्रमहरूको विवरण सहितको जानकारी सोही समितिका संयोजक/सदस्यले नियमानुसार अर्थ मन्त्रालयमा पठाउने गरी अधिकार प्रत्यायोजन निर्णय गरियो।

बैठक मितिः २०८१/०१/४

बैठक सङ्ख्याः ३३

छलफल तथा निर्णयः

१. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास परिषद्का अध्यक्षज्यूको निर्देशन एवं राष्ट्रिय योजना आयोग आदेश (संशोधन सहित) (गठन तथा सञ्चालन), २०७४ को दफा ७ अनुसार गठित राष्ट्रिय विकास परिषद्को बैठक मिति २०८१ बैशाख १३ गते विहान ८ बजे देखि सोह्रौ योजनाको मस्यौदा उपर छलफल एवं स्वीकृत गर्न सञ्चालन गर्ने गरी यसैसाथ संलग्न कार्य तालिका स्वीकृत गर्ने निर्णय गरियो।

२. उक्त बैठक सञ्चालन गर्न सहभागीहरूको संख्या सुगमता एवं सेवा सुविधा , प्रदान गर्ने क्षमता समेतलाई मध्यनजर गरीउपलब्ध विभिन्न विकल्पहरू मध्ये विकास परिषद्को बैठक "होटल याक एण्ड यति "मा गर्ने निर्णय गरियो।

३. गठन आदेश अनुसार निर्धारित विकास परिषद्का सदस्यहरू, अन्य आमन्त्रित महानुभावहरू, पत्रकारहरू तथा अन्य सहभागीहरूको लागि निमन्त्रणा, परिचयपत्र, सोह्रौं योजनाको मस्यौदा छपाई तथा अन्य सामाग्री वितरणको लागि आवश्यक तयारी गर्ने निर्णय गरियो।

४. उक्त कार्यक्रमको लागि प्रस्तुति तयारी तथा समूह विभाजन गर्ने र समूहको संयोजन आयोगका माननीय सदस्यहरूले गर्ने निर्णय गरियो।

५. सहभागीहरूको लागि विहान, दिउँसोको खाजा, खाना, चिया (Breakfast, Lunch, Tea) को व्यवस्था गर्ने गर्ने निर्णय गरियो।

६. सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा सहभागीहरूको लागि रात्रिभोज दिने निर्णय गरियो।

बैठक मितिः २०८१/०१/११

बैठक सङ्ख्याः ३४

छलफल तथा निर्णयः

१. सार्वजनिक लगानीको प्रभावकारिता अभिवृद्धि गर्न तयार गरिएको सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना (२०८१/८२-२०८५/८६) मा छलफल हुँदा आयोगको बैठकमा आएका सुझावहरू समेत समावेश गरी स्वीकृत गर्ने र कार्यान्वयनको लागि सम्बन्धित सबै निकायलाई लेखी पठाउने।

२. राष्ट्रिय विकास परिषदको बैठकमा सहभागि हुने  करिब ३०० जना राष्ट्रिय विकास परिषदका सदस्य एवम् अन्य आमन्त्रित लगायत सवारी चालक र सुरक्षाकर्मीका लागि बिहानको खाजा, दिवा खाना, चिया, रात्रीभोज तथा इन्टरनेट सुविधा उपलब्ध गराउने प्रयोजनको लागि विभिन्न होटलहरुबाट प्राप्त संलग्न दररेटको आधारमा तयार गरिएको लागत अनुमान रु. १५,०५,०००।— (अक्षरेपि पन्ध्र लाख पाँच हजार रुपैया मात्र) स्वीकृत गर्ने।

बैठक मितिः २०८१/०१/१४

बैठक सङ्ख्याः ३५

निर्णयः नभएको

बैठक मितिः २०८१/०१/२५

बैठक सङ्ख्याः ३६

छलफल तथा निर्णयः

१. पुष्पलाल मध्यपहाडी  राजमार्ग  बजेट उपशीर्षक नं. ३३७०१११४ अन्तर्गत नुवाकोट जिल्ला स्थित पिपलटार-देउडी (२०.८७ कि.मि.) सडक खण्डलाई  आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट राय सुझावको लागि प्राप्त "राष्ट्रिय विज्ञापन नीति, २०८०" उपर आयोगको बैठकमा छलफल हुँदा बैठकमा आएका सुझावहरू समेत समावेश गरी राय सुझाव पठाउने निर्णय गरियो।

बैठक मितिः २०८१/०२/१

बैठक सङ्ख्याः ३७

छलफल तथा निर्णयः

१. आयोजना विकास, छनौट तथा प्राथमिकीकरण सम्बन्धी मापदण्ड, २०७९ मा संशोधन गरी देहायको बुँदा थप गर्नेः

"२३. यस मापदण्ड बमोजिमको विद्युतीय प्रणाली निर्माण गरी सञ्चालनमा नआएसम्मको लागि साविकको National Project Bank Guideline for Identification, Appraisal, Selection and Prioritization of Project, 2020 बमोजिम सञ्चालनमा रही आएको National Project Bank Management Information System )NPBMIS) अनुसार आयोजनाको प्रविष्टि गर्न कुनै बाधा पर्ने छैन।"

बैठक मितिः २०८१/०२/०८

बैठक सङ्ख्याः ३८

छलफल तथा निर्णयः

१. खानेपानी मन्त्रालयबाट प्राप्त खानेपानी सुशासन तथा पूर्वाधार सहयोग आयोजना (ब.उ.शी.नं. ३१३०१११७) अन्तर्गत भेरी पम्पिङ उप-आयोजना, वीरेन्द्रनगर, सुर्खेतलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न अनुरोध भै आएकोमा छलफल हुँदा उक्त आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।

२. आयोगको मिति २०८०/१२/२६ को निर्णयानुसार आयोजनाहरूको आन्तरिक मूल्याङ्कन गर्ने सम्बन्धमा छनौट भएका आयोजनाहरू मध्ये संस्कृति पर्यटन तथा नागरिक उडचयन मन्त्रालय अन्तर्गतको "पर्यटन पूर्वाधार विकास कार्यक्रम" को २०७५ सालमा नै आन्तरिक मूल्याङ्कन सम्पन्न गरेको पाइएको

हुँदा सो कार्यक्रमको सट्टा "गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल" आयोजना छनौट गर्ने निर्णय गरियो।

बैठक मितिः २०८१/०२/१४

बैठक सङ्ख्याः ३९

छलफल तथा निर्णयः

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पत्रबाट ब.उ.शि.नं. ३३७०११७६ निर्वाचन क्षेत्र रणनीतिक सडक अन्तर्गत कम्पोनेन्ट नं. १२९ रास्री गाउँपालिका वडा नं. ४ श्रीनारायण चोक देखि सुँगुरे-देविकोट-सिल्ले हुँदै बंगलामुखी पाँचपोखरी भएर स्वर्गद्वारी सडक खण्डलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सम्बन्धमा आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न सिफारिश भै आएकोमा छलफल हुँदा उक्त आयोजनालाई आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० बमोजिम राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

बैठक मितिः २०८१/०२/२२

बैठक सङ्ख्याः ४०

छलफल तथा निर्णयः

१. उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट प्राप्त "ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८०" मा राय/सुझावका लागि प्राप्त भएकोमा छलफल हुँदा आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी राय/सुझाव पठाउने निर्णय गरियो।

बैठक मितिः २०८१/०३/११

बैठक सङ्ख्याः ४२

छलफल तथा निर्णयः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको पत्रबाट ब.उ.शि.न. ३३७०१९०८४ अन्तर्गत पूर्वाधार विकास निर्देशनालय सुर्खेतद्वारा कार्यान्वयन हुने लखरपाटा खम्बागाडे मुरमुरी जामु सुनगाढा सडक निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत अनुरोध भई आएकोमा आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

बैठक मितिः २०८१/०३/१८

बैठक सङ्ख्याः ४३

छलफल तथा निर्णयः

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट गोरखा जिल्ला अजिरकोट गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्न अनुरोध भई आएकोमा आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा १० बमोजिम उक्त आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरियो।

## अनुसूची – ७
## सोह्रौं योजनाको परिमाणात्मक लक्ष्य

### सुशासनका राष्ट्रिय लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.८० |
| २. | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५२ | ६५ |
| ३. | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ४३ |
| ४. | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६२ | ८५ |
| ५. | अदालतमा दर्ता भएका मुद्दाको फछ्र्यौट अनुपात | प्रतिशत | ६४ | ७५ |
| ६. | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८० | ९० |
| ७. | बेरुजु (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १०.९ | ५.० |
| ८. | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१२ | ०.६०० |
| ९. | राष्ट्रिय परिचय-पत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ६३.४ | ९० |
| १०. | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | १०० |

### सामाजिक न्यायका राष्ट्रिय लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४२४ | ०.६०० |
| २. | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२८० |
| ३. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२२ |
| ४. | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १.० |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ५. | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३२ | ६० |
| ६. | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ७. | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४९५ | ०.२२५ |
| ८. | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १:१.७ | १:१.२ |
| ९. | बाध्यकारी श्रमको दर (१५ वर्ष वा सोभन्दा माथि) | प्रतिहजार | १.२ | ० |
| १०. | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | ३५.० |

## समृद्धिका राष्ट्रिय लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर | प्रतिशत | ३.९* | ७.३ |
| २. | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६* | २४१३ |
| ३. | गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२.० |
| ४. | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५.० |
| ५. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६. | मानव सम्पत्ति सूचकाङ्क (HAI) | सूचकाङ्क | ७६.३ | ७८.० |
| ७. | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क (EVI) | सूचकाङ्क | २९.७ | २४.० |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| ८. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७३.० |
| ९. | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| १०. | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | ४५ |
| ११. | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ८५.० |
| १२. | बेरोजगारी दर | प्रतिशत | ११.४** | ५.० |
| १३. | श्रम उत्पादकत्व | रु. हजारमा | २४५ | २७५ |
| १४. | सडक घनत्व | कि.मि. प्रति व.कि.मि. | ०.६३ | ०.७७ |
| १५. | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | २९६२*** | ११,७६९ |
| १६. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| १७. | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९६.७ | १०० |
| १८. | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ६९.२ | ९०.० |
| १९. | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हेक्टर | ३.३ | ३.७ |
| २०. | बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |

**राष्ट्रिय लेखा २०८०/८१ का अनुमान ।*

***नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ को तथ्याङ्क।*

****आ.व. २०८० पौष मसान्तसम्म।*

## अनुसूची ८

## मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८१/८२-२०८३/८४)

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकारको अलावा सबै प्रदेश तथा स्थानीय तहको वार्षिक बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने अनिवार्य व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरुप आ.व.२०८१/८२ को लागि नेपाल सरकारको वार्षिक आय-व्ययको विवरण तर्जुमासँगै आ.व.२०८१/८२ देखि २०८३/८४ सम्म तीन आर्थिक वर्ष अवधिलाई समेटेर सोह्रौं योजना तथा दिगो विकास लक्ष्यसँग वस्तुगत रूपमा सामञ्जस्यता कायम गर्ने गरी कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको निश्चित मापदण्ड अवलम्बन गरिएको छ ।

### मध्यमकालीन वित्त खाका

सोह्रौं योजनामा उल्लेखित आर्थिक वृद्धिदरको लक्ष्य र अर्थतन्त्रको पछिल्लो अवस्थाका आधारमा आ.व. २०८१/८२ र त्यसपछिका दुई आर्थिक वर्षको आर्थिक वृद्धिदर लगायतका समष्टिगत आर्थिक लक्ष्य एवम् सामाजिक तथा अन्य क्षेत्रगत परिसूचकका लक्षित मान हासिल गर्न सहयोग पुग्ने गरी समष्टिगत वित्त खाका तयार गरिएको छ । वित्त खाका तर्जुमा गर्दा सार्वजनिक वित्तको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन, निजी तथा सहकारी क्षेत्रको लगानी, उत्पादन र रोजगारीमा प्रोत्साहनसहित समष्टिगत आर्थिक स्थायित्व कायम गर्न जोड दिइएको छ । यस क्रममा अर्थतन्त्रको वर्तमान अवस्था तथा सोको रूपान्तरणको आवश्यकतालाई मध्यनजर गर्दै आगामी आ.व. २०८१/८२ तथा तत्पश्चातका दुई आर्थिक वर्षको आर्थिक वृद्धिदरको लक्ष्य निर्धारण गरिएको छ । आगामी तीन आर्थिक वर्षको प्रक्षेपित मुद्रास्फितिको परिवेशमा लक्षित वृद्धिदर हासिल गर्न आवश्यक पर्ने सरकारी वित्त क्षेत्रका आय, व्यय र न्यून वित्त परिचालनका लक्ष्यका साथै अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी सूचकसहितको खाका तर्जुमा गरिएको छ । आ.व. २०८१/८२ का लागि वार्षिक बजेटमा उल्लेखित हुबहु परिमाण र दोस्रो

तथा तेस्रो वर्षका लागि "आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारण सम्बन्धी प्रतिवेदन" मा उल्लेखित सार्वजनिक वित्तका लक्ष्यको आधारमा सोह्रौं योजनाका लक्ष्यसँग समेत तादात्म्यता कायम गरी अपेक्षित उपलव्धिका मान तय गरिएको छ । राष्ट्रिय स्रोत अनुमान समितिबाट स्वीकृत भएका विवरणका अनुसार समष्टिगत वित्त खाकामा उल्लेखित स्रोत र खर्चतर्फका सूचकहरूको विद्यमान स्थिति तथा आगामी तीन आर्थिक वर्षको अपेक्षित उपलब्धि देहायअनुसार रहेको छ ।

आगामी तीन आर्थिक वर्षको अवधिमा आर्थिक वृद्धिदर औषत ६.७ प्रतिशत र उपभोक्ता मुद्रास्फिति ५.५ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । यस अवधिमा कुल रु. ६४ खर्ब ५२ अर्ब ७२ करोड (चालु मूल्यमा) स्रोत परिचालन हुनेछ, जसमध्ये रु. ४४ खर्ब ३३ अर्ब ३२ करोड (६८.७ प्रतिशत) नेपाल सरकारले परिचालन गर्ने राजस्वबाट र रु. ९ खर्ब ६२ अर्ब ४० करोड (१४.९ प्रतिशत) वैदेशिक सहायताबाट प्राप्त हुने अनुमान छ । बाँकी रु. १० खर्ब ५७ अर्ब (१६.४ प्रतिशत) आन्तरिक ऋण परिचालनमार्फत प्राप्त हुने अनुमान गरिएको छ ।

**तालिका नं. ८.१ :सार्वजनिक स्रोतको मध्यमकालीन लक्ष्य**

रु. करोड

| क्र.सं. | सूचक/लक्ष्य | २०७९/८० को उपलब्धि | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा- प्रतिशत) | २.३ | ३.५ | ६.० | ६.६ | ७.६ |

| क्र.सं. | सूचक/लक्ष्य | २०७९/८० को उपलब्धि | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| २ | उपभोक्ता मुद्रास्फिति (प्रतिशत) | ७.७ | ६.० | ५.५ | ५.५ | ५.५ |
| ३ | कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | ५३४८५३ | ५७०४८४ | ६३७५१६ | ७१५२९३ | ८०७५६६ |
| ४ | नेपाल सरकारले सङ्कलन गर्ने कुल राजस्व | १०१०६५ | १२५३५३ | १४४००० | १६३५०० | १९१७५० |
| *४.१* | *कर राजस्व* | *८६५६३* | *१११४५५* | *१३०४००* | *१४५०७४* | *१७०४६२* |
| *४.२* | *गैरकर राजस्व* | *९१७२* | *११६४७* | *१३६००* | *१८४२६* | *२१२८८* |
| *४.३* | *बेरुजु सङ्कलन, नगद मौज्दात तथा विविध प्राप्ति* | *५३३०* | *२२५१* | - | - | - |
| ५ | प्रदेश र स्थानीय तहमा | १२०२५ | १४२९६ | १६३२८ | १८२०० | २१३९० |

| क्र.सं. | सूचक/लक्ष्य | २०७९/८० को उपलब्धि | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| | बाँडफाँट हुने राजस्व | | | | | |
| ६ | नेपाल सरकारले परिचालन गर्ने राजस्व (४-५) | ८९०४० | १११०५७ | १२७६७२ | १४५३०० | १७०३६० |
| ७ | वैदेशिक सहायता | १२३४२ | १७९७९ | २७६०० | ३१२०० | ३७४४० |
| *७.१* | *वैदेशिक अनुदान* | *२१३०* | *३४३५* | *५६००* | *६०००* | *७२००* |
| *७.२* | *वैदेशिक ऋण* | *१०२१२* | *१४५४४* | *२२०००* | *२५२००* | *३०२४०* |
| ८ | आन्तरिक ऋण | २५६०० | २४००० | ३४५०० | ३३५०० | ३७७०० |
| **९** | **कुल स्रोत (६+७+८)** | **१२६९८२** | **१५३०३६** | **१८९७७२** | **२१००००** | **२४५५००** |

*स्रोतः राष्ट्रिय स्रोत अनुमान समिति, २०८०*

उपरोक्तअनुसार परिचालन हुने स्रोतको वृद्धिदर र कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात तालिका नं.२ २ मा प्रस्तुत गरिएको छ । आगामी तीन आर्थिक वर्ष कुल स्रोत कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा क्रमशः २२.६ प्रतिशत, २२.९ प्रतिशत र २३.७ प्रतिशत हुने अनुमान छ ।आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनसँगको अनुपातमा आ.व.२०८१/८२ मा ५.५ प्रतिशत र पछिल्ला दुई आर्थिक वर्षमा ४.७ प्रतिशत परिचालन हुने अनुमान गरिएको छ ।यस अवधिमा

नेपाल सरकारको कुल स्रोतको औषत वृद्धिदर १६.३ प्रतिशत र राजस्व तथा वैदेशिक सहायताको औषत वृद्धिदर क्रमशः १५.३ प्रतिशत र २३.८ प्रतिशत रहने अनुमान गरिएको छ ।

## मध्यमकालीन नतिजा खाका

सोह्रौं योजनाले लिएका राष्ट्रिय लक्ष्य र विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका तयार गरिएको छ । सो खाका तयार गर्दा चालु आ.व. २०८०/८१ को अनुमानित उपलब्धि र आगामी आ.व.२०८१/८२ तथा त्यस पछिका २ आर्थिक वर्षको लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकामा दोस्रो र तेस्रो वर्षको लागि अधिकांश सूचकका मान विषयगत मन्त्रालय तथा निकायहरुले उपलव्ध गराएका चालु वर्षका मान तथा सोह्रौं योजनामा उल्लेख भएका मानसँग सामन्जस्य हुनेगरी उल्लेख गरिएको छ । आ .व.२०७९८०/को यथार्थ र आ.व. २०८०/८१ को अनुमानित उपलब्धि विषय क्षेत्रगत मन्त्रालय तथा निकायबाट प्राप्त विवरण तथा विभिन्न स्रोतबाट उपलव्ध तथ्याङ्कको आधारमा उल्लेख गरिएको छ । सुशासन, सामाजिक न्याय र समृद्धिका लक्ष्य तथा गन्तव्य सूचक निम्न तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८.२ :सुशासनका मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.५२ | ०.५२ | ०.५२ | ०.५२ |
| २ | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | २.० | २.० | २.० | २.० | २.० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ३ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५.० | ३६.० | ३७.० | ३९.० | ४०.० |
| ४ | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१ | ०.५११७ | ०.५२ | ०.५४ | ०.५६ |
| ५ | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६१.५ | ७२.० | ७२.० | ७२.० | ७२.० |
| ६ | अदालतमा दर्ता भएका मुद्दाको फछ्र्यौट | प्रतिशत | ६४.०८ | ६७.० | ६८.० | ६९.० | ६९.० |
| ७ | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८०.० | ८५.० | ८७.० | ८८.० | ९०.० |
| ८ | कुल विनियोजनमा खर्चको अनुपात १ | प्रतिशत | १०.९ | ९.५ | ८.५ | ७.५ | ६.५ |
| ९ | राष्ट्रिय परिचय-पत्र नम्बर प्राप्त गरेका | प्रतिशत | १.७३ | ४०.० | ५०.० | ६०.० | १००.० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| | नेपाली नागरिक | | | | | | |
| १० | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४.० | ८५.० | ९०.० | ९५.० | ९९.० |

**तालिका नं. ८.३ :सामाजिक न्यायका मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४२४ | ०.४२४ | ०.४२४ | ०.४२४ | ०.४२४ |
| २ | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३ | ०.२९७ | ०.२९३ | ०.२८८ | ०.२८४ |
| ३ | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२३८ | ०.२३७ | ०.२३५ | ०.२३३ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ४ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १.३ | १.२७ | १.२४ | १.२२ | १.१ |
| ५ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ३२.० | ३६.० | ४२.० | ४६.० | ५०.० |
| ६ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.८८७ | ०.८८९ | ०.९०१ | ०.९०३ |
| ७ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४९५ | ०.४४६ | ०.४१२ | ०.३४९ | ०.३०४ |
| ८ | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १.७ | १.६ | १.५ | १.३ | १.३ |
| ९ | बाध्यकारी श्रमको दर (१५ वर्ष वा सोभन्दा माथि) | प्रतिहजार | १.२ | ०.८ | ०.६ | ०.५ | ०.४ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १० | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | २५.० | २७.० | २९.० | ३१.० |

तालिका नं. ८.४ :समृद्धिका मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | २.३ | ३.५ | ६.० | ६.६ | ७.६ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४०५.० | १४५६.० | १५१७.० | १६८४.० | १७८१.० |
| ३ | गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १८.० | १६.० | १५.० | १४.० |
| ४ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ६.० | ५.७५ | ५.५ | ५.३ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ५ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६०९ | ०.६१८ | ०.६२७ | ०.६३५ |
| ६ | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७६.५ | ७६.१ | ७६.८ | ७७.२ |
| ७ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २९.० | २८.० | २७.० | २६.० |
| ८ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ७८.० | ८०.० | ८२.० | ८३.० |
| ९ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७१.६ | ७१.९ | ७२.२ | ७२.५ |
| १० | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७.० | ७७.० | ७९.० | ८१.० | ८३.० |
| ११ | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | २६.९ | ३०.० | ३५.० | ३७.० | ४०.० |
| १२ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९.५ | ८.० | ८.५ | ८.० |
| १३ | श्रम उत्पादकत्व | रु. हजारमा | २४५.० | २५०.० | २५५.० | २६०.० | २६५.० |
| १४ | कृषि वस्तुको औसत उत्पादकत्व | मे.ट. प्रति हेक्टर | ३.३ | ३.४ | ३.४ | ३.५ | ३.५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को उपलब्धी | २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| | (प्रमुख बाली) | | | | | | |
| १५ | सडक घनत्व | कि.मि. प्रति व.कि.मि. | ०.६३ | ०.६६ | ०.७९ | ०.७२ | ०.७४ |
| १६ | बैङ्क तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३.० | ६८.० | ७२.० | ७५.० | ७८.० |
| १७ | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | २७६७.० | ३५००.० | ४५००.० | ५४०७.० | ६३१७.० |
| १८ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३८०.० | ४००.० | ४५०.० | ५२५.० | ४९५.० |
| १९ | विद्युतमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ९६.७ | ९८.० | १००.० | १००.० | १००.० |
| २० | इन्टरनेटमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ६९.२ | ७५.० | ७८.० | ८६.० | ९०.० |

## मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका निर्माण गर्दा सोह्रौं योजना (आ.व.२०८१/८२-२०८५/८६) मा उल्लिखित सोच, उद्देश्य, समष्टिगत रणनीति तथा रूपान्तरणका क्षेत्र, सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त तथा प्राथमिकता र दिगो विकास लक्ष्यको मार्गचित्र एवम् समष्टिगत आर्थिक स्थायित्व, विनियोजन कुशलता र अनुमान योग्यतालाई मुख्य आधार लिइएको छ । हरेक क्षेत्रमा सुशासन कायम गरी वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, उच्च आर्थिक वृद्धि, जनताको जीवनस्तरमा सुधार तथा समृद्धि र सामाजिक न्यायका लागि विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने विषयलाई जोड दिइएको छ । समष्टिगत नतिजा खाकामा उल्लेखित लक्ष्यका साथै विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्च अनुमान गरिएको छ ।

मध्यमकालीन स्रोत अनुमान गर्दा राजस्व परिचालनको विगतको प्रवृत्ति, आगामी आर्थिक वर्षको सम्भावित परिदृष्य, वैदेशिक स्रोत परिचालनमा हुँदै आएको क्रमिक न्यूनता र आन्तरिक एवं बाह्य ऋण भुक्तानिको चाप एवम् आयात व्यवस्थापन तथा मूल्यस्तरमा स्थिरता कायम गर्दा पर्नसक्ने असर तथा प्रभाव, स्रोतको प्राथमिकीकरण र पुनःप्राथमिकीकरणको आवश्यकता लगायतका पक्षलाई विशेष ध्यान दिइएको छ । संघबाट संकलन भएको मूल्य अभिवृद्धि कर, आन्तरिक उत्पादनमा आधारित अन्तःशुल्क र रोयल्टीतर्फको राजस्व, अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा रहेको प्रावधान बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने रकम घटाएर मात्र संङ्घीय राजस्व अनुमान गरिएको छ । वैदेशिक सहायता अनुमान गर्दा दातृ राष्ट्र वा संस्थासँग भएको सम्झौता वा प्रतिबद्धतालाई आधार लिइएको छ । नेपाल सरकारले लिन सक्ने आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको निर्धारित सीमाभित्र राखिएको छ ।

माथि उल्लिखित आधारमा आगामी तीन वर्षको कुल विनियोजन प्रचलित मूल्यमा रु. ६३ खर्ब ५५ अर्ब रहने प्रक्षेपण गरिएको छ । यस मध्ये चालु खर्च

रु. २५ खर्ब ५२ अर्ब १६ करोड र पुँजीगत खर्च रु. १२ खर्ब ५४ अर्ब ५४ करोड बाँडफाँट हुनेछ । वित्तीय व्यवस्था र वित्त हस्तान्तरणतर्फ क्रमशः रु. १२ खर्ब ९५ अर्ब ५३ करोड र १२ खर्ब ५२ अर्ब ७७ करोड बाँडफाँट गर्नुपर्ने अनुमान गरिएको छ । त्यसैगरी स्रोत परिचालनतर्फ राजस्वबाट रु. ४४ खर्ब १ अर्ब ६० करोड, वैदेशिक सहायताबाट रु. ९ खर्ब ४६ अर्ब ४० करोड र आन्तरिक ऋणबाट रु. १० खर्ब ७ अर्ब व्यहोरिने छ । राष्ट्रिय स्रोत अनुमान समितिको निर्णयबाट निर्धारित कुल स्रोतलाई तीन वर्षका लागि मन्त्रालय तथा निकायगत रुपमा बाँडफाँट गरी खर्च सीमा र मार्गदर्शनसहित राष्ट्रिय योजना आयोगबाट तत् तत् मन्त्रालय वा निकायमा प्रेषित गरिएकोमा सम्बन्धित निकायले आयोजना तथा कार्यक्रम अनुसार आवश्यक पर्ने खर्चको त्रिवर्षीय अनुमानसहित माग गरी पठाएको रकम राष्ट्रिय स्रोत अनुमान समितिले निर्धारण गरेको सीमा भन्दा कम देखिएको छ । आ.व. २०८१/८२, आ.व. २०८२/८३ र आ.व.२०८३/८४ मा क्रमशः रु. ३४ अर्ब ४२ करोड, रु. ११ अर्ब ६९ करोड र रु. २५ अर्ब २ करोड रकम कम माग भएको छ । यस अनुसार स्रोत तथा खर्च अनुमान तयार गरी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८.५: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (प्रचलित मूल्यमा)**

| क्र. सं. | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| **विनियोजन** | | | | | | |
| १ | चालु खर्च | ५९४१४६४ | ६८५७०३७ | ७३१७८७६ | ८५९७००४ | ९३७८७६१ |
| २ | पुँजीगत खर्च | २३४६२४८ | २१५३०६६ | ३५२३५४० | ३८८२०८३ | ५३५९०९७ |
| ३ | वित्त हस्तान्तरण | ३९७३६०३ | ३८१७९२८ | ४०८८७६९ | ४२३५००० | ४८७०२०० |

| क्र. सं. | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ को अनुमान | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| ३.१ | प्रदेश | ९९६६४३ | ९७९४९१ | ९६४५०८ | ११११२२०० | १२७९००० |
| ३.२ | स्थानीय | २९७६९६० | २८३८४३७ | ३१२४२६१ | ३१२२८०० | ३५९१२०० |
| ४ | वित्तीय व्यवस्था | १९५१९४४ | २४७५५२६ | ३६७२८४५ | ४१६८०१८ | ४६९१७७३ |
| **जम्मा** | | **१४२१३२५९** | **१५३०३५५७** | **१८६०३०३०** | **२०८८२१०५** | **२४२९९८३१** |
| **स्रोत** | | | | | | |
| १ | राजस्व | ८९०४०३७ | १११०५६५९ | १२६०३०३० | १४६२६६८४ | १७०३२३९७ |
| २ | वैदेशिक अनुदान | २३३८३९ | ३४३४५६ | ५२३२६५ | ५७७९४६.८१ | ७०२८८७.४२ |
| ३ | वैदेशिक ऋण | ११६१८७५ | १४५४४४२ | २१७६७३५ | २३२७४७४.०२ | २७९४५४६.५९ |
| ४ | आन्तरिक ऋण | २४८७३८३ | २४००००० | ३३००००० | ३३५०००० | ३७७०००० |
| **जम्मा** | | **१२७८७१३४** | **१५३०३५५७** | **१८६०३०३०** | **२०८८२१०५** | **२४२९९८३१** |
| **बचत/न्यून** (+/-) | | **-१४२६१६५** | **०** | **०** | **०** | **०** |

*पुनश्चः* प्रदेश र स्थानीय तहमाहुने वित्त हस्तान्तरणको रकममा सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्वको परिमाण समावेस गरिएको छ ।*

*** सङ्घीय विभाज्य कोषबाट प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व तथा प्रदेश र स्थानीय तहका अधिकार क्षेत्रभित्र परिचालन हुने राजस्व रकम समावेश गरिएको छैन ।*

स्रोत परिचालनतर्फ अर्थतन्त्रको अवस्था तथा खर्च आवश्यकताको आधारमा नेपाल सरकारको वित्तीय दायरा (Fiscal space) लाई समेत मध्यनजर गरी स्रोत अनुमान तथा प्रक्षेपण गरिएको छ । आगामी तीन आर्थिक वर्षमा स्रोततर्फ औसत १७.१ प्रतिशतको वृद्धिदर हासिल हुन सक्ने अनुमान तथा प्रक्षेपण गरिएको छ । माथि उल्लिखित बजेट अनुमान तथा प्रक्षेपणका आधारमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा नेपाल सरकारको बजेटको तुलना तालिकामा प्रस्तुत गरिएको छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बजेटको आकार सामान्य रूपमा बढ्न गए तापनि आन्तरिक ऋण बान्छित सीमाभित्रै रहने अनुमान छ ।

**अन्तरसरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण**

प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१३ र २.१४ मा प्रस्तुत गरिएको छ । वित्त हस्तान्तरणका लागि आ.व. २०८१/८२ मा रु. ४ खर्ब ८ अर्ब विनियोजन भएको तथा आ.व. २०८२/८३ मा रु. ४ खर्ब २३ अर्ब र आ.व. २०८३/८४ मा रु. ४ खर्ब ७० अर्ब प्रक्षेपण गरिएको छ । यस अनुसार आ.व. २०८०/८१ को विनियोजन र तत् पश्चातका दुई वर्षको प्रक्षेपण निम्न तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८.६: प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण**

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपूरक अनुदान | विशेष अनुदान | कुल हस्तान्तरण |
|---|---|---|---|---|---|
| आ.व २०८१/८२ को विनियोजन | १४८०००० | २३४७७६९ | १३२००० | १२९००० | ४०८८७६९ |
| आ.व २०८२/८३ को प्रक्षेपण | १७३३४५० | २२१४४५० | १४५२०० | १४१९०० | ४२३५००० |

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | समपूरक अनुदान | विशेष अनुदान | कुल हस्तान्तरण |
|---|---|---|---|---|---|
| आ.व. २०८३/८४ को प्रक्षेपण | २१५९५०१ | २३८०५३४ | १६६९८० | १६३१८५ | ४८७०२०० |

**तालिका नं. ८.७: प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण**

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरन अनुदान | सशर्त अनुदान | समपूरक विशेष अनुदान | विशेष अनुदान | कुल हस्तान्तरण |
|---|---|---|---|---|---|
| **प्रदेश** | | | | | |
| आ.व. २०८१/८२ को विनियोजन | ६००००० | २५८५०८ | ६२००० | ४४००० | ९६४५०८ |
| आ.व. २०८२/८३ को प्रक्षेपण | ६७५२४५ | ३२०३५५ | ६८२०० | ४८४०० | १११२२०० |
| आ.व. २०८३/८४ को प्रक्षेपण | ८००५२८ | ३४४३८२ | ७८४३० | ५५६६० | १२७९००० |
| **स्थानीय तह** | | | | | |
| आ.व. २०८०/८१ को | ८७३५२९ | १९१८९४७ | ७०४५७ | ८७२६९ | २९५०२०२ |

| अनुमान तथा प्रक्षेपण | वित्तीय समानीकरन अनुदान | सशर्त अनुदान | समपूरक विशेष अनुदान | विशेष अनुदान | कुल हस्तान्तरण |
|---|---|---|---|---|---|
| संशोधित अनुमान | | | | | |
| आ.व. २०८१/८२ को विनियोजन | ८८००००० | २०८९२६१ | ७०००० | ८५००० | ३१२४२६१ |
| आ.व. २०८२/८३ को प्रक्षेपण | १०५८२०५ | १८९४०९५ | ७७००० | ९३५०० | ३१२२८०० |
| आ.व. २०८३/८४ को प्रक्षेपण | १३५८९७३ | २०३६१५२ | ८८५५० | १०७५२५ | ३५९१२०० |

## अनुसूची-९

## आर्थिक वर्ष २०८१/८२ को विकास कार्यक्रम तथा बजेटको बाँडफाँट

आर्थिक वर्ष २०८१ ८२ मा सञ्चालन हुने साधारण खर्च तथा विकास आयोजना र/ कार्यक्रमका लागि बजेट रप्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने अनुदानको बाँडफाँट देहायअनुसार रहेको छ ।

### क. साधारण तथा विकास कार्यक्रम विनियोजित बजेट

आ/२०८१ .व.८२ को लागि प्रस्तावित बजेटको साधारण खर्च तथा विकास कार्यक्रम अनुसारको विनियोजित रकम देहायको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ९.१: साधारण तथा बिकास बजेट रकम (लाखमा .रू)**

| क.सं. | खर्च | २०७९/८०को यथार्थ | | २०८०/८१को संशोधित अनुमान | | २०८१/८२ को विनियोजन | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | बिकास कार्यक्रम | ३४०११०५.३७ | २३.५७ | ३३०४०५३.६ | २०.११ | ४५३८८८१ | २४.४ |
| २ | साधारण | ११०२६१११.४२ | ७६.४३ | १३१२७७३९.१८ | ७९.८९ | १४०६४१४९ | ७५.६ |
| ३ | जम्मा(१ र २) | १४४२७२१६.७९ | १००.० | १६४३१७९२.७९ | १००.० | १८६०३०३० | १००.० |

### ख. खर्चका आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

आ व २०८१/८२ को लागि प्रस्तावित विकास कार्यमा विनियोजित बजेटको चालु खर्च, पुंजीगत खर्च र वित्तीय व्यवस्थाको लागि रकमको बाँडफाँट सम्बन्धी विवरण निम्न तालिका मा उल्लेख गरिएको छ । विकास कार्यक्रममा साधारण खर्च तथा प्रदेश र स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण तथा सशर्त अनुदान समावेश गरिएको छैन ।

**तालिका नं. ९.२: चालु, पुँजीगत र वित्तीय व्यवस्थाको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट (लाखमा .रू)**

| क.सं. | खर्च | बजेट | |
|---|---|---|---|
| | | रकम | प्रतिशत |
| १ | चालु खर्च | ११५८९०० | २५.५३ |
| २ | पुँजीगत खर्च | २८०६११३ | ६१.८२ |
| ३ | वित्तीय व्यवस्था | ५७३८६८ | १२.६४ |
| | जम्मा | ४५३८८८१ | १००.० |

### ग. संरचनात्मक रूपान्तरणका क्षेत्रको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट

सोह्रौं योजनाका संरचनात्मक रूपान्तरणका क्षेत्रको आधारमा विनियोजित बजेटको विवरण तालिका ३३ मा उल्लेख गरिएको छ. । सोको विषय क्षेत्रगत आधारमा विनियोजित बजेटको विस्तृत विवरण अनुसूची ३३ मा उल्लेख गरिएको छ. । संरचनात्मक रूपान्तरणका क्षेत्रको आधारमा बजेट अनुमान तयार गर्दा प्रदेश र स्थानीय तहमा प्रदान गरिएको समपूरक अनुदान तथा विशेष अनुदानलाई समावेश गरिएको छैन ।

**तालिका नं. ९.३: संरचनात्मक रूपान्तरणका क्षेत्रको आधारमा विकास कार्यक्रमको विनियोजित बजेट (लाखमा .रू)**

| संकेत | संरचनात्मक रूपान्तरणको क्षेत्र | कार्यक्रम/ आयोजना संख्या | बजेट | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| २ | समष्टिगत आर्थिक आधारहरुको सबलीकरण र उच्च आर्थिक वृद्धि | ६ | ४३०६९ | ०.९५ |
| ३ | उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | ४७ | ५६३९४० | १२.४२ |

| संकेत | संरचनात्मक रूपान्तरणको क्षेत्र | कार्यक्रम/ आयोजना संख्या | बजेट | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| ४ | उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा | २ | ३३२९ | ०.०७ |
| ५ | स्वस्थ, शिक्षित र सिपयुक्त मानव पुँजी निर्माण | ४८ | ५८६७८० | १२.९३ |
| ६ | गुणस्तरीय पूर्वाधार एवम् एकीकृत यातायात व्यवस्था प्रणाली | १३५ | २४९२४४२ | ५४.९१ |
| ७ | आधुनिक, दिगो र व्यवस्थित शहरीकरण तथा बस्ती विकास | ३६ | ७०८४७९ | १५.६१ |
| ९ | प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको शुद्धीकरण र सन्तुलित विकास | १ | १८०३८ | ०.४ |
| १२ | शासकीय सुधार तथा सुशासन प्रवर्द्धन | १३ | ७३३७९ | १.६२ |
| १३ | जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र | २ | ४९४२५ | १.०९ |
| | जम्मा | २९० | ४५३८८८१ | १००.० |

## ३.३ आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाको विवरण

आर्थिक वर्ष२०८१/८२ मा विभिन्न मन्त्रालय, कार्यालय तथा निकायहरू अन्तर्गत विकास कार्यक्रमआयोजनाको प्राथमिकताक्रम/, संरचनात्मक रूपान्तरणको क्षेत्र, लैंगिक संकेत, दिगो विकास लक्ष्य संकेत र जलवायु संकेत अनुसारको संख्यात्मक विवरणनिम्न तालिकामा दिइएको छ ।

## राष्ट्रिय गौरवका आयोजना

नेपाल सरकारले आ.व. २०६८/६९ देखि मुलुकको आर्थिक सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने ठूला पूर्वाधार निर्माण र संस्कृति एवम् वातावरण संरक्षण सम्बन्धी रणनीतिक महत्वका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रूपमा कार्यान्वयनमा ल्याएको छ । राष्ट्रिय गौरवका आयोजनाको लागि आ.व. २०८१/८२ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण निम्न तालिकामा प्रस्तुत गरिएको छ । यी आयोजनाको लागि आ.व. २०८१/८२ मा रु. ६० अर्ब ९० करोड ६० लाख विनियोजन भएको तथा आ.व. २०८२/८३ मा रु. ६० अर्ब ८० करोड ६२ लाख र आ.व. २०८३/८४ मा रु. ८३ अर्ब ८४ करोड ४७ लाख खर्च आवश्यक पर्ने प्रक्षेपण गरिएको छ ।

**तालिका नं. ९.४: राष्ट्रिय गौरवका आयोजनाको मध्यमकालीन बजेट अनुमान तथा प्रक्षेपण .रू) (लाखमा**

| क्र.स. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को विनियोजन | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| १ | ३२५५१०११ | पशुपति क्षेत्र विकास कोष | २२६२ | २१०० | २१०० | २४०० | २६१९ |
| २ | ३२५५१०१२ | लुम्बिनी विकास कोष | १४६०६ | ४५०० | ४५०० | ५१४४ | ५६१३ |
| ३ | ३१३००१०१ | मेलम्ची खानेपानी आयोजना | ५८२३.१९ | ५०८३ | ५०१९ | ५६५० | ५८०० |
| ४ | ५०१२५१०५ | दोस्रो अन्तर्राष्ट्रिय | ० | ३५०० | २५५२ | ० | ० |

| क्र.स. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को विनियोजन | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | | विमानस्थल निजगढ, बारा | | | | | |
| ५ | ३०८०३११२ | बबई सिंचाइ आयोजना | १५२१५.६१ | ७११६.१ | १७९८१ | १३३८२.७९ | १३७८४.२७ |
| ६ | ३०८०३११३ | महाकाली सिंचाइ आयोजना (कन्चनपुर) | १२४४३.५८ | १२५१० | २००५१ | १७१९५.८५ | १७७११.७२ |
| ७ | ३०८०३११६ | सिक्टा सिंचाइ आयोजना | ८८५८.९४ | ७९२५.४ | १६००१ | १३९१५.३ | १४३३२.७६ |
| ८ | ३०८०३११९ | रानी जमरा कुलरिया सिंचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | १८६३३.५६ | २३८८९.६ | २८७९० | २२४५९.१५ | २३१३२.९२ |
| ९ | ३०८०३१२० | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १०९७४.३ | १६०२४.५ | २०००१ | १३७८१.४ | १४१९४.८५ |
| १० | ३०८०३१२४ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | ५३९३५.४३ | ६५६९४.७४ | ३१२४१ | २५३४५.२१ | २६१०५.५६ |

| क्र.स. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को विनियोजन | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| ११ | ३३७००१०१ | काठमांडौ-तराई मधेश फाष्ट ट्र्याक | १४९४१८ | १७९८३८ | २२५४९३ | ३११२६० | ४३७६६४ |
| १२ | ३३७०१११४ | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ६००११.८७ | ४८९६२.१४ | ३६८५४ | २९३७९ | ४८५६५ |
| १३ | ३३७०१११८ | उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | ३८५९३.७५ | ४१०५९.१५ | ४४३०१ | ५०२५० | ८३५७६ |
| १४ | ३३७०११२८ | हुलाकी राजमार्ग (पुलहरु समेत) | ६९०४९.८३ | ५९४६६.२२ | ३३०७१ | ३०३६० | ५०२१० |
| १५ | ३३७०२१०१ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | २९५५५.१२ | २०२४५.४८ | ३२००२ | ४३५४० | ६४११८ |
| १६ | ३२९००१०४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १९७६४.२९ | १०७०९ | १०५०३ | १८००० | २४००० |
| १७ | ५०१०८१३१ | बुढी गण्डकी जलविद्युत | १३३८२.१८ | ९००० | ५००० | ६००० | ७०२० |

| क्र.स. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को विनियोजन | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|
| | | कम्पनि लिमिटेड | | | | | |
| १८ | ३०५००१०८ | प्रसारण लाइन आयोजना (मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल*) | - | - | १३३६०० | - | - |
| १९ | - | पश्चिम सेती जलविद्युत आयोजना# | - | - | - | - | - |
| | | कुल | ५२२५२७.६५ | ५१७६२३.३४ | ६६९०६० | ६०८०६२.७ | ८३८४४७.०८ |

*अर्थ * मन्त्रालयले कार्यक्रमगत बजेट प्रविष्टि नगरेको ।*

*# बजेट विनियोजन नभएको ।*

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं